सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ पुस २०८०, आइतबार (24 Dec 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विमानस्थलको सुरक्षा सुदृढीकरणसम्बन्धी प्रतिवेदन

तीन महिनादेखि प्रधानमन्त्री कार्यालयमा



अन्तरनिकाय समन्वय र प्रविधिमा कमजोर हुँदा विमानस्थलको सुरक्षामा जोखिम, आगमन कक्षमा प्रहरीलाई निषेध

(विस्तृत पृष्ठ ३)

विश्वविद्यालय सुधारको निर्णायक धक्का



देशले भोगिरहेको आर्थिक गुलामीको दुश्चक्रबाट निस्कन र विश्वविद्यालय शिक्षा सुधारको जन्जिर तोड्न अबको पुस्ताले निर्णायक धक्का दिन जरुरी छ

(डा. ध्रुव बी. खड्काको लेख । पृष्ठ ४)

युक्रेन युद्धबाट मुनाफा कमाइरहेको चीन



रुससँग चीनको व्यापार यस वर्ष दुई सय अर्ब डलर नाघेको छ, कार तथा ट्रक निर्माता सबैभन्दा ठूला विजेता देखिएका छन्

(विस्तृत पृष्ठ ५)

अर्थ पत्रिका

नेपाल-भारत दोस्रो अन्तरदेशीय प्रसारणलाइन

भारतमा सकियो तयारी, नेपालमा अन्योल



यसकारण नेपाल खण्डको निर्माण अन्योल

■ डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल विवाद

शीर्ष नेता गुहार्ने उद्योगीहरूको तयारी

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि अनावश्यक आर्थिक भार थुपार्दै श्रममन्त्री

रोजगारीमा जानुअघि लिने अभिमुखीकरण तालिम शुल्क चार गुणा बढाएका श्रममन्त्री शरत्सिंह भण्डारीले सिकर्मी, डकर्मी, प्लम्बरलगायत काममा जाने श्रमिकलाई पनि ३५-४० हजार भार थपिने गरी अंग्रेजी भाषा अनिवार्य गराए, कोरिया जाने श्रमिकलाई मासिक करिब पाँच हजार तिर्नुपर्ने एलजीको पोस्टपेड सिम अनिवार्य

श्रममन्त्री शरत्सिंह भण्डारी भन्छन्-

मन्त्रालयले गरेका निर्णय नेपाली कामदारको हितमा छन्

मन्त्रालयले गरेका सबै निर्णय नेपाली कामदारको हितका लागि हो । कोरिया जाने कामदारका लागि एलजी युप्लसको पोस्टपेड सिमको विषयमा निर्णय नै भएको छैन । भाषा परीक्षा भने प्रक्रियामा छ । मन्त्रालयले विभिन्न मुलुकमा रहेका राजदूतलाई बोलाएर छलफल गरेको थियो । छलफलले ४७ वटा निर्णय गरेको छ । सोही निर्णयअनुसार हामी काम गर्दै छौं ।

अंग्रेजी भाषा परीक्षा स्वीकार्य छैन



● **राजेन्द्र भण्डारी**, अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

दक्ष र अर्धदक्ष कामदारको दक्षता महत्त्वपूर्ण हो । अंग्रेजी भाषा नै पोख्त हुनुपर्छ भन्ने छैन । यस्ता कामदारलाई पनि भाषा परीक्षा अनिवार्य गरियो भने दक्ष र अर्धदक्ष कामदार पनि अदक्ष श्रमिकका रूपमा रोजगारीमा जान्छन् । दक्ष र अर्धदक्ष कामदार पनि अदक्षमा गएपछि पाउने पारिश्रमिक पनि कमी हुन्छ । यसले प्रत्यक्ष रूपमा रेमिट्यान्समा पनि प्रभाव पार्छ । त्यसैले मन्त्रालयको यो निर्णय हामीलाई स्वीकार्य छैन । कुनै पनि हालतमा यो कार्यान्वयन हुन सक्दैन ।

मुना कुँवर/नयाँ पत्रिका

ऋण काढेर विदेशमा श्रम बेच्न जान बाध्य विपन्न श्रमिकलाई राहतका प्याकेज ल्याउनुपर्ने श्रममन्त्री शरत्सिंह भण्डारीले उल्टै एकपछि अर्को अनावश्यक आर्थिक भार थुपारेका छन् । पूर्वप्रस्थान अभिमुखीकरण तालिम शुल्क सात सयबाट दुई हजार आठ सय रुपैयाँ पुऱ्याएका उनले दक्ष र अर्धदक्ष श्रमिकलाई अंग्रेजी भाषा बाध्यकारी गराउनेदेखि इपिएस कोटामा कोरिया जाने श्रमिकलाई एलजीको पोस्टपेड सिम अनिवार्य गराएर अतिरिक्त आर्थिक भार लगाएका हुन् ।

■ 'फ्री भिसा, फ्री टिकट'मा पनि श्रमिक लुट्ने तयारी

मन्त्री भण्डारीले मन्त्रिपरिषद् र सरोकारवाला पक्षलाई

» पृष्ठ २ मा क्रमशः

■ श्रमिकलाई व्ययभार थपिने गरी भएका निर्णय

१ कोरिया जाने कामदारले त्यहाँको एलजी युप्लस दूरसञ्चार कम्पनीको पोस्टपेड सिम अनिवार्य लिनुपर्ने

● कामदारले कोरिया बसाइ अवधिभर प्रतिमहिना न्यूनतम ४७ हजार ओन (शनिबारको दररेटअनुसार चार हजार ८१४ रुपैयाँ) बुझाउनुपर्ने । यो निर्णय कार्यान्वयनमा आए प्रतिकामदार वार्षिक झन्डै ५८ हजार अतिरिक्त भार पर्ने ।

● सोही कम्पनीको प्रिपेड सिमकार्ड प्रयोग गर्ने कामदारले मासिक पाँच सय रुपैयाँ मात्रै भुक्तानी गरे पुग्छ । कोरियामा रोजगारी गर्दै आएका पृथ लिम्बूले पोस्टपेडभन्दा प्रिपेड सिमकार्ड बढी उपयोगी हुने र आफूले मासिक अधिकतम एक हजार नेपाली रुपैयाँबराबरको रिचार्ज गर्दा पुगेको बताए ।

● मन्त्रिपरिषद् र सरोकारवाला पक्षलाई छलेर मन्त्री भण्डारीले चार महिनाअघि गरेको मन्त्रीस्तरीय निर्णय कार्यान्वयन नगर्ने कोरियास्थित नेपाली दूतावास र श्रम विभागको जवाफ । मन्त्रालयले यही निर्णय यसअघि वैदेशिक रोजगार विभागमा पठाएकोमा विभागबाट पनि तीनपटकसम्म फाइल मन्त्रालयमै फिर्ता । निर्णय कार्यान्वयनका लागि अहिले मन्त्रालयले इपिएस कोरिया शाखालाई पठायो पत्र ।

२ अर्धदक्ष र दक्ष कामदारलाई क्याम्ब्रिजबाट अंग्रेजी भाषा परीक्षा अनिवार्य

● श्रममन्त्री भण्डारीले सबैभन्दा धेरै संख्यामा वैदेशिक रोजगारीमा जाने दक्ष र अर्धदक्ष कामदारलाई लक्षित गरी उनीहरूले क्याम्ब्रिजबाट अंग्रेजी भाषा परीक्षा अनिवार्य उत्तीर्ण गर्नुपर्ने निर्णय पनि गराएका छन् । भाषा परीक्षाको शुल्क ७५ डलर (शनिबारको दररेटअनुसार ९९७५ रुपैयाँ) तोकिएको छ । क्याम्ब्रिजबाट अंग्रेजी भाषा परीक्षा उत्तीर्ण गर्न उनीहरूले इन्स्टिच्युटमा भाषा कक्षा लिनुपर्ने हुन्छ । भाषा सिक्दा उनीहरूलाई अनुमानित २५-३० हजार रुपैयाँ भार थपिनेछ ।

● वैदेशिक रोजगार विभागले कामदारलाई उच्च दक्षता, व्यावसायिक, अर्धदक्ष, दक्ष र अदक्ष गरी पाँच वर्गमा विभाजन गरेकोमा अर्धदक्ष र दक्ष कामदारको हिस्सा मात्रै ७३.५४ प्रतिशत छ । अर्धदक्ष कामदार मात्रै कुल हिस्साको ६५.६९ प्रतिशत छ । विभागको ०७९/८० को तथ्यांकअनुसार ६० हजार ५५५ अर्धदक्ष र पाँच लाख ६ हजार ७४६ दक्ष श्रमिक वैदेशिक रोजगारीमा गएका छन् । मन्त्रालयको यो निर्णयसँगै अब ड्राइभर, सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बर, सेक्युरिटी गार्डलगायतले अंग्रेजी भाषा उत्तीर्ण गर्नुपर्छ ।

● वैदेशिक रोजगार ऐनबमोजिम व्यक्तिगत प्रयासमा जाने र पुनः श्रम स्वीकृति (पहिले एकपटक गएर फर्किएकाको हकमा)का लागि मन्त्रालयले यस्ता कुनै पनि निर्णय गर्न मिल्दैन । यसका लागि कानुन नै संशोधन आवश्यक हुन्छ । तर, मन्त्री भण्डारी आफूले गरेका निर्णय सबै कामदारकै हितमा रहेको दाबी गर्छन् । उनले दक्ष र अर्धदक्ष श्रमिकलाई अनिवार्य अंग्रेजी भाषाको विषय प्रक्रियामै रहेको बताए ।



३ श्रमिकले लिने अभिमुखीकरण तालिम शुल्क ७०० बाट २८०० पुऱ्याइयो

● वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डलाई नै जानकारी नदिई, सरोकारवालासँग छलफल नगरी मन्त्री भण्डारीले 'अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ संशोधन (पहिलो) गरेर शुल्क बढाए । कार्यविधिअनुसार निर्देशक समिति (बोर्डको निर्देशकको अध्यक्षतामा हुने)को सिफारिसमा बोर्डले निर्णय गर्नुपर्नेमा मन्त्रीस्तरीय निर्णयबाट नै कार्यविधि परिवर्तन गरे ।

४ निर्देशिका स्वीकृत नहुँदै इ-सेभेन भिसामा कामदार कोरिया पठाउन मन्त्रालय सक्रिय

● इ-सेभेन भिसामा कोरिया पठाउन एक हजार कामदारका लागि मागपत्र प्रमाणीकरणका लागि मन्त्रालयमा निवेदन आएकोमा निर्देशिका नबन्दै मन्त्रालयले कारबाहीको क्रममा रहेको भन्ने व्यहोरोको पत्र जारी गरेको छ । सोही पत्र देखाउँदै प्रतिव्यक्ति १० देखि १५ लाखसम्म उठाउन थालिएको छ ।

● उद्योग मन्त्रालयले अनुमति दिएर म्यानपावर व्यवसायीले श्रमिक पठाउने प्रक्रियाको भिसा इ-सेभेन हो । अहिले सरकारले आफ्ना कामदार इपिएसमार्फत कोरिया पठाइरहेको भिसा इ-नाइन हो ।

● हाल इपिएसबाट कोरिया जाँदा प्रतिकामदार एक हजार ३२९ डलर (शनिबारको दररेटअनुसार एक लाख ७८ हजार) मात्र खर्च हुँदै आएको छ । इ-सेभेन भिसामै कामदार पठाउने हो भने पनि बढीमा तीन लाख खर्चमा जान सक्छन् । तर, यसका लागि कार्यविधि/निर्देशिका बनाएर मात्र लागू गर्नुपर्छ । सरोकारवालाले इ-सेभेनलाई हचुवाको भरमा प्रमाणीकरण गर्न थालिए इ-नाइन भिसा बन्द हुन सक्ने जोखिम औंल्याएका छन् ।

सम्पादकीय टिप्पणी

श्रमिकमाथिको अत्याचार रोक

जीविका चलाउन वैदेशिक रोजगारीमा जान विवश युवा टोलका दलालदेखि काठमाडौंका म्यानपावर र सरोकारवाला सरकारी अड्डामा मात्रै होइन, गन्तव्य देश पुग्दासम्म पनि ठगिने, लुटिने गरेकै थिए । तर, श्रमिकको अभिभावकीय जिम्मेवारी भएको श्रम मन्त्रालयका गतिविधिसमेत त्यसैतर्फ उद्यत् देखिनु दुःखद छ । मन्त्रालयका पछिल्ला केही निर्णय श्रमिकको हितविपरीत मात्रै छैनन्, उनीहरूलाई राज्यले नै हाकाहाकी 'लुट्न' खोजेको आभास दिलाउनेछन् ।

श्रममन्त्री शरत्सिंह भण्डारीको प्रत्यक्ष निर्देशनमा श्रमिकहरूले लिने अभिमुखीकरण तालिमको शुल्क ७०० बाट २८०० पुऱ्याइयो, त्यो पनि प्रक्रिया मिचेर । मन्त्रीस्तरीय निर्णयबाट अर्धदक्ष र दक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गर्ने निर्णय गरिएको छ, जसले श्रमिकमाथि अतिरिक्त ३५-४० हजार भार थपिन्छ । इपिएसमार्फत कोरिया जाने कामदारले त्यहाँको एलजी युप्लस दूरसञ्चार कम्पनीको पोस्टपेड सिम अनिवार्य लिनुपर्ने व्यवस्था मन्त्रालयले गरेको छ, जसबाट श्रमिकलाई वार्षिक आधा लाखभन्दा धेरै व्ययभार थपिएको छ । यी केही उदाहरण मात्रै हुन् ।

मन्त्री भण्डारीले श्रमिकको हितविपरीत गरिरहेका एकपछि अर्को निर्णयबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जानकार छैनन् वा अनदेखा गरिरहेका छन् ? उनी रमिते बनेका हुन् भने श्रमिकमाथि भइरहेको यो अपराधको भागीदार भविष्यमा उनी पनि बन्नेछन् । होइन भने नागरिकलाई देखिने गरी सहज सेवा उपलब्ध गराउने प्रतिबद्धता पटक-पटक गरिरहेका प्रधानमन्त्रीको सक्रिय हस्तक्षेप जरुरी छ । श्रमिकको हितविपरीत कार्य गर्ने जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउन हिच्किचाउनुहुन्न ।

लुम्बिनीमा दुई मन्त्री थपिए, मन्त्रिपरिषद् नौ सदस्यीय

दाङमा दीपक बोहरा

लुम्बिनी प्रदेश सरकारमा दुईजना मन्त्री नियुक्त भएका छन् । मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले शनिबार माओवादीका कृष्णा केसी खानेपानी, ग्रामीण तथा सहकारी विकास र काग्रेसका सरोज थापा पर्यटन तथा यातायात व्यवस्थामन्त्रीमा नियुक्त गरेका हुन् । केसी र थापालाई आइतबार बुटवलस्थित प्रदेश प्रमुखको कार्यालय मन्त्री पदको शपथग्रहण गराउने कार्यक्रम छ ।



सरोज थापा, पर्यटनमन्त्री



कृष्णा केसी, खानेपानीमन्त्री

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आफैंसँग राखे वन मन्त्रालय

यसअघि शुक्रबार मन्त्रिपरिषद् विस्तार गर्ने भनिए पनि कांग्रेसभित्र सहमति जुट्न नसक्दा रोकिएको थियो । तर, अन्ततः संस्थापन पक्षका थापा मन्त्री बनेका हुन् ।

सात महिनाअघि गठन भएको प्रदेश सरकारमा यसअघि ६ मन्त्री मात्र थिए । चौधरी १४ वैशाखमा मुख्यमन्त्री बनेका थिए । हाल आएर दुई मन्त्री थप्दा पनि वन तथा वातावरण मन्त्रालय खाली छ । तर, वन मन्त्रालय मुख्यमन्त्री चौधरीले राख्ने तय भएको लुम्बिनीका अर्थमन्त्री धनबहादुर मास्कीले जानकारी दिए ।

सरकारी कार्यालयहरूले पनि सामाजिक सञ्जाल चलाउनुपर्ने

निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत, यसअघि प्रतिबन्ध लगाइएको टिकटकलाई पनि निर्देशिकाले समेट्यो

निर्देशिकाले सामाजिक सञ्जालको परिभाषामा फेसबुक, मेसेन्जर, ट्विटर, भाइबर, इन्स्टाग्राम, युट्युब, गुगलप्लस, ह्वाट्सएप, इमो, टिकटक, विच्याट, स्न्यापच्याटलगायत अन्तर्क्रियात्मक प्रकृतिका विद्युतीय माध्यममा सञ्चालित सञ्जालहरूलाई समेटेको छ ।

'सरकारी कार्यालयले सामाजिक सञ्जाल प्रयोग गर्नेसम्बन्धी निर्देशिका, २०८०'

● सरकारले प्रतिबन्ध लगाएको टिकटक पनि निर्देशिकामा समेटियो

● **युजर अकाउन्ट सञ्चार मन्त्रालयले प्रमाणीकरण गर्ने**

● पदाधिकारी वा कार्यालय प्रमुखको नाममा रहेको युजर पदबाट हटेपछि रद्द गर्नुपर्ने

● **सामाजिक सञ्जालमा आएका गुनासो सम्बोधन गर्नुपर्ने**

● व्यक्तिगत विचार राख्न नपाइने, आफ्नोबाहेकका सामग्रीको स्रोत दिनुपर्ने

● अन्तरकार्यालयसँग सहकार्य गर्ने गरी अन्तर्क्रियात्मक बनाउनुपर्ने

● तीनै तहमा लागू हुने, प्रधानमन्त्री कार्यालयले अनुगमन गर्ने

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले सूचना सम्प्रेषणका लागि सरकारी कार्यालयहरू आफैंले सामाजिक सञ्जाल चलाउनुपर्ने व्यवस्था गरेको छ । सामाजिक सञ्जाल सञ्चालनलाई व्यवस्थित गर्न मन्त्रिपरिषद्ले बिहीबार 'सरकारी कार्यालयले सामाजिक सञ्जाल प्रयोग गर्नेसम्बन्धी निर्देशिका, २०८०' जारी गरेको छ । केही समयअघि सरकारले प्रतिबन्ध लगाएको टिकटकलाई पनि निर्देशिकाले सामाजिक सञ्जालको परिभाषामा समेटेको छ ।

कतिपय सरकारी कार्यालयले सामाजिक सञ्जाल सञ्चालन गरिरहेका भए पनि धेरैजसो सक्रिय देखिँदैनन् । अधिकांशले सुरु नै गरेका छैनन् ।

सरकारी कार्यालयबाट सञ्चालन हुने सबै सामाजिक सञ्जालका माध्यमलाई व्यवस्थित बनाई सूचना तत्काल सम्प्रेषण गर्ने र नागरिकका गुनासा शीघ्र सम्बोधन गर्दै सुशासनको प्रत्याभूति गर्न भन्दै सरकारले निर्देशिका जारी गरेको हो ।

यो निर्देशिका जारी भएसँगै यसअघि कायम रहेको सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५ खारेज गरिएको छ ।

निर्देशिकाले सामाजिक सञ्जालको परिभाषामा फेसबुक, मेसेन्जर, ट्विटर, भाइबर, इन्स्टाग्राम, युट्युब, गुगलप्लस, ह्वाट्सएप, इमो, टिकटक, विच्याट, स्न्यापच्याटलगायतका अन्तर्क्रियात्मक प्रकृतिका विद्युतीय माध्यममा सञ्चालित सञ्जालहरूलाई

» पृष्ठ २ मा क्रमशः

चारपटक म्याद थप्दा पनि अधुरै दमक–चिसापानी सडक, ठेक्का तोड्ने तयारी

■ ३३ किलोमिटर सडक कालोपत्रे गर्न तीनवटा खण्डमा

एक अर्ब ३६ करोडको ठेक्का, डेढ किलोमिटर मात्र कालोपत्रे

झापामा चिरञ्जीवी घिमिरे

इलाम र पाँचथरको सिमाना चिसापानीदेखि झापाको दमकसम्म जोड्ने ३३ किलोमिटर दमक-चिसापानी (फाल्गुनन्द मार्ग) सडक एक वर्षअघि नै कालोपत्रे भइसक्नुपर्ने हो । तर, निर्माण कम्पनीले ढिलाइ गर्दा आधा मात्र काम सकिँदै छ । जनताको तीन दशकअघिको सडक सपना निर्माण कम्पनीका कारण अझै केही वर्ष ढिला मात्र पूरा हुने भएको छ ।

सडक डिभिजन कार्यालय दमकले यो सडक तीन खण्ड बनाएर कालोपत्रेका लागि करिब एक अर्ब ३६ करोडमा ठेक्का लगाएको छ । तर, सडक समयमा सम्पन्न हुँदा नागरिकले सास्ती व्यहोरिरहेका छन् । सडकको पहिलो खण्डअन्तर्गत दमकको प्वाइन्टदेखि सात किलोमिटर सडक निर्माण सुरु भएको ३० महिनाभित्र सक्ने गरी २ ९ साउन ०७५ मा २२ करोड ५९ लाखमा महालक्ष्मी-

» पृष्ठ २ मा क्रमशः



झापाको दमक, इलामको माडसेबुङ, चुलाचुलीलगायत क्षेत्रमा तीन दशकदेखि चुनावी एजेन्डा बन्दै आएको निर्माणाधीन दमक-चिसापानी सडकको चारपटक म्याद थप्दा पनि सन्तोषजनक काम नभएपछि सडक डिभिजन कार्यालय दमक ठेक्का तोड्ने तयारीमा पुगेको छ । 'काम सन्तोषजनक छैन । एक-दुईजना कामदार लगाएर काम भइरहेको छ । हामी तीनवटै खण्डको ठेक्का तोड्नेतिर अघि बढिसकेका छौं,' सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर गौतम देवले भने, 'मन्त्रिपरिषद्ले निर्णय गरेर म्याद थप गऱ्यो भने छुट्टै कुरा हो । सडकले अब म्याद थप्न सक्दैन ।' तीनवटै प्याकेजको म्याद पुस अन्तिममा सकिँदै छ ।

भिजिट भिसामा मानव तस्करी गर्ने ट्राभल एजेन्सी सञ्चालक पक्राउ

काठमाडौं / नक्कली कागजात बनाई भिजिट भिसामा विदेश पठाई मानव तस्करी गर्न सघाउने ट्राभल्स एजेन्सीका सञ्चालक विनोद कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले भिजिट भिसामा विदेश जान लागेका युवायुवतीको शंकास्पद कागजातसहित राहदानी प्लस टूको सर्टिफिकेट, श्रम स्वीकृति, प्रहरी रिपोर्टलगायत कागजातमाथि आशंका गर्दै प्रहरीलाई सूचना दिएको थियो।

सोही आधारमा एजेन्ट, कन्सलटेन्सी, ट्राभल्स एजेन्सीहरूले एयरलाइन्सलाई प्रतिव्यक्ति दश देखि १५ हजारसम्म र अध्यागमनलाई प्रतिव्यक्ति ४० देखि ५५ हजारसम्म सेटिङ मिलाई विदेश पठाउने खुल्न आएको थियो। यसरी मिलाउन संलग्न भएको आरोपमा ट्राभल्स कार्कीलाई प्रहरीले बल्खुबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी परिसर टेकु पठाएको जनाएको छ।

राष्ट्रिय आविष्कार केन्द्रलाई बागमतीको सहयोग

काठमाडौं / राष्ट्रिय आविष्कार केन्द्रलाई बागमती बोर्डिङ सेकेन्डरी स्कुलले २५ हजार रुपैयाँ सहयोग गरेको छ। स्कुलको छैटौं विज्ञान तथा शैक्षिक प्रदर्शनीका क्रममा आविष्कार केन्द्रका संस्थापक महावीर पुनलाई विद्यालयका संस्थापक डा. सुरेन्द्र सिटौला, निर्देशक अस्मिन सिटौला र संरक्षक सुभद्रा सिटौलाले संयुक्त रूपमा उक्त रकम हस्तान्तरण गरेका हुन्।



कार्यक्रममा स्कुलका संस्थापक डा. सुरेन्द्र सिटौलाले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश विकास र जनताको भलाइका निम्ति लाग्ने पुनको सादा जीवन र उच्च विचार सबैका निम्ति अनुकरणीय रहेको बताए। सूचना र प्रविधिमार्फत देश विकासका सम्भावनाहरूको खोजी गर्ने उद्देश्यले स्थापित राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक स्वयं संस्था चलाउन आफ्नो पदक लिलाममा राख्ने र आफ्ना पुस्तक आफैं बाटोमा बेचेर बस्ने परिस्थितिमा पुग्नु देशभक्त नागरिकका निम्ति लज्जाको विषय भएको सिटौलाले बताए।

प्रदर्शनीको उद्घाटन गर्दै पुनले देशका होनाहार युवा विदेश पलायन हुनेक्रम बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै यसतर्फ गम्भीर हुन सरकारलाई आग्रह गरे। सरकारले केही गरेन भन्नुभन्दा आफूले गरेर देखाउनुपर्छ भन्ने भावना युवामा जागृत भए देशको उन्नति हुने उनको भनाइ छ। जनताको दैनिक जीवन सहज बनाउने आविष्कार मात्र जीवन्त हुने भएकाले यस खालको चिन्तन र अध्ययनमा केन्द्रित हुन उनले विद्यार्थीलाई सुझाव दिए। विद्यार्थीले तयार पारेको रोबो रेस, रोबो वार, रोबो सकरलगायत आविष्कारबाट निकै प्रभावित भएको उनले बताए।

प्रदर्शनीमा रोबोटिक्ससँग सम्बन्धित २५, विज्ञानसँग सम्बन्धित ३५ र गणितसँग सम्बन्धित पाँच स्टल राखिएका थिए। विद्यालयका स्टिम ल्याब, कोडिङ क्लास, विज्ञान क्लबका कक्षा पाँचदेखि १२ सम्मका विद्यार्थीले तयार पारेका सामग्री प्रदर्शनीमा राखिएको विद्यालयका प्रधानाध्यापक श्यामदत्त अधिकारीले बताए। करिब तीन हजारजनाले प्रदर्शनीको अवलोकन गरेको बागमती कलेजका प्राचार्य विशाल पराजुलीले जानकारी दिए।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय : बिर्ल्याटें, इलाम
फोन नं. : ०२७-४१३००६

शाखा कार्यालय बिर्ल्याटें, इलामको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/०८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय बिर्ल्याटें, इलामबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०५/१८ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, इलाममा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७७/०९/०९ मा दर्ता नं. ४६७२/२०७७/०७८ कायम भई दर्ता भएको इलाम जिल्ला, इलाम न.पा. वडा नं. ४, जसबिरे, स्थित मां दुर्गा चिया तथा कृषि फर्म — प्रोप्राइटर: वल बहादुर राई

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दल बहादुर राईको बुहारी, वल बहादुर राईको पत्नी, मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स/न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **दुर्गा कुमारी राई (ना.प्र.प.न. ०५२०५५/४९६०, मोरङ्ग)**
२. खड्ग बहादुर राईको नाति, दल वहादुर राईको छोरा, इलाम जिल्ला, सुम्बेक गा.वि.स/न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **वल बहादुर राई (ना.प्र.प.नं. ०३०३६३/८३, इलाम)**
३. हैकम सिंह राईको नाति, गणेश कुमार राईको छोरा, मोर जिल्ला, सिजुवा गा.वि.स/न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **मधिन्द्र राई (ना.प्र.प.नं. ०५२०५५/१३५९६, मोरङ्ग)**

धितोमा रहेको सम्पतिको विवरण

बल बहादुर राईको नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, मलाते गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/ख) स्थित कित्ता नं. १६८ को क्षेत्रफल २६-१३-१-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय इलाममा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/११/०२ मा प्रा.फ.र.नं. १५३२/०७७/०७८ कायम भई दर्ता भएको इलाम जिल्ला, इलाम न.पा. वडा नं. ७, स्थित **रोजन सप्लायर्स**
प्रोप्राइटर: राधिका सापकोटा

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. देवी प्रसाद खनालको बुहारी, अर्जुन खनालको पत्नी, इलाम जिल्ला, सुलुवुङ गा.वि.स/न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **राधिका सापकोटा (ना.प्र.प.न ०३०३५३/४३४, इलाम)**
२. महानन्द खनालको नाति, देवी प्रसाद खनालको छोरा, इलाम जिल्ला, मंगलबारे गा.वि.स वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **अर्जुन खनाल (ना.प्र.प.नं.२४९, इलाम)**
३. महानन्द खनालको नाति, देवी प्रसाद खनालको छोरा, इलाम जिल्ला, मंगलबारे गा.वि.स/न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **नयन दिपक खनाल (ना.प्र.प.नं.०३-०१२-३/३१०, इलाम)**
४. देवी प्रसाद खनालको बुहारी, नयन दिपक खनालको पत्नी, इलाम जिल्ला, माईमझुवा गा.वि.स वडा नं. २, स्थित स्थायी ठेगाना भएको **खोमा देवी खतिवडा (ना.प्र.प.नं.०३-३१-७१-००२२८, इलाम)**

धितोमा रहेको सम्पतिको विवरण

१. **अर्जुन खनाल र नयन दिपक खनालको** संयुक्त नाममा मालपोत कार्यालय मंगलबारे, इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, मंगलबारे गा.वि.स./न.पा. वडा नं.७ (सिट नं. ७/ख) स्थित कित्ता नं. २७ को क्षेत्रफल १८-५-१-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **अर्जुन खनालको** नाममा मालपोत कार्यालय मंगलबारे, इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, मंगलबारे गा.वि.स./न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ३७६ को क्षेत्रफल ९-४-१-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०९/०८ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बिर्ल्याटें, इलामबाट प्राप्त गर्न सकिनेछ ।
२. छट्टाछुट्टै धितोको लागि छट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०९/२२ गते आइतबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय बिर्ल्याटें, इलाममा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०९/२३ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय बिर्ल्याटें, इलाममा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गारिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय बिर्ल्याटें, इलामबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बिर्ल्याटें, इलाममा सम्पर्क राखी बुझ्न सकिनेछ ।

वैदेशिक रोजगारीमा...

पृष्ठ १ बाट क्रमशः

छलेर गराएको मन्त्रीस्तरीय निर्णयअनुसार इपिएसमार्फत कोरिया जाने नेपाली कामदारले त्यहाँको एलजी युप्लस दूरसञ्चार कम्पनीको पोस्टपेड सिमकार्ड अनिवार्य लिनुपर्नेछ। उक्त सिम प्रयोग गरेबापत नेपाली कामदारले मासिक न्यूनतम ४७ हजार ओन (शनिबारको दररेटअनुसार चार हजार ८१४ रुपैयाँ) भुक्तानी गर्नुपर्नेछ। जब कि सोही कम्पनीको प्रिपेड सिमकार्ड प्रयोग गर्ने हो भने मासिक पाँच सय रुपैयाँ भुक्तानी गरे पुग्छ। चार महिनाअघि नै गरिएको यो निर्णय कार्यान्वयनका लागि मन्त्रालयले इपिएस कोरिया शाखालाई पत्र पठाएको छ।

मन्त्रालयले यही निर्णय यसअघि वैदेशिक रोजगार विभागमा पठाएको थियो। विभागले तीनपटकसम्म फाइल मन्त्रालयमै फिर्ता पठाइदिएको थियो। कामदारलाई अन्याय पर्ने गरी भएको यो मन्त्रिस्तरीय निर्णय कोरियास्थित नेपाली दूतावास र श्रम मन्त्रालयले नै कार्यान्वयन नगर्ने बताइसकेका छन्।

कोरियामा रोजगारी गर्दै आएका नेपाली श्रमिक पृथ लिम्बूले पनि त्यहाँ पोस्टपेडभन्दा प्रिपेड सिमकार्ड बढी उपयोगी हुने बताए। हालको व्यवस्थाअनुसार श्रमिकले कोरिया नै पुगेर सिम खरिद गर्न सक्छन्। आफूले पनि कोरियामै पुगेपछि एसकेटी एमभिएनओ कम्पनीको प्रिपेड सिम किनेर प्रयोग गर्दै आएको उनले बताए। 'मासिक एक हजार नेपाली रुपैयाँबराबर को रिचार्ज गर्छु,' उनले भने, 'पोस्टपेड सिम लिने हो भने करिब आठ हजार नेपाली रुपैयाँदेखि माथिका प्याकेज हुन्छन्।' कोरियाको ग्रामीण भेगमा बस्ने र धेरै इन्टरनेट प्रयोग गर्नेका लागि मात्रै पोस्टपेड उपयोगी हुन सक्ने उनको भनाइ छ। श्रममन्त्री भण्डारीले भने एलजी युप्लस पोस्टपेड सिमको विषयमा कुनै निर्णय नभएको दाबी गरे।

त्यस्तै, श्रममन्त्री भण्डारीले सबैभन्दा धेरै संख्यामा वैदेशिक रोजगारीमा जाने दक्ष र अर्धदक्ष कामदारलाई लक्षित गरी उनीहरूले क्याम्ब्रिजबाट अंग्रेजी भाषा परीक्षा अनिवार्य उत्तीर्ण गर्नुपर्ने निर्णय गराएका छन्। भाषा परीक्षाको शुल्क ७५ डलर (शनिबारको दररेटअनुसार नौ हजार ९७५ रुपैयाँ) तोकिएको छ। क्याम्ब्रिजबाट अंग्रेजी भाषा परीक्षा उत्तीर्ण गर्न उनीहरूले इन्स्टिच्युटमा भाषा कक्षा लिनुपर्ने हुन्छ। भाषा सिक्दा उनीहरूलाई अनुमानित २५-३० हजार रुपैयाँ भार थपिनेछ।

वैदेशिक रोजगार विभागले कामदारलाई उच्च दक्षता, व्यावसायिक, अर्धदक्ष, दक्ष र अदक्ष गरी पाँच वर्गमा विभाजन गरेकोमा अर्धदक्ष र दक्ष कामदारको हिस्सा मात्रै ७३.५४ प्रतिशत छ। अर्धदक्ष कामदार मात्रै कुल हिस्साको ६५.६९ प्रतिशत छ। विभागको ०७९/८० को तथ्यांकअनुसार ६० हजार ५५५ अर्धदक्ष र पाँच लाख ६ हजार ७४६ दक्ष श्रमिक वैदेशिक रोजगारीमा गएका छन्।

मन्त्रालयको यो निर्णयसँगै अब ड्राइभर, सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बर, सेक्युरिटी गार्डलगायतले अंग्रेजी भाषा उत्तीर्ण गर्नुपर्छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी मन्त्रालयको निर्णयले विपन्न कामदारलाई लागत मात्रै बढ्ने नभई नेपाल भित्रिने रेमिट्यान्समा पनि प्रभाव पार्ने बताउँछन्। 'अर्धदक्षलाई सबै ठाउँमा भाषाको आवश्यकता पर्दैन। तर, यस्ता कामदारलाई पनि भाषा परीक्षा अनिवार्य गरियो भने दक्ष र अर्धदक्ष कामदार पनि अदक्ष श्रमिकका रूपमा रोजगारीमा जान्छन्। दक्ष र अर्धदक्ष कामदार पनि अदक्षमा गएपछि पाउने पारिश्रमिक पनि कमी हुन्छ,' उनले भने, 'यसले प्रत्यक्ष रूपमा रेमिट्यान्समा पनि प्रभाव पार्छ।'

वैदेशिक रोजगार ऐनबमोजिम व्यक्तिगत प्रयासमा जाने र पुनः श्रम स्वीकृति (पहिले एकपटक गएर फर्किएकाको हकमा)का लागि मन्त्रालयले यस्ता कुनै पनि निर्णय गर्न मिल्दैन। यसका लागि कानुन नै संशोधन गर्न आवश्यक हुन्छ। तर, मन्त्री भण्डारी आफूले गरेका निर्णय सबै कामदारकै हितमा रहेको दाबी गर्छन्। उनले दक्ष र अर्धदक्ष श्रमिकलाई अनिवार्य अंग्रेजी भाषाको विषय प्रक्रियामै रहेको बताए।

इ-सेभेन भिसामा कोरिया पठाउन एक हजार कामदारका लागि मागपत्र प्रमाणीकरण गर्न मन्त्रालयमा निवेदन आएकोमा निर्देशिका नबन्दै मन्त्रालयले कारबाहीका क्रममा रहेको भन्ने व्यहोरोको पत्र जारी गरेको छ। सोही पत्र देखाउँदै प्रतिव्यक्ति १० देखि १५ लाखसम्म उठाउन थालिएको छ। उद्योग मन्त्रालयले अनुमति दिएर म्यानपावर व्यवसायीले श्रमिक पठाउने प्रक्रियाको भिसा इ-सेभेन हो। अहिले सरकारले आफ्ना कामदार इपिएसमार्फत कोरिया पठाइरहेको भिसा इ-नाइन हो।

हाल इपिएसबाट कोरिया जाँदा प्रतिकामदार एक हजार ३३९ डलर (शनिबारको दररेटअनुसार एक लाख ७८ हजार) मात्र खर्च हुँदै आएको छ। इ-सेभेन भिसामै कामदार पठाउने हो भने पनि बढीमा तीन लाख खर्चमा जान सक्छन्। तर, यसका लागि कार्यविधि/निर्देशिका बनाएर मात्र लागू गर्नुपर्छ। सरोकारवालाले इ-सेभेनलाई हचुवाका भरमा प्रमाणीकरण गर्न थालिए इ-नाइन भिसा बन्द हुन सक्ने जोखिम औंल्याएका छन्।

मन्त्री भण्डारीले मन्त्रीस्तरीय निर्णयमै कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी) शुल्क सात सयबाट बढाएर दुई हजार आठ सय पुऱ्याएको समाचार नयाँ पत्रिकाले गत मंगलबार प्रकाशित गरेको थियो। वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डलाई नै जानकारी नदिई, सरोकारवालासँग छलफल नगरी उनले 'अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ संशोधन (पहिलो) गरेर शुल्क बढाएका हुन्।

वैदेशिक रोजगारीमा जाने श्रमिकको थप आर्थिक शोषण र झन्झट दिने गरी संशोधित कार्यविधि गत ७ असोजमै स्वीकृत गरे पनि तीन महिनासम्म गुपचुप राखेका थिए। जबकि कार्यविधिअनुसार बोर्डको निर्देशकको अध्यक्षतामा हुने निर्देशक समितिको सिफारिसमा बोर्डले मात्रै उक्त निर्णय गर्न सक्छ। तर, मन्त्री भण्डारीले मन्त्रीस्तरीय निर्णयबाटै कार्यविधि परिवर्तन गरिदिएका हुन्।

बोर्डको १० करोड सफ्टवेयर अपग्रेडमा खर्च गर्ने निर्णयबारे बोर्डकै सदस्यहरू बेखबर

वैदेशिक रोजगार बोर्डको सञ्चालक समितिले फेमिस सफ्टवेयर अपग्रेडका लागि वैदेशिक रोजगार कल्याणकारी कोषबाट १० करोड खर्च गर्ने भन्ने निर्णयबारे बोर्डकै सदस्यहरूले अनभिज्ञता जनाएका छन्। बोर्डको अध्यक्षमा श्रममन्त्री र विभिन्न क्षेत्रका २५ प्रतिनिधि सदस्य रहने व्यवस्था छ।

१० करोडको विषयमा बोर्डको सञ्चालक समितिले गरेको निर्णयबारे आफूलाई जानकारी नभएको बोर्डका सदस्य (नेपाल टेड युनियन कांग्रेसका प्रतिनिधि) तेजेन्द्रजंग कार्कीले बताए। 'यदि कुनै बैठकमा उपस्थित नभएको भए पनि निर्णयको पत्र पाउनुपर्ने हो। तर, समाचारबाट नै जानकारी प्राप्त भयो,' उनले भने।

यस विषयमा २८ मंसिरमा नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो। समाचारबाटै जानकारी पाएपछि बोर्डको बैठक डाक्न मन्त्रालयका सचिवलाई आग्रह गरिएको कार्कीले बताए। तर, मन्त्री बिरामी भएका कारण बैठक डाक्न नसकिएको जानकारी आएको उनले बताए। यद्यपि, श्रमिकको रकम अन्यत्र खर्च गर्न नपाइने उनको भनाइ छ।

त्यस्तै, बोर्डका अर्का सदस्य (क्रान्तिकारी मजदुर संगठनका प्रतिनिधि) दुर्गा खतिवडाले पनि १० करोड विनियोजनको विषयमा जानकारी नभएको बताए। समाचार पढेरै जानकारी पाएको उनले बताए। 'बोर्डको बैठकमा धेरै प्रस्ताव थिए। धेरै छलफल पनि भएको थियो। कतिपय विषय निर्णय भएनन्। अन्ततः बैठकको निष्कर्ष सबैलाई एक-एक कपी पठाउने अनि अर्को बैठकमा सबै पास गर्ने भन्ने निर्णय भएको थियो,' उनले भने, 'तर, ऐनमा भएको व्यवस्थाविपरित गएर बोर्डको रकम दुरुपयोग गर्न पाइँदैन।'

बोर्डकै अर्की सदस्य (जिफन्ट प्रतिनिधि) स्मृति लामाले श्रमिकको कल्याणबाहेकका क्षेत्रमा पनि कोषको रकम खर्च गर्ने विषयमा छलफल भएको बताइन्। 'बैठकमा गाडी खरिददेखि दूतावासलाई उपलब्ध गराउने रकमको विषयमा पनि छलफल भएको थियो,' उनले भनिन्, 'मैले बोर्डको रकम श्रमिकको कल्याणबाहेकका क्षेत्रमा प्रयोग गर्न नपाइने भनेर दाबी गरेको हो।'

श्रमिकको कोषको रकम सफ्टवेयर अपग्रेडमा खर्च गर्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले श्रम मन्त्रालयलाई पत्र काटेको छ। यस विषयमा स्पष्टीकरण दिन आयोगले मन्त्रालयलाई डाकेको हो।

त्यस्तै, रिटर्नी फेडरेसन नेपालले वैदेशिक रोजगार बोर्डको रकम फेमिस अपग्रेडका लागि प्रयोग गर्न गरिएको निर्णयप्रति विरोध गरेको छ। उसले निर्णय कार्यान्वयन नगर्न श्रम मन्त्रालयमा ज्ञापनपत्र बुझाएको छ। फेडरेसनले कामदारको श्रमिकको कल्याणबाहेक कुनै पनि बहानामा अन्यत्र खर्च गर्न नपाइने स्पष्ट पारेको छ।

त्यस्तै, महालेखापरीक्षकको ५३औं प्रतिवेदनमा पनि कल्याणकारी कोषको रकम दुरुपयोग भएको औंल्याइएको थियो। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २९ कात्तिक ०७३ मा कोषको रकम विदेश भ्रमणमा खर्च गरिएकोमा सम्बन्धित पक्षसँग जरिवाना असुलउपर गर्न निर्णय गरेको समेत फेडरेसनले जनाएको छ।

'फ्री भिसा, फ्री टिकट'मा पनि श्रमिक लुट्ने तयारी

श्रममन्त्री शरत्सिंह भण्डारी 'फ्री भिसा, फ्री टिकट'मा पनि श्रमिक लुट्ने तयारीमा छन्। हालको व्यवस्थाअनुसार कामदारसँग सेवाशुल्कबापत १० हजार लिन सकिनेमा अब त्यसलाई बढाएर एक महिनाको पारिश्रमिकबराबर पुऱ्याउन लागेका हुन्। यसअघि पटक-पटक 'फ्री भिसा, फ्री टिकट नाम मात्रै भयो, कार्यान्वयनमा चुनौती भयो, म्यानपावर कम्पनीले श्रमिक लुटे' भन्दै आएका उनले उल्टै श्रमिक लुट्ने तयारी गरेका छन्। सरकारले आइएलओको स्वच्छ भर्ना प्रक्रियाको मापदण्डअनुसार निःशुल्क भिसा र टिकटको नीति अघि सारेको थियो।

सरकारी कार्यालयले...

पृष्ठ १ बाट क्रमशः

समेटेको छ। सरकारले केही समयअघि प्रतिबन्ध लगाएको टिकटकलाई पनि निर्देशिकाले सामाजिक सञ्जालको परिभाषामा समेटेको छ।

कुनै पनि सरकारी कार्यालयले आफूले गरेका वा भविष्यमा गर्ने कामकारबाहीबारे सर्वसाधारणलाई जानकारी गराउन र त्यस्ता सूचनामा सर्वसाधारणको पहुँच स्थापित गर्न उपयुक्त सामाजिक सञ्जालको युजर अकाउन्ट खोली सञ्चालनमा ल्याउनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। यसरी खोलिएको अकाउन्टमा कार्यालयको आधिकारिक लोगो वा तस्बिर प्रयोग गर्नुपर्ने र कभर तस्बिरमा कार्यालयको परिचय दिनुपर्नेछ। सामाजिक सञ्जालको युजर अकाउन्टमा सम्बन्धित कार्यालयको आधिकारिकता खुल्ने तथा सर्वसाधारणले पहिचान गर्न सक्ने गरी पूरा नाम, ठेगाना, सम्पर्क नम्बर र इमेलसहितको अन्य आवश्यक विवरण नेपाली र अंग्रेजी दुवै भाषामा राख्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ।

युजर अकाउन्ट खोल्दा त्यसको आधिकारिकता प्रमाणित भने सञ्चार मन्त्रालयले गर्नेछ। कार्यालयहरूले अकाउन्टको भेरिफिकेसनका लागि मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। मन्त्रालयले प्रमाणीकरण गरेपछि मात्र अकाउन्ट सञ्चालन गर्न सकिने निर्देशिकामा उल्लेख छ।

यसरी खोलिएको सामाजिक सञ्जालको युजर अकाउन्ट सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले सञ्चालन गर्नुपर्ने निर्देशिकामा उल्लेख छ। तर, प्रधानमन्त्री, विभागीय मन्त्री, सम्बन्धित निकायको प्रमुखको आधिकारिक युजर अकाउन्ट भने सम्बन्धित पदाधिकारी वा निजको स्वकीय वा निजी सचिवालयले चलाउन सक्नेछ।

तर, पदीय जिम्मेवारीबाट हटेपछि भने खकाउन्ट रद्द गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। कतिपय पदाधिकारीले पदबाट हटेपछि पनि सामाजिक सञ्जालको युजर आफैँसँग लिएर जाने विकृतिलाई रोक्न निर्देशिकाले यो व्यवस्था गरेको हो। यसअघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले पदबाट हटेपछि पनि राष्ट्रपतिको नाममा रहेको ट्विटर ह्यान्डल लगेर व्यक्तिगत बनाएपछि विरोध भएको थियो।

निर्देशिकाले सामाजिक सञ्जालमा आएका गुनासा सम्बोधन गर्नुपर्ने व्यवस्था पनि गरेको छ। कार्यालयको नाममा खोलिएका युजर अकाउन्टमा कर्मचारीले नियमित रूपमा सूचना अद्यावधिक गर्नुपर्ने उल्लेख छ। युजर अकाउन्टमा आउने सन्देश, गुनासा र सूचनाको नियमित रूपमा अध्ययन, अवलोकन र विश्लेषण गरी आवश्यकताअनुसार कार्यालयका तर्फबाट उचित जवाफ दिनुपर्ने निर्देशिकामा उल्लेख छ। सञ्जालमा आएका सन्देश, गुनासा र सूचना संवेदनशील र शीघ्र निकास लिनुपर्ने प्रकृतिको भएमा उपयुक्त निर्णय गरी आवश्यकताका आधारमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

कार्यालयको अकाउन्टबाट कसैको व्यक्तिगत तथा सार्वजनिक जीवनमा नकारात्मक असर पर्ने खालका सूचना सम्प्रेषण गर्न नपाइने व्यवस्था निर्देशिकाले गरेको छ। सामाजिक सञ्जाल सञ्चालन वा प्रयोग गर्दा व्यक्तिगत विचार वा धारणा राख्न पाइनेछैन। सरकारले नियमित रूपमा सार्वजनिक गर्नुपर्ने भनी तोकिएका सूचना, प्रगति विवरणलगायतका सामग्री अन्य माध्यमका अतिरिक्त सामाजिक सञ्जालमार्फत पनि सार्वजनिक गर्नुपर्नेछ।

सामाजिक सञ्जालमा आफ्नो निकायले उत्पादन गरेकाबाहेकका तस्बिर, भिडियो वा अन्य तथ्यांक प्रयोग गर्दा त्यसको स्रोत उल्लेख गर्नुपर्ने र त्यस्ता सामग्रीको प्रतिलिपि अधिकार भए सम्बन्धित निकाय वा व्यक्तिको अनुमति लिएर मात्र प्रयोग गर्नुपर्ने व्यवस्था निर्देशिकामा गरिएको छ।

सामाजिक सञ्जाललाई अन्तरकार्यालयसँग सहकार्य गर्ने गरी अन्तर्क्रियात्मक बनाउनुपर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ। कुनै कार्यालयले सञ्चालन गरेका सामाजिक सञ्जालका युजर अकाउन्टलाई अन्य कार्यालयका युजर अकाउन्टबाट फलो गर्न, मेन्सन गर्न र अन्तर्क्रिया गर्न मिल्ने गरी राख्नुपर्नेछ।

मिल्दोजुल्दो र एकै किसिमको उद्देश्य राख्ने कार्यालयहरूले म्यासेज समूह बनाई एकैपटक सूचना आदान-प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ। एक कार्यालयले अर्को कार्यालयबाट सञ्चालित आधिकारिक सामाजिक सञ्जालको युजर अकाउन्टलाई फलो गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

निर्देशिकाले तोकेको कार्यविधि, प्रक्रिया र सर्त प्रदेश र स्थानीय तहका सरकारी कार्यालयले समेत पालना गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। कार्यालयहरूले सञ्चालन गरेका सामाजिक सञ्जालको प्रभावकारिता एवं कार्यान्वयनका विषयमा नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन गर्नेछ।

चारपटक म्याद...

पृष्ठ १ बाट क्रमशः

किराँतेश्वर जेभीले ठेक्का लिएको थियो। तर, चौथोपटक म्याद सकिँदा पनि काम ६० प्रतिशत मात्र काम भएको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी गौतम देवले जानकारी दिए। पहिलो खण्डमा सात किलोमिटर कालोपत्रे गर्नुपर्नेमा जम्मा डेढ किलोमिटर कालोपत्रे भएको छ। थप दुई प्याकेजको पनि १० महिना म्याद थप भइसक्दा पनि काम सकिएको छैन।

तीनवटै प्याकेजको म्याद पुस अन्तिममा सकिने भए पनि सन्तोषजनक काम नभएपछि ठेक्का तोड्ने तयारीमा सडक डिभिजन कार्यालय दमक छ। 'काम सन्तोषजनक छैन। एक-दुईजना कामदार लगाएर काम भइरहेको छ। हामी तीनवटै खण्डको ठेक्का तोड्नेतिर अघि बढिसकेका छौँ,' इन्जिनियर देवले भने, 'मन्त्रिपरिषद्ले निर्णय गरेर म्याद थप गऱ्यो भने छुट्टै कुरा हो। सडकले अब म्याद थप्न सक्दैन।'

पहिलो खण्डको ठेक्का लिएको महालक्ष्मी-किराँतेश्वर जेभीले भने निर्मल उप्रेतीले आफ्नो कम्पनी प्रयोग गरेर काम अलपत्र छाडेको दाबी गरेको छ। 'निर्मल उप्रेतीले हाम्रो फर्मबाट काम गर्ने भनेर प्रयोग गरेर काम अघि बढाए। बैंक ग्यारेन्टी पनि हाम्रै थियो। दुई करोड हाराहारी मोबिलाइजेसन रकम लिएपछि काम बीचमै अलपत्र छाडेका कारण हामीले नै काम गर्न सुरु गऱ्यौँ,' महालक्ष्मी-किराँतेश्वर जेभीका प्रतिनिधि कोमल राईले भने, 'सरकारले ०७९ को असारमा म्याद थप गर्दा दुईवटा सर्त राख्यो। त्यो पूरा नगर्दा काम गरेको पैसा पनि भुक्तानी लिन सकिएन। भुक्तानी लिन १० प्रतिशत जरिवाना तिर्नुपर्ने भयो। अब आउने वैशाखसम्म काम सक्ने योजना छ।' गत वर्षदेखि आफूले नै काम थालेको उनले बताए।

दोस्रो र तेस्रो खण्ड गरी २६ किलोमिटर सडक निर्माणको जिम्मा लुम्बिनी-गणपति जेभीले पाएको छ। दोस्रो र तेस्रो खण्डको सडक कालोपत्रे गर्ने काम २ फागुन ०७६ मा ठेक्का लागेको हो। दोस्रो ५४ करोड ४४ लाख ८७ हजार र तेस्रो ५९ करोड १५ लाख ३५ हजारमा ठेक्का लागेको हो। यो दुई खण्डको म्याद २ फागुन ०७९ मै सकिएकामा १० महिना थप भएको म्याद पनि पुस अन्तिममा सकिँदै छ। तर, दोस्रो खण्डको काम ६२ प्रतिशत र तेस्रोमा ३० प्रतिशत मात्र सकिएको छ। लुम्बिनी-गणपति जेभीका सञ्चालक तुलसीराम भण्डारीले अब आठ महिना म्याद थप भएमा कालोपत्रेका काम पूरा हुने बताए।

काम समयमा नसकिएपछि माङसेबुङ गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय इलामलाई पत्र पठाएको थियो। सोही पत्रका आधारमा केही दिनअघि प्रशासनले निर्माण कम्पनीसहित छलफल राखेको थियो। उक्त छलफलले ११ पुसमा बाटोको अनुगमन गर्ने निर्णय गरेको छ। माङसेबुङ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले केन्द्र सरकारले ठेक्का लगाएको आयोजनामा सडक खुलाउन पालिकाले डिजेलसम्म सहयोग गर्दा पनि काम नभएको बताए। 'अप्ठ्यारामा सहजीकरण पनि गरेका छौँ। तर, निर्माण व्यवसायीले हाम्रो सहयोगलाई सम्झनुभएन,' अध्यक्ष राईले भने।

दमक-चिसापानी सडक झापाको दमक, इलामको माङ्सेबुङ, चुलाचुलीलगायत क्षेत्रमा तीन दशकदेखि चुनावी एजेन्डा बन्दै आएको छ। यो सडकको पहिलो खण्ड ठेक्का लागेको झन्डै डेढ वर्षपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ४ फागुन ०७६ मा स्तरोन्नतिका लागि भन्दै कालोपत्रे गर्न सडक शिलान्यास गरेका थिए।

विमानस्थलको सुरक्षा सुदृढीकरणसम्बन्धी प्रतिवेदन तीन महिनादेखि प्रधानमन्त्री कार्यालयमा

अन्तरनिकाय समन्वय र प्रविधिमा कमजोर हुँदा विमानस्थलको सुरक्षामा जोखिम, आगमन कक्षमा प्रहरीलाई निषेध

नवराज मैनाली/नयाँ पत्रिका

विमानस्थलबाट बाहिरिएको करिब ६१ केजी सुन बरामद भएपछि गत भदौमा सरकारले विमानस्थलको सुरक्षा सुदृढीकरणका लागि उच्चस्तरीय कार्यदल गठन गऱ्यो। राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास वैरागीको नेतृत्वमा गठित कार्यदलले प्रतिवेदन बुझाएको पनि तीन महिना भइसकेको छ। अहिलेसम्म प्रतिवेदन प्रधानमन्त्री कार्यालयमै थन्किएको छ भने विमानस्थलबाट सुन तस्करीको शृंखला जारी छ।


विमानस्थलको सुरक्षा त्रुटिकै फाइदा उठाएर बारम्बार सुन तस्करी भइरहेको २१ मंसिरमा बरामद १४ केसी सुन बरामदको अनुसन्धानले घटनाले पुष्टि गरेको छ। जसमा नागरिक उड्डयन प्राधिकरणकै कर्मचारीहरूसमेत पक्राउ परेका छन्। उनीहरूले महिनौदेखि विमानस्थलबाट सुन पास गराउँदै आएका थिए।

सवारीसाधनका पाटपुर्जा तथा विद्युतीय सामानभित्र लुकाएर चिनियाँ समूहले सर्यौं केजी सुन तस्करी भएको बाहिरिएसँगै विमानस्थलको सुरक्षा जाँचपास प्रणालीमा प्रश्न उठेको थियो। २ साउनमा राजस्व अनुसन्धान विभाग र सशस्त्र प्रहरीको टोलीले भन्सारबाट बाहिरिएको करिब ६१ किलो सुन बरामद गरेको थियो। अनुसन्धानका क्रममा उनीहरूले एक वर्षदेखि त्यसरी सुन तस्करी गर्दै आएका थिए। सो घटनाले विमानस्थलभित्रको सुरक्षा प्रणाली उदांगिएको थियो।

दुई साताको समय दिएर वैरागीको नेतृत्वमा सुरक्षा सुधारका लागि सुझाव दिन समिति बनेको थियो। समितिले २८ भदौमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई आफ्नो प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन तत्कालै कार्यान्वयनमा लगिने प्रधानमन्त्रीले त्यसवेला बताएका थिए। 'तर, अहिलेसम्म प्रतिवेदन प्रधानमन्त्री कार्यालयबाट अघि बढेन,' समितिका एक सदस्यले भने। गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले विमानस्थल सुदृढीकरणसम्बन्धी प्रतिवेदन कार्यान्वयनको विषयमा आफूलाई जानकारी नभएको बताए।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, गृह मन्त्रालयलगायत निकायका उच्च अधिकारी रहेको समितिले कतिपय वस्तुगत सुझाव दिएको छ। त्यसलाई कार्यान्वयनमा भएमा केही हदसम्म सुरक्षामा सुधार हुने एक अधिकारी बताउँछन्। तर, प्रधानमन्त्री कार्यालयले चासो दिएको छैन। प्रतिवेदनमा विमानस्थलमा अन्तरसमन्वय बढाउने र प्रविधिमार्फत सुरक्षा मजबुत गराउने मुख्य विषय रहेको स्रोत बताउँछ।

विमानस्थलको आगमन कक्षमा प्रहरीलाई निषेध छ। भन्सारले प्रहरीलाई प्रवेश रोकेर निजी सुरक्षा कम्पनीका कर्मचारीमार्फत चेकजाँच गराउँछ। जसकारण भन्सारबाट



पटक-पटक भन्सारबाट सुनलगायत अवैध सामान पास भएको छ। अर्थ मन्त्रालयको असहमतिका कारण आगमनमा भन्सारले प्रहरीलाई जाँचपासमा अनुमति दिने गरेको छैन। भन्सार र प्रहरीबीच असमझदारी बढ्दै गएको छ। गत २१ मंसिरमा भन्सारले सुन बरामद गर्दा अन्य निकायमाथि उसले मिलेमतोको आरोप लगायो भने भोलिपल्ट भन्सार जाँचपासबाटै बाहिरिएको साढे ६ किलो सुन बरामद भएपछि भन्सारमाथि प्रश्न उठेको थियो।

■ बारम्बार सुरक्षा त्रुटि भए पनि सुधारको पहल भएन

त्रिभुवन अन्तर्राष्ट्रिय सुन तस्करी मात्र होइन, बारम्बार सुरक्षा त्रुटि हुँदै आए पनि सुधारको पहल भएको छैन। विगतमा पनि विभिन्न अध्ययन समिति बनेका थिए। ९ फागुन ०७९ मा एक युवक तारबारबाट छिरेर विमानसम्म पुगेको घटनामा पनि छानबिन समिति बनेको थियो। अध्यागमन विभागका तत्कालीन महानिर्देशक नारायणप्रसाद भट्टराई नेतृत्वको समितिले सुरक्षा व्यवस्थापन सुधारका साथै भौतिक संरचनामा पनि सुदृढ बनाउनुपर्ने सिफारिस गरेको थियो। भट्टराई हाल गृह मन्त्रालयको शान्ति सुरक्षा समन्वय महाशाखाका प्रमुख छन्। तर, त्यो प्रतिवेदन पनि गृहमै अलपत्र छ।

सरकारी, अर्धसरकारी र निजी संघसंस्था गरी विमानस्थलभित्र एक सय ६८ वटा निकाय छन्। अन्तरनिकाय समन्वय र प्रविधिमा कमजोर हुँदा विमानस्थलको सुरक्षामा जोखिम रहेको मन्त्रालयका अधिकारीहरू बताउँछन्। भूमिका र जिम्मेवारीको विषयमा प्रस्ट तोकी पासमा कडाइ गर्नुपर्नेमा सिफारिस भट्टराई नेतृत्वको समितिले गरेको थियो। तर, हालैको १४ केजी सुन तस्करीको घटनामा पनि पास दुरुपयोग भएको प्रस्ट भइसकेको छ। विमानस्थल भन्सार कार्यालयले नागरिक उड्डयन कार्यालयका चार तथा विमानस्थलभित्र सरसफाइ गर्ने तीन कर्मचारीसहित १० जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। सो समूहले विगतमा पनि पटक-पटक सुन तस्करी गरिसकेको अनुसन्धानमा पुष्टि भएको छ। विदेशबाट सुन लिएर आउनेले विमानस्थलस्थित शौचालयको डस्टबिनमा सुन राख्ने र त्यहाँका कर्मचारीले पास गराउने गरेको अनुसन्धानमा खुलेको छ। विगतमा गोरे समूहले प्रहरी तथा एयरलाइन्सका कर्मचारीलाई यसैगरी प्रयोग गरी वर्षौंसम्म सुन तस्करी गराएको पत्ता लागेको

> विमानस्थलको आगमन कक्षमा प्रहरीलाई निषेध छ। भन्सारले प्रहरीलाई प्रवेश रोकेर निजी सुरक्षा कम्पनीका कर्मचारीमार्फत चेकजाँच गराउँछ। जसकारण भन्सारबाट पटक-पटक भन्सारबाट सुनलगायत अवैध सामान पास भएको छ।

थियो। त्यसपछि पनि विमानस्थलको सुरक्षामा सुधार हुन सकेको छैन। विमानस्थलको सुरक्षामा लापरबाही र यस्तो उदासीनताले कुनै दिन गम्भीर किसिमका घटना हुन सक्ने सुरक्षा अधिकारीको चिन्ता छ।

पछिल्लो सुन तस्करीका घटनाको विषयमा सरकारले उच्चस्तरीय जाँचबुझ आयोग पनि गठन गरी छानबिन गराइरहेको छ। पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा गत १५ असोजमा आयोग गठन भएको थियो। तीन महिनाको म्याद भएको आयोगको विमानस्थलको सुरक्षा प्रबन्धबारे स्थलगत रूपमा निरीक्षण र अध्ययनसमेत गरी विस्तृत अनुसन्धान गरिरहेको छ।

■ भिजिट भिसा दुरुपयोगमा हेरेक वर्ष छानबिन समिति

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भिजिट भिसामा हुने मानव तस्करीको विषयमा अध्यागमन अधिकृतसमेतलाई पक्राउ गरी प्रहरीले हाल अनुसन्धान गरिरहेको छ। विमानस्थलबाट यसरी मानव तस्करी भएको पहिलो घटना होइन। हरेक वर्ष जस्तो यस विषयमा छानबिन हुने, केही समय रोकिने र फेरि सेटिङ चल्ने गर्दछ।

गत वर्ष पनि गृह मन्त्रालयले तत्कालिन सहसचिव फणीन्द्रमणि पोखरेलको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको थियो। समितिले मानव तस्करी भएको औंल्याए पनि कर्मचारीलाई जोगाएको थियो। समितिले विभिन्न सुझाव दिए पनि विमानस्थलको सेटिङ रोकिएन। दैनिक करिब एक करोड रुपैयाँ घुस लेनेदन गरी भिजिट भिसामा सेटिङ हुने गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ। कार्यालयले अध्यागमन अधिकृत नरवीर खड्कालाई पक्राउ गरेको छ भने अन्य दुई अधिकृत फरार छन्। विमानस्थल अध्यागमनका आधाभन्दा धेरै कर्मचारी हाल प्रहरी अनुसन्धानको घेरामा छन्। विगतका हरेक वर्षजस्तो भिजिट भिसामा हुने मानव तस्करीको विषयमा अध्यागमन विभाग र मन्त्रालयले आन्तरिक छानबिन गर्दछ। तर, तस्करीको जालो निकै बलियो भएकाले यसमा कारबाही हुन सकेको थिएन।

अंगदान गर्न नेता तथा कार्यकर्तालाई एकीकृत समाजवादीको आह्वान



■ **जगन्नाथ खतिवडा,** उपमहासचिव, एकीकृत समाजवादी

देश दीर्घरोगले आक्रान्त छ। कलेजो, किड्नी ट्रान्सप्लान्टजस्ता जटिल रोग छन्। यस्ता रोगलाई दृष्टिगत गर्दै हाम्रो पार्टीका नेता-कार्यकर्तालाई अंगदान गर्न आह्वान गर्ने निर्णय भएको छ।

काठमाडौं/ एकीकृत समाजवादीले नसर्ने रोगबाट प्रभावितको संख्या उच्च देखिन थालेपछि अंगदान गर्न नेता तथा कार्यकर्तालाई आह्वान गरेको छ। पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा शनिबार सम्पन्न सचिवालय बैठकले नसर्ने रोगलाई दृष्टिगत गरी नेता तथा कार्यकर्तालाई अंगदान गर्न आह्वान गर्ने निर्णय गरेको उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए। 'देश दीर्घरोगले आक्रान्त छ। कलेजो, किडनी ट्रान्सप्लान्टजस्ता जटिल रोग छन्। यस्ता रोगहरूलाई दृष्टिगत गर्दै हाम्रो पार्टीका नेता कार्यकर्ताहरूलाई अंगदान गर्न आह्वान गर्ने निर्णय भएको छ,' उनले भने।

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९-८० मा मात्रै नसर्ने रोगका १५ लाख २१ हजार ३६ बिरामी उपचारका लागि स्वास्थ्य संस्था पुगेका थिए, जुन कुल जनसंख्याको ५.२२ प्रतिशत हो। अस्वस्थ जीवनशैली र खानपान मुख्य कारक मानिने नसर्ने रोगबाट पीडितहरूको बढ्दो संख्या हेर्दा बर्सेनि अवस्था भयावह बन्दै गएको छ।

सचिवालय बैठकले ११-१३ पुसमा केन्द्रीय कमिटी बैठक बोलाएको छ। स्थायी कमिटी र पोलिटब्युरो बैठक स्थगित गरी केन्द्रीय कमिटी बैठक बोलाइएको हो। खतिवडाका अनुसार केन्द्रीय कमिटी बैठकमा विधानबारे थप छलफल हुनेछ। सचिवालय बैठकमा विधानबारे नेताहरूले मिश्रित धारणा राखेका थिए। '११-१३ पुसमा आह्वान गरिएको केन्द्रीय कमिटीको बैठकमा विधानका बारेमा बृहत् छलफल हुनेछ। त्यसपछि आगामी १४ र १५ माघमा आह्वान गरिएको केन्द्रीय परिषद्को बैठकमा प्रस्तुत हुनेछ। यसअघि ९ र १० पुसमा तय गरिएको स्थायी कमिटीको बैठकलाई केन्द्रीय कमिटी बैठकमा समायोजन गरिएको छ,' खतिवडाले भने।

केन्द्रीय कमिटीको संख्या १७५ हराहारीमा हुनुपर्ने, प्रतिनिधि परिषद्लाई अधिकारसम्पन्न गराउनुपर्नेलगायतका विषयमा नेताहरूले जोड दिएका छन्। हाल केन्द्रीय कमिटी चार सयको हाराहारीमा छ। यस्तै, पाका र युवा पुस्तालाई समेटेर अगाडि बढ्नुपर्ने, केन्द्रीय परिषद्लाई अधिकारसम्पन्न बनाउनुपर्ने विषयमा पनि नेताहरूले जोड दिएका छन्।

संक्षेप

कांग्रेसको नेतृत्वदायी भूमिका आवश्यक छ : देउवा

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले संकटको समयमा कांग्रेसको नेतृत्वदायी भूमिका आवश्यक रहेको बताएका छन्। शनिबार कांग्रेस बागमती प्रदेश सम्मेलनमा उनले मुलुक संकटमा रहेको बताएका हुन्। उनले व्यवस्थामाथि चुनौती रहेको भन्दै कांग्रेसलाई सुदृढ गरेर लैजानुपर्ने आवश्यकता रहेको बताए। 'राष्ट्र दोधारमा उभिएको छ। संकटमा उभिएको छ। अहिलेको वेला हामी सबैको भूमिका आवश्यक छ। खासगरी कांग्रेसको नेतृत्वदायी भूमिका आवश्यक छ। लोकतन्त्र सबैको समावेशितामा आधारित व्यवस्था हो। यो व्यवस्थामा कसैको पनि बहुमत आउने सम्भावना रहँदैन। तर, सबैको साथमा कांग्रेस ठूलो पार्टी बन्न सफल भएको छ। पार्टीलाई ग्रासरुटदेखि सुदृढीकरण गर्दै बलियो बनाएर लैजान आवश्यक छ,' देउवाले भने।

ठगी आरोपमा वडासदस्यसहित चारजना कारागार चलान

कास्की/ ठगीको आरोपमा पक्राउ परेका पोखरा महानगरपालिकाका एक वडासदस्यसँगै अन्य तीनजना कारागार चलान भएका छन्। कारागार चलान हुनेहरूमा पोखरा महानगरपालिका- ६ का वडासदस्य दीपेन्द्र पहारी, विकास पहारी, प्रवीन विश्वकर्मा र अभिषेक बराल रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले जानकारी दिए। पहारी एमालेबाट निर्वाचित वडासदस्य र अरू तीनजना गत स्थानीय निर्वाचनमा एकीकृत समाजवादीबाट उम्मेदवारी दिएर पराजित भएका हुन्। पोखरा- ६ लेकसाइडस्थित फेवातालको फुट ट्याकमा फोटोग्राफी गरेबापत विभिन्न किसिमबाट धम्काई फोटोग्राफी व्यवसायी दर्ता नगरी ठगी गरेको आरोपमा २२ मंसिरमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो। ताल किनारको फुट ट्याकमा फोटोग्राफी गरेबापत मिलन पहारीसमेतले विभिन्न किसिमबाट धम्काई प्रतिव्यक्ति १३ हजार पाँच सय लिएको र फोटोग्राफी व्यवसायी दर्ता नगरी ठगी गरेको भनी १५ जनाले दिएको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गरी ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन)सम्बन्धी मुद्दा दर्ता गरेको एसपी थापाले जानकारी दिए। जिल्ला अदालत कास्कीले पुर्पक्षका लागि उनीहरूलाई कारागार चलान गरेको छ। घटनामा संलग्न रहेका अन्य तीनजना अझै फरार छन्।

झिनामसिना समस्या देखाएर राजतन्त्रको वकालत गर्नु जायज होइन : पुन

काठमाडौं/ माओवादी उपमहासचिव वर्षमान पुनले गणतन्त्र कार्यान्वयनका क्रममा आएका झिनामसिना समस्या देखाएर राजतन्त्रको वकालत गर्नु जायज नहुने बताएका छन्। गणतन्त्रको विकल्प गणतन्त्र, नेताको विकल्प अझ राम्रो नेता र पार्टीहरूको विकल्प अझ राम्रो पार्टी हुने, तर राजतन्त्र हुन नसक्ने उनको भनाइ छ। माओवादीको चन्द्रागिरि नगरपालिका- २ मा शनिबार भएको सम्मेलनमा उनले भने, 'राजतन्त्रको अन्त्य र संविधान जारी गरेसँगै जनवादी क्रान्ति पूरा भयो, तर जनताको अवस्थामा सुधार आएको छैन। नेताको आचरण र व्यवहारमा सुधार आएको छैन। तीनजना राष्ट्रपति भए। आचरण र व्यवहारमा प्रश्न उठाउँदै राजासँग दाँज्ने काम भयो। त्यसैले हामीले आचरण र व्यवहार सुधार गर्नुपर्छ। गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन। गणतन्त्र प्राप्तिपछि देशमा संघीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्यायजस्ता विषय स्थापित गरेको, तर आर्थिक समृद्धिको काम अझै बाँकी रहेको उनले बताए।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले गरेको कामको प्रशंसा गर्दै उनले अरू सरकार र अन्य नेतालेे गर्न नसकेको सामाजिक सुरक्षा, सुशासन, राष्ट्रियता र समृद्धिका पक्षमा राम्रा काम भएको बताए। 'मध्यपहाडी राजमार्ग माओवादीले बनाएको हो। तर, त्यसलाई पनि एमालेले दाबी गरिरहेको छ। नौवटा लोकमार्ग बनाउने कुरा हाम्रो घोषणापत्रमा उल्लेख भएको छ। बाटो चौडा पार्ने, लोडसेडिङ हटाउने काम माओवादीले गरेको हो,' उनले भने। माओवादी कमजोर हुनुमा पार्टी विभाजन हुनु प्रमुख कारण भएको उनले बताए। संविधानसभाको पहिलो चुनावमा जनताले दिएको जनमतअनुसारको काम गर्नु र त्यसलाई सम्मान गर्दै संविधान जारी गर्न नसक्नु पनि माओवादी कमजोर हुनुको कारण रहेको उनको भनाइ थियो।

फरार थुनुवा पक्राउ

लहान/ बाल यौन दुर्व्यवहारको आरोपमा पक्राउ परी जिल्ला सदरमुकामस्थित सरकारी वकिल कार्यालयनजिकबाट हतकडी खुस्काएर फरार भएका थुनुवा २४ घन्टा नबित्दै पुनः पक्राउ परेका छन्। सिराहाको लहान नगरपालिका- २१ घर भएका करिब ३० वर्षीय छोटु सदाय शनिबार दिउँसो लुकिछिपी बसिरहेको अवस्थामा कल्याणपुर नगरपालिका-१२ थलहाबाट पुनः पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार लहानस्थित इलाका प्रहरी कार्यालयबाट प्रहरी सहायक हवल्दार देवकुमार यादवको कमान्डमा सादा पोसाकमा खटिएको टोलीले खोजतलासको क्रममा सदायलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिराहा पुऱ्याएर थप अनुसन्धान थालिएको छ।

सखुवानन्कारकट्टी गाउँपालिका- ३ दिनाजपुर सरन्चियाको भित्री सडक खण्डमा नाबालिकालाई यौन दुर्व्यवहार गरेको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय महेशबारीबाट खटिएको प्रहरीले सदायलाई ५ पुसमा लहान- १९ बेतहाबाट पक्राउ गरी लहान प्रहरीमा ल्याइएको उनले बताए।

जस्तोसुकै आक्रमण भए पनि मेरो अभियान जारी रहनेछ : लामिछाने

कास्की/ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेमाथि लक्षित गरेर खोया प्रहार भएको छ। पोखरा महानगरपालिका- ११ अम्मरसिंह चोकस्थित खेल मैदानमा शनिबार पार्टीले आयोजना गरेको खुला सभालाई सम्बोधनका क्रममा उनलाई लक्षित गरेर खोया प्रहार भएको हो।



लामिछानेलाई खोया प्रहार गर्ने सन्तोष रानाभाटलाई प्रहरीले पक्राउ गरेको छ। लमजुङ घर भएका २८ वर्षका रानाभाट सवारीचालक हुन्। प्रहरी हिरासतमा रहेका उनलाई आवश्यक सोधपुछ गरिरहेको वडा प्रहरी कार्यालय रामबजारका प्रमुख प्रहरी निरीक्षक विनोद श्रेष्ठले जानकारी दिए।

रास्वपा अध्यक्ष लामिछानेले भने आफूलाई खोया प्रहार गर्ने पात्रलाई फूलको थुँगा दिएर घर पुऱ्याउन भनेका थिए। आफूमाथि जस्तोसुकै आक्रमण भए पनि आफ्नो अभियान जारी रहने उनले बताए। लामिछानेले आफू लहडमा नभई निश्चित मिसन र भिजनका साथ राजनीतिमा आएको बताए। 'पाँच महिनाअघि दर्ता भएको पार्टीले २१ सिट ल्याएर देशमा परिवर्तनको आवश्यक छ भन्ने देखाइदिएको छ,' उनले भने।

उनले आफ्नो सपना पूरा नभएसम्म मकैको खोयालाई घरको भित्तामा झुन्ड्याएर राख्ने घोषणा गरे। 'प्रतिशोध लिएर होइन, शिक्षा लिएर। नेपाली जनताले कत्रो अपेक्षा गरेका छन्। हेर्, यदि तैंले बाटो बिराइस् भने आज त घोगा आयो, घोगा पाइस तैंले। यदि बाटो मात्र बिराइस् भने के मात्र पाउनेछस् कल्पना गर भनेर चेतावनी दिइएको हो,' लामिछानेले भने, 'मैले यसलाई सकारात्मक रूपमा लिएको छु। म यसलाई तबसम्म सजाएर राख्नेछु, जबसम्म तपाईंले र मैले देखेको साझा सपना पूरा हुनेछैन। तबसम्म जोगाएर राख्नेछु, जबसम्म आफूले बोलेका एक-एक शब्द वास्तविकतामा परिणत हुनेछैनन्। मेरो घरमा मैले संसारले मान्यता दिएको विश्व रेकर्डको प्रमाणपत्र पनि राखेको छैन, तर मेरा लागि त्योभन्दा पनि महत्त्वपूर्ण छ, जुन एकजना साथीले दिएर जानु भयो। मेरो उहाँप्रति अगाध सम्मान छ।'

मनाङमा अचाक्ली चिसो

प्रजिअ भन्छन्- धारामा पानी आउन छाड्यो, खानेपानीको जोहो गर्नै कठिन

लमजुङमा **शान्ता कमली**

अत्यधिक चिसोले हिमाली जिल्ला मनाङको जनजीवन प्रभावित भएको छ। माथिल्लो स्थानबाट चिसो छल्न गाउँलेहरू धमाधम सहरतिर झरिरहेकाले बस्ती रित्तिँदै गएका छन्। तापक्रम ओरालो लागेसँगै खोलानालाको पानीसमेत जम्न थालेको छ।

चिसोले जमेपछि धारामा पानी आउन छाडेको छ। मनाङको माथिल्लो भेग नार्पा भूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाका अनुसार गाउँलेहरू धमाधम अस्थायी बसाइँ सरिरहेका छन्। चिसो बढेपछि नार्पा भूमि गाउँपालिकाको कार्यालय पनि अस्थायी रूपमा सदरमुकाम चामेबाट सञ्चालन गरिएको छ। गाउँपालिकाका सबै वडा सदरमुकाम चामेबाट सञ्चालित छन्। गाउँमा बस्ने मान्छे नै कम भएपछि गाउँपालिकाको काम पनि कम हुने गरेको उनले बताए।

मनाङका प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले अत्यधिक चिसो बढेकाले जनजीवन कष्टकर बन्दै गएको बताए। 'चिसोले धारामा पानी जमेको छ भने खोलानालामा पनि पानी जम्दै गएको छ। पिउने पानी जोहो गर्नै कठिन छ,' प्रजिअ लामिछानेले भने।

एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलका अनुसार यस वर्ष पर्यटक आवागमन उत्साहजनक रूपमा बढेको छ। तर, चिसोका कारण अहिले पर्यटक घटेका छन्। अहिले पदमार्गमा दैनिक ६-७ जना पर्यटक पदमार्गमा आउने गरेका छन्। 'पर्यटकका लागि यो उपयुक्त समय होइन। बेसिजनमा पर्यटक आउँदैनन्,' उनले भने, 'अहिले त केही पर्यटक छन्।' मनाङमा बिहानीपख तापक्रम माइनस ६ डिग्रीसम्म र राति ११ डिग्रीसम्म झरेको उनले बताए। पर्यटकलाई 'इन्ट्री' गर्न आउने वेला चिसोबाट सचेत रहन आग्रह गर्दै गन्तव्यमा पठाउने गरेको उनको भनाइ छ। चामे गाउँपालिकाका प्रमुख लोकेन्द्र घलेका अनुसार चिसो मौसममा सदरमुकाम चामेमै बस्न समस्या छ। यतिखेर आउने पर्यटक चिसोका कारण अधिकांश चामे वा तल्लो क्षेत्रमा घुमेर फर्कने गरेका छन्, केही मात्र माथिल्लो क्षेत्रमा पुग्ने गरेका छन्।



दुई साताअघिको हिमपातले सेताम्य मनाङ गाउँ। **तस्बिर सौजन्य/विनोद गुरुङ**

■ निर्माणसम्बन्धी काम प्रभावित

चिसोका कारण विकास निर्माणको काम पनि प्रभावित भएको छ। निर्माण कार्य थालेका योजना पनि चिसोका कारण रोकिएका छन्। चिसोमा सिमेन्ट 'सेट' नहुने र चिसोले कामदारले काम गर्न नसक्ने हुँदा निर्माणको काम बन्द गरिएको हो। चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र घलेले चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माण कार्य बन्द गरिएको बताए। केही दिनअघि चामे गाउँपालिकाले सूचना जारी गरी विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम नगर्न आग्रह गरेको थियो।

■ चिसो बढेसँगै अन्नपूर्ण पदमार्गमा पर्यटक घटे, होटेल सुनसान

चिसो बढेपछि चक्रीय अन्नपूर्ण पदयात्रामा आउने पर्यटक घटेका छन्। केही दिनदेखि पदमार्ग सुनसान देखिन थालेको छ। मंसिर दोस्रो सातादेखि चिसो बढ्न थालेपछि यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा परेको छ। हिमाली क्षेत्रको दृश्यावलोकन मन पराउने पर्यटक मात्रै चिसो मौसममा घुम्न आएका छन्। जाडो बढेसँगै पदमार्गमा पनि पर्यटक आउन छाडेका छन्। पदमार्गमा होटेल सञ्चालन गर्दै आएकी पारु गुरुङका अनुसार जाडो बढेसँगै पर्यटक आगमनमा कमी आएको छ। पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङले पर्यटकको गन्तव्य मनाङमा दैनिक ९-१० जना पर्यटक पदमार्गमा आउने गरेको बताए। मनाङ गाउँमा मात्रै कम्तीमा १५ वटा पर्यटकीय होटेल छन्। होटेल यतीका सञ्चालकसमेत रहेका गुरुङले भने, 'अहिले पर्यटक घटेपछि पदमार्गका होटेल सुनसान देखिन थालेका छन्। एक महिनाअघिसम्म होटेलमा खचाखच पर्यटक थिए। चिसो बढेसँगै पर्यटक आउन छाडे।' उनका अनुसार तल्लो क्षेत्रमा आएका सबै पर्यटक माथिल्लो क्षेत्रमा आउँदैनन्। माथिल्लो क्षेत्रमा बढी चिसो भएर त्यहाँका व्यापारीसमेत बेँसी झर्न थालेका छन्।

■ ११ महिनामा २० हजारभन्दा बढी पर्यटकले मनाङ घुमे

मनाङमा ११ महिनामा २० हजार बढी विदेशी पर्यटकले मनाङ घुमेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय मनाङ (एक्याप)का प्रमुख ढकबहादुर भुजेलका अनुसार पछिल्लो ११ महिनामा २० हजार आठ सय ६ जना विदेशी पर्यटक मनाङ भित्रिएका छन्। सन् २०२३ को जनवरीदेखि नोभेम्बरसम्म २० हजार आठ सय ६ जना विदेशी पर्यटक मनाङ भित्रिएको प्रमुख भुजेलले बताए। मनाङमा सबैभन्दा बढी अक्टोबर महिनामा पाँच हजार एक सय ९८ पर्यटक भित्रिएका छन्। सन् २०२३ को जनवरीमा एक सय ८४, फेब्रुअरीमा चार सय ९९, मार्चमा दुई हजार सात सय ३६, अप्रिलमा चार हजार दुई सय २१, मेमा एक हजार पाँच सय ७१, जुनमा दुई सय ५२, जुलाईमा दुई ५६, अगस्टमा तीन सय १६, सेप्टेम्बरमा दुई हजार दुई सय ५७, अक्टोबरमा पाँच हजार एक सय ९८ र नोभेम्बरमा तीन हजार दुई सय ४८ पर्यटक भित्रिएका छन्। अन्नपूर्ण पदमार्गमा विशेष गरी बेलायत, इजरायल, चीन, जर्मनी, अमेरिका, फ्रान्स, जापान, अस्ट्रेलियालगायत देशका नागरिक आउने गर्छन्।

विश्वविद्यालय सुधारको निर्णायक धक्का

देशले भोगिरहेको आर्थिक गुलामीको दुश्चक्रबाट निस्कन र विश्वविद्यालय शिक्षा सुधारको जन्जिर तोड्न अबको पुस्ताले निर्णायक धक्का दिन जरुरी छ



● डा. ध्रुव बी. खड्का

अग्रलेख

विश्वविद्यालय ज्ञानको मन्थन, अन्वेषण र प्रशोधनको केन्द्र हो। विकसित देशको आर्थिक तथा सामरिक शक्तिको विकासको जग निर्माणमा विश्वविद्यालय शिक्षाको गुणस्तरको ठूलो भूमिका रहेको विश्वभरका तथ्यांकले पुष्टि गरेका छन्। समृद्धिको मानक निर्माण गर्ने विश्वविद्यालय शिक्षाको सुरुवात नेपाली माटोमा सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्थापनाबाट भएको थियो। यावत सम्भावनाबीच ६ दशक गुजारीसकेको त्रिविको गतिशीलता भने टिठलाग्दो देखिन्छ। विश्वविद्यालय शिक्षालाई देश विकासमा अधिकतम सदुपयोग गर्न नसकेर हामी दशकौँदेखि सबै क्षेत्रमा पछि परिरहेका छौँ। यसले राज्य चरम अकर्मण्यता र असफलतातिर लम्केको संकेत गर्छ। हाम्रा विश्वविद्यालय किन विश्वविद्यालयजस्ता बनेनन् ? किन सिर्जनात्मक प्राज्ञिक केन्द्र विकास गर्न सकिएन ? प्रस्तुत आलेख यिनै प्रश्नको सेरोफेरोमा केन्द्रित हुनेछ।

आधुनिक विश्वविद्यालय विकासको विरासत : हाम्रो पूर्वीय सभ्यतामा वेद-वेदांग तथा अन्य ज्ञान खगोल/ज्योतिष, युद्ध कौशल तथा स्वास्थ्य विज्ञानका कैयौँ विधा गुरुकुलीय शिक्षा प्रणालीबाटै विकसित भएका हुन्। तिनै गुरुकुलीय युगका ज्ञानको पठनपाठनमा इसापूर्व सात सय वर्षअघि तक्षशिला विश्वविद्यालय र इसापूर्व पाँच सय वर्षपहिले नालन्दा विश्वविद्यालयको ख्याति रहेको इतिहासका अध्येताले चर्चा गरेको पाइन्छ। इसापूर्वकै समयताका ग्रिक सभ्यतामा प्लेटोनिक एकेडेमी र चिनियाँ सभ्यतामा नाजिङ विश्वविद्यालय शिक्षाको केन्द्रका रूपमा स्थापित थिए। आधुनिक मोडेलको विश्वविद्यालयको सुरुवात भने ११औँ शताब्दीको अन्त्यतिर इटलीमा बोलोग्ना विश्वविद्यालयको स्थापनाबाट भएको थियो। सन् ११५० मा फ्रान्समा पेरिस विश्वविद्यालयको स्थापनापछि विश्वविद्यालय शिक्षाले आधुनिक युगमा पाइला टेकेको थियो। त्यसयता युरोपेली देशमा विश्वविद्यालय स्थापनाको लहर नै चल्यो। सभ्यता-दर्शनको खोज-अध्ययनको माहोलमा सँगै वैज्ञानिक अनुसन्धानमा केन्द्रित हुन थाले। यस होडबाजीले विश्वमा विज्ञान-प्रविधिको विकास र त्यसको आडमा राज्य व्यवस्थाको सबलीकरण र विस्तारको नयाँ उभार ल्यायो। युरोपको शक्तिशाली उभारको मुख्य कडी नै विश्वविद्यालयको सबलताले आर्जेको प्राविधिक शक्ति थियो। जुन शक्तिको बलमा युरोपले बाँकी विश्वमा शताब्दीऔँसम्म आफ्नो साम्राज्य स्थापित गर्‍यो। यही क्रममा आधुनिक विश्वविद्यालय शिक्षा बाँकी विश्वमा विस्तार भयो।

पश्चिमा मोडेलको विश्वविद्यालयको एसिया प्रवेश : आफ्नै सभ्यतामा उभिएको एसिया महाद्वीपमा पश्चिमा मोडेलको विश्वविद्यालय अंग्रेज शासनमा सन् १८५७ मा कलकत्ता विश्वविद्यालय स्थापना गरेसँगै सुरु भएको थियो। सुरुवाती समयमा भारतीय मूलका सिभी रमण, चन्द्रशेखर, रामकृष्णन, हरगोविन्द खुराना, अमर्त्य सेनजस्ता विश्वविख्यात वैज्ञानिक तथा अर्थशास्त्री उत्पादन भए पनि अपेक्षाकृत रचनात्मक प्रभावले निरन्तरता पाउन सकेन। यसको कारण विश्वविद्यालयले नयाँ खोजको सुरुवाती बाटोलाई समयानुसार फराकिलो बनाउन चुक्नु हो। जुन त्रिविको सन्दर्भमा पनि लागू हुन्छ। तर, एसियाको अर्को मुलुक जापानले सन् १८७७ मा टोक्यो विश्वविद्यालय स्थापनाबाट सुरु गरेको युरोपसँगको शैक्षिक सहकार्य नयाँ विज्ञान-प्राविधि विकासको जगमा छोटो समयमै आर्थिक महाशक्ति मात्र बनेन, सिर्जनात्मक बौद्धिकताका क्षेत्रमा पश्चिमालाई टक्कर दिँदै दर्जनौँ नोबेल पुरस्कार विजेतालाई जन्माइरहेको छ। टोक्यो विश्वविद्यालयको सफलता भनेकै समयको गतिशीलतासँगै नयाँ खोज समाजको समस्या समाधानको केन्द्र बन्दै जानु हो। स्मरणीय संयोग के छ भने पश्चिमा मोडेलको कलकत्ता र टोक्यो विश्वविद्यालय स्थापनाको त्यो अवधिमा, पश्चिमा शिक्षा र विकासको उभार नजिकबाट देखेका र बेलायती साम्राज्यसँग अत्यन्त निकट सम्बन्ध रहेको नेपालमा जंगबहादुरको शासन थियो। शासकको शैक्षिक नजरबन्द नीतिका कारण, त्यो स्वर्ण समयमा चुकेको नेपाली समाजले त्यसको लगभग सय वर्षपछि मात्र विश्वविद्यालयको आँगन टेक्न पायो।

उच्च शिक्षामा कल्याणकारी मोडेल : बाहिरी विश्वमा राज्यले मात्र होइन, गुठी तथा व्यापारीले पनि विश्वविद्यालय विकासमा ठूलो योगदान गरेका छन्। यसको सुपरिचित दृष्टान्त हो, आजको दिनमा विश्वविद्यालय शिक्षाको सगरमाथा मानिने हार्वर्ड विश्वविद्यालय। जुन सन् १६३६ मा अमेरिकन कोलोनीमा गुठी-दान मोडेलबाट स्थापना भएको थियो हार्वर्ड। अर्को अनुकरणीय उदाहरण हो, पछिल्लो दशकमा विश्व उत्कृष्टताको मानक बनेको सिंगापुरको राष्ट्रिय विश्वविद्यालय। जुन व्यापारीको सामूहिक प्रयासबाट सन् १९०५ मा स्थापना भएको थियो। देशको जीवनमा विश्वविद्यालय संकटको सामनापछि यसले सन् १९८० को दशकबाट ठोस संरचनाको गुणस्तरको सिँढी उक्लिरहेको छ।

हाम्रोमा सन्दर्भमा भने विश्वविद्यालय सञ्चालन प्रक्रियामा राज्य र कल्याणकारी प्रणाली दुवै चुकेका छन्। विद्यालय शिक्षामा केही गुठी-निजी क्षेत्रले योगदान गरे पनि अनुसन्धानकेन्द्रित विश्वविद्यालय शिक्षामा कुनै ठोस योगदान भएको देखिँदैन। समुदाय तथा निजी क्षेत्रबाट स्थापित शैक्षिक संस्था मुनाफाकेन्द्रित छन्। उच्च महत्वाकांक्षासहितको गैरनाफामूलक शैक्षिक केन्द्र बन्न सकेका छैनन्। कल्याणकारी मोडेलबाट उच्च शिक्षाको विकासमा सरकारले ठोस खाकासहित उदार नीति ल्याएर सहज वातावरण बनाउन आवश्यक छ। जस्तो कि धर्म-संस्कृतिसँग जोडिएका आयका स्रोतहरू केन्द्रीकृत कल्याणकारी मोडेलमार्फत आर्थिक उत्थानसँग जोडिएका पुरातन ज्ञानको गहन अनुसन्धान गरी बजारीकरण गर्न सकिन्छ। देश महामारीमा तड्पिरहेका वेला पशुपतिको गुठीबाट सयौँ केजीको सुनको जलारी प्रतिस्थापन गर्ने राजनीतिक चेत रचनात्मक भइदिएको भए महामारीमोचन गर्ने कलियुगका सयौँ अश्विनीकुमार जन्माउन सकिन्थ्यो। तर, राज्यका आयस्रोतहरूको उपयोग उत्पादनमूलक र समाधानमुखी क्षेत्रमा हुन सकेको छैन।

उच्च शिक्षाको विकासलाई परेवाजस्तै स्वच्छन्द सिर्जनात्मक उडान गर्न गैरनाफामूलक नीतिलाई केन्द्रमा राखी सबै ढोका खोल्नैपर्छ। यसो गर्दा लामो समयदेखि देशका उत्कृष्ट शैक्षिक संस्थाको मानक बनाएका बुढानीलकण्ठ, सिद्धार्थ वनस्थली, ग्यालेक्सी, लिटल एन्जलजस्ता सफल संस्थालाई प्रज्ञान केन्द्रमा विकास गर्न सकिन्छ। राज्यले स्वायत्ततासहितको कल्याणकारी मोडेलमा विश्वविद्यालयको विकास गर्ने कार्यनीति यथाशक्य चाँडो तयार गरी कार्यान्वयन गरिनु उचित हुन्छ।

उच्च शिक्षामा राजनीतिक नंग्रा : विश्व इतिहासमा आर्थिकस्तर उकासेका देशहरूले आन्तरिक/बाह्य द्वन्द्वबाट पार पाउनेबित्तिकै विश्वविद्यालयको सुधारमा केन्द्रित भएको पाइन्छ। हाम्रोमा विश्वविद्यालय स्थापना गरे पनि प्रज्ञानको केन्द्र बनाउने सार्थक प्रयास भने गरिएन। यसो हुनुमा राजनीतिक हस्तक्षेप, राज्यको न्यून लगानी, विश्वविद्यालयको पुरातनता, प्राध्यापक छनोट र प्रोत्साहनको कमजोर मापदण्ड मुख्य कारक हुन् भन्ने खुला रहस्यजस्तै हो। मुख्यतः राजनीतिक दुश्चक्रमा उच्च शिक्षा दशकौँदेखि फसेको छ। विश्वविद्यालयमा बेथितिको डंगुरको दूषित स्रोत यही हो। यहाँ बौद्धिक चोरीजस्तो गम्भीर प्राज्ञिक आरोप लागेका प्राध्यापकले राजनीतिक आडमा विश्वविद्यालयको उपकुलपतिमा नियुक्ति पाउँछन्। झोले प्राध्यापकलाई झोले विद्यार्थीले विश्वविद्यालय प्रांगणमा कुट्छन्। यस्ता अराजकता निषेध गर्न राजनीतिक दलले शिक्षालयभित्र भातृ संगठनमार्फत गाडेको बिषालु नंग्रा सदाका लागि काट्नैपर्छ। गणेश प्रवृत्तिबाट पद पाएकाहरू ठोस उपलब्धि देखाउन नसकेपछि आफ्नो प्रगति देखाउन कहिले विदेशीले निकालेको विश्वविद्यालयको गुणस्तरको सूची भजाउँछन् त कहिले आफैँलाई गिज्याउने विश्व रेकर्डको ढोल पिट्छन्। राजनीतिक बैसाखी टेकेर जिम्मेवारीमा पुगेकाहरू गैरप्राज्ञिक कुकर्मको गोटी मात्र भएका छन्। उत्कृष्टताका ठोस कर्म र लक्ष्यविनाका झिल्के तमासलाई रोक्न विशुद्ध प्राज्ञिक चेतको नेतृत्व आवश्यक छ।

> राजनीतिक बेथितिको दुश्चक्रमा फसेको विश्वविद्यालय सुधारका लागि सशक्त प्राज्ञिक विद्रोह आवश्यक छ। यसका लागि विश्वविद्यालयका प्राध्यापक तथा विद्यार्थीले शैक्षिक स्वायत्तताको एकसूत्रीय माग राखेर निर्णायक आन्दोलनको बिगुल फुक्नुको विकल्प छैन।

नेपाली विश्वविद्यालयको अन्तर्राष्ट्रिय जमिन : हाम्रो विश्वविद्यालयको अस्थिपञ्जर (पाठ्यक्रम, शिक्षण पद्धति, मूल्यांकन र प्राध्यापक छनोट) मा पुरातनता हाबी छ। विदेशमा नयाँ प्राध्यापक छनोटमा उसमा भएको अनुसन्धान विशेषता, दक्षता, अनुसन्धान प्रस्तावको गुणस्तर/महत्त्व तथा परिस्कृत शिक्षण पद्धति मुख्य कडी मानिन्छ। हाम्रोमा भने नयाँ प्राध्यापकको खुला नियुक्ति गर्दासमेत निश्चित व्यक्तिको योग्यता मिल्ने गरी विज्ञापनमै सेटिङ गरिन्छ। प्राध्यापकहरू विश्वविद्यालयको पाठ्यक्रम तथा शिक्षणमा प्रतिस्पर्धी नयाँपन दिनुको साटो पुरानै टालटुले तरिकामा अभ्यस्त छन्। कटु सत्य यो छ कि, हाम्रा शिक्षालय आजका दिनसम्म पनि गुरुकुलीय पुरातन तरिकाबाट पुस्तकमा भएको ज्ञान पढ्ने-पढाउने विधिभन्दा माथि उठ्न सकेका छैनन्। हाम्रो बिदेसिएको जनशक्ति अक्सर अरूको इन्नोभेसनको व्यावसायीकरणको फेजमा सदुपयोग भएको छ। इनोभेसनको जग निर्माणमा भने निकै भुत्ते छ। विदेशी विद्यार्थीमा हाम्रो जस्तो धेरै विषयमा ज्ञान हुँदैन, तर कुनै एक विषयमा उत्कृष्ट रचनात्मकतासहितको विज्ञता रहेको हुन्छ। यसर्थ, आलोचनात्मक चेत निर्माण, समस्या पहिचान र समाधानका सिर्जनात्मक विकल्पको खोज गर्न सक्ने जनशक्ति विकास गर्न हाम्रो शिक्षा प्रणाली पूर्णतः असफल छ। फलस्वरूप, हामी विकसित देशका आर्थिक गुलाम बनिरहेका छौँ।

सुधारमा निर्णायक धक्का : देशले भोगिरहेको आर्थिक गुलामीको दुश्चक्रबाट निस्कन विश्वविद्यालय शिक्षा सुधारको जन्जिर तोड्न अबको पुस्ताले निर्णायक धक्का दिन जरुरी छ। यसका लागि राजनीतिक नियुक्ति र पार्टीगत भागबन्डाको प्रचलन सदाका लागि रोकिनुपर्छ। यस सन्दर्भमा लगभग हाम्रो त्रिविकै अवस्थामा रहेको दक्षिण कोरियाको सिउल राष्ट्रिय विश्वविद्यालयमा भएको शैक्षिक स्वायत्तताको आन्दोलन प्रेरणादायी छ। त्यहाँ विश्वविद्यालयका प्राध्यापक, कर्मचारी र विद्यार्थीले शैक्षिक स्वायत्ताको माग राखेर सन् १९८७ मा ठूलो आन्दोलन गरे। सो प्राज्ञिक विद्रोहसामु तत्कालीन सरकार झुक्न बाध्य भयो। उच्च शिक्षामा शैक्षिक स्वायत्तता स्थापित गर्दै कुलपति विश्वविद्यालयका स्थायी प्राध्यापकको भोटबाट नियुक्त हुने व्यवस्था गरियो। सन् १९९१ मा प्राध्यापकको भोटबाट निर्वाचित पहिलो कुलपति प्रा. चोगाउन किमको नियुक्तिसँगै पाएको शैक्षिक स्वायत्तता र देशको सुध्रिँदो आर्थिक हैसियतको सदुपयोग गर्दै सन् २००२ मा आइपुग्दा विश्वस्तरको अनुसन्धान केन्द्रित विश्वविद्यालय मात्र बनेन, आजको दिनमा विश्वकै उत्कृष्ट विश्वविद्यालयको रूपमा स्थापित छ। त्यही शैक्षिक स्वायत्तताको जगमा दक्षिण कोरियाका दर्जनौँ विश्वविद्यालय विश्व शैक्षिक बजारमा गुणस्तरको सिँढी उक्लिरहेका छन्। त्यही जगमा कोरिया हजारौँ नेपाली श्रमिकको बजार र विद्यार्थीका लागि गुणस्तरीय उच्च शिक्षाको गन्तव्य बनेको छ।

नेपालको शैक्षिक सुधारका लागि विभिन्न देशमा भएका प्राज्ञिक आन्दोलनबाट प्रेरणा लिँदै सरोकार पक्ष जाग्नैपर्छ। राजनीतिक बेथितिको दुश्चक्रमा फसेको विश्वविद्यालय सुधारका लागि सशक्त प्राज्ञिक विद्रोह आवश्यक छ। यसका लागि विश्वविद्यालयका प्राध्यापक तथा विद्यार्थीले शैक्षिक स्वायत्तताको एकसूत्रीय माग राखेर निर्णायक आन्दोलनको बिगुल फुक्नुको विकल्प छैन। विश्वविद्यालय सुधारका लागि विश्वासिलो जमिनी कार्ययोजना भएको गैरराजनीतिक प्राज्ञिक नेतृत्व अपरिहार्य छ। राज्यले शिक्षामा राजनीतिक छाया हटाउन ठोस कदम अविलम्ब चालोस्।

(खड्का भौतिक विज्ञानका अनुसन्धाता हुन्)



---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **डा. सुशीलनाथ प्याकुरेललाई**



नेपालमा नसर्ने रोगको अवस्था कस्तो छ ?

नसर्ने रोग निकै बढेको छ। हाम्रो आनीबानी र खानपानमा निकै परिवर्तन आएको छ। हामी जंक फुडमा निर्भर हुन थालेका छौँ। घरमा पकाएको खानेकुरामा हाम्रो रुचि घट्दै गएको छ। स्यान्डविच, बर्गर, मःमजस्ता मैदाजन्य खानेकुरा हाम्रा प्राथमिकतामा पर्दै गएका छन्। हाम्रो एक्सरसाइज पनि निकै घटेको छ। आजका बालबालिका कबड्डी, डन्डिबियो, भलिबल, फुटबलजस्ता शारीरिक श्रम बढी हुने खेलभन्दा मोबाइलको खेलमा रमाउन थालेका छन्। साइकलभन्दा मोटरसाइकल, गाडी बढी प्रयोग हुन थालेको छ। यसले गर्दा पनि हामीकहाँ नसर्ने रोगको फैलावट व्यापक हुँदै गएको छ।

हामीकहाँ कस्ता खालका नसर्ने रोग बढिरहेका छन् ?

हामीमा देखिएका नसर्ने रोग धेरै छन्। एक्सरसाइजको कमीले हामीमा सुगर, प्रेसर जस्ता रोग व्यापक बढेका छन्। हृदयाघातको समस्या पनि निकै बढेको छ। हाम्रो जंकफुड, चिल्लो र मैदाजन्य खानेकुराका कारण कोलेस्ट्रोलको समस्या बढेको छ। कोलेस्ट्रोलका कारण रगत बाक्लो हुँदा किड्नी फेल हुने समस्या बढेको छ। स्ट्रोक र ब्रेन हेमरेज जस्ता रोग पनि निकै बढेका छन्। क्यान्सर पनि डरलाग्दो तहमा बढिरहेको छ।

यस्ता नसर्ने रोगको न्यूनीकरणका उपाय के हुन सक्छन् ?

सबैले नियमित एक्सरसाइज गर्नुपर्छ। शारीरिक श्रम बढी पर्ने काम र खेलकुदमा सहभागी हुनुपर्छ। खानपानमा बढी नै ध्यान दिनुपर्छ। जंक फुड खान बन्द गर्नुपर्छ। धूम्रपान तथा मद्यमानबाट टाढै बस्नुपर्छ। सरकारका सबै मन्त्रालय र निकायले जनस्वास्थ्य ऐन र नियमावली कडाइसाथ कार्यान्वयन गर्नुपर्छ।

प्रेरक प्रसंग

हिम्मतको परिणाम

गाउँको गोठनजिकै एउटा भ्यागुतो खुसीले उफ्रिँदै यताउता गरिरहेको थियो। त्यहाँ नजिकै केही घर र गोठ थिए। भ्यागुतोलाई गोठको वरिपरि घुमेर हेर्न मन लाग्यो। ऊ गोठको वरिपरि के रहेछ भनेर जान्न चाहन्थ्यो। भ्यागुतो खुसीले बुरुकबुरुक उफ्रिँदै यताउता दौडिन थाल्यो। खुसीले उफ्रिँदा उसले कहाँ के छ र कता जाँदा कस्तो खतरा हुन सक्छ भन्नेतिर ध्यान दिएन। परिणामतः ऊ दूध राखिएको एउटा अलि गहिरो भाँडामा खस्यो।



भाँडामा खसेपछि उसको सातो गयो। उसले भाँडाबाट बाहिर निस्कने भरमग्दुर प्रयत्न गर्‍यो। तर, भाँडो उसको आकारका आधारमा हेर्दा निकै गहिरो भएकाले ऊ बाहिर निस्कन सक्ने सम्भावना थिएन। जतिसुकै प्रयत्न गरे पनि ऊ दूधको भाँडाबाट बाहिर निस्कन सकेन। बाहिर निस्कन नसके पनि उसले हिम्मत भने हारेन। उसले बाहिर निस्कने प्रयत्न जारी नै राख्यो। ऊ जसरी पनि बाहिर निस्कन चाहन्थ्यो। त्यसैले, उसले आफ्नो प्रयासलाई निरन्तरता दियो। ऊ यता घुम्यो, उता घुम्यो। कहिले यता गयो, कहिले उता। तर, उसको प्रयास सब बेकार भयो। ऊ बाहिर निस्कन सकेन।

तर, भ्यागुताले जति-जति यताउता गर्दै गयो, त्यति नै त्यो दूधबाट नौनी निस्किँदै गयो। अनि बिस्तारै सबै नौनी एकै ठाउँमा जम्मा हुँदा भाँडाभित्र नौनीको ठूलै डल्लो तयार भयो। उसले यताउता गर्दागर्दै नौनीको डल्लो कडा पनि हुँदै गयो। जब नौनीको ठूलै डल्लो तयार भयो, त्यसपछि त्यो भ्यागुतो सोही नौनीमाथि टेकी बलैले उफ्रेर बाहिर निस्कियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अथक परिश्रमको परिणाम

राज्यले शिक्षा र स्वास्थ्यमा जनतालाई कर तिराएको छ र यो कर तिर्दा पनि जनताले शिक्षा र स्वास्थ्यमा चाहिने परिणाम राम्रो देखिन भने सकिरहेको छैन। नेपालकै विकट जिल्ला मुगुको सोरु गाउँपालिका-४ लिब्रुमा रहेको कालिका माध्यमिक विद्यालयमा अनेकौँ समस्या भए पनि त्यहाँका शिक्षकको अथक प्रयास र मिहिनेतले सो विद्यालयलाई जिल्लाकै नमुना विद्यालय बनाउन सफल भएका छन्। विद्यालयमा अनेकौँ समस्या भए पनि, शिक्षक र विद्यार्थी र अभिभावकले चाहेमा विद्यालयलाई उत्कृष्ट बनाउन नसकिने पनि होइन। अति दुर्गम क्षेत्रमा यसरी विद्यार्थीको अध्ययन र शिक्षकको ज्ञानको परिश्रमले वरपरका विद्यालयबाट समेत ५-६ घण्टा उकाली-ओराली गर्दै भुइँमा बसेर ढुंगा ओछ्याउँदै आफ्नो विद्यालयलाई उत्कृष्ट बनाउन सक्ने शिक्षक र विद्यार्थी सम्मानका हकदार छन्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

छिटो सहमति खोज

संक्रमणकालीन न्याय (टिआरसी) सम्बन्धी विधेयकमा संसदीय समितिले सहमति जुटाउन नसकेको र सहमति जुटाउन शीर्ष नेतृत्वलाई जिम्मा दिएको समाचार पढियो। खासमा यो विधेयक ल्याउन निकै ढिलो भइसकेको छ। त्यसैले, यसमा संसदीय समितिले नै सहमति गर्न सक्नुपर्थ्यो, तर समितिले सहमति जुटाउन नसकेर शीर्ष नेतृत्वलाई जिम्मा दिइसकेपछि अब दलहरूको शीर्ष नेतृत्वले यसबारे छिटोभन्दा छिटो सहमति जुटाउन सक्नुपर्छ। अन्यथा, संक्रमणकालीन मुद्दा किनारा लगाउन कठिन हुनेछ।

● **अमृत नेपाली**
गाबहाल, ललितपुर

चिकित्सक दुर्गम जानैपर्छ

दुर्गम गाउँका गरिब जनताले समेत खाई-नखाई तिरेको करबाट छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकले दुर्गमका तिनै गरिब जनताको उपचारका लागि दुर्गममा जान नमानेको समाचार पढ्दा दुःख लाग्यो। खासगरी कुनै पनि चिकित्सकले देशको यो ठाउँमा सेवा दिन्छु र यो ठाउँमा सेवा दिन्नँ भन्न मिल्दैन। उसले सुगमका साथै दुर्गममा समेत पुगेर जनतालाई सेवा दिनैपर्छ। छात्रवृत्तिमा पढेका चिकित्सकले दुर्गम जान मान्दैनन् भने तिनको चिकित्सकको लाइसेन्स खारेज गर्नुपर्छ।

● **सुनयना पण्डित**
ग्वार्को, ललितपुर

प्राधिकरणले बल्ल ठीक गर्‍यो

आठ अर्ब ७४ करोड विद्युत् महसुल नतिर्ने चार उद्योगको लाइन काटेको समाचार पढ्दा खुसी लाग्यो। दुई-चार सयदेखि हजार-पन्ध्र सयसम्मको महसुल समयमै नतिरेको ‘अपराध’मा सर्वसाधारणका धेरै लाइन काटिँदै आएका छन्। सर्वसाधारणले केही सय तिर्न नसक्दा लाइन काट्ने विद्युत् प्राधिकरणले ठूला उद्योगी व्यवसायीबाट भने अर्बौंको बक्यौता उठाउन सकिरहेको रहेनछ। ठूलालाई चैन र सानालाई सास्ती दिने प्राधिकरणको यो व्यवहार सर्वत्र आलोचनाको विषय बनेको थियो।

अहिले आएर प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशन पाएपछि प्राधिकरणले ठूला व्यवसायी तथा उद्योगीमाथि कडा रबैया अपनाउने संकेत दिएको छ। उसको यस कदममा हाम्रो पूर्ण साथ र समर्थन छ। अब उद्योगी व्यवसायीले पनि यो वा त्यो बहाना बनाउनुको साटो आफूले उपभोग गरेको बिजुलीको बक्यौता रकम छिटोभन्दा छिटो भुक्तानी गर्नु जरुरी छ।

चारवटा उद्योगले नै झन्डै नौ अर्ब रकम भुक्तानी गर्न बाँकी रहेछ भने यहाँ अन्य उद्योगले कति बक्यौता तिर्न बाँकी होला ? ठूला व्यवसायीले समयमै बक्यौता रकम तिर्ने हो भने आगामी दिनमा प्राधिकरण थप विद्युत् आयोजनामा लगानी गर्न आफैँ सक्षम हुनेछ। यसका लागि अब सरकारले पछि नहटी ठूला व्यवसायीबाट उठाउन बाँकी रकम कडाइसाथ उठाउन सक्नुपर्छ। व्यवसायीले तालाचाबी बुझाउने धम्की दिँदैमा सरकार र प्राधिकरण लुरुक्क परेर पछि हट्नु हुँदैन।

● **भावना विक**, सतुंगल, काठमाडौँ

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

उदासीन छन् चिनियाँ जनता

चिनियाँ युवामा बढ्दो उदासीनता देशको कडा शिक्षा प्रणाली, ऐतिहासिक प्रजनन नीति र आन्तरिक आप्रवासनको सीमिततासँग जोडिएको छ



देश/विदेश

● न्यान्सी चियान

चीनको उच्च युवा बेरोजगारी दर र रोजगारले समेत रोजगारी छोड्न खोजिरहेका युवा विश्वका ठूला सञ्चारगृह र चिनियाँ नीति-निर्माताका लागि चासोको विषय बनेका छन्। यी समस्याका पछाडि प्रस्तुत गरिने भाष्यमा मुलुकको हालैको आर्थिक वृद्धिमा भएको गिरावट पर्छ। तर, समस्याको कारण सोचेभन्दा धेरै विकराल छ। चिनियाँ युवामा बढ्दो उदासीनता देशको कडा शिक्षा प्रणाली, ऐतिहासिक प्रजनन नीति र आन्तरिक आप्रवासनको सीमिततासँग जोडिएको छ। आप्रवासन मामिलामा आउने हुकुउ पञ्जीकरण प्रणालीअन्तर्गत सहरी बसोवासका लागि विद्यार्थीलाई राम्रो विश्वविद्यालय शिक्षाको आवश्यकता पर्छ। त्यसमाथि सहर एवं ग्रामीण क्षेत्रबीचको आय असमानताले उदासीनताको समस्या चर्काएको छ।

राम्रा विश्वविद्यालय प्रवेश चुनौतीपूर्ण छ र त्यसमाथि सख्त विद्यालयीय शिक्षा प्रणालीले परिस्थितिलाई झन् चुनौतीपूर्ण बनाएको छ। नौ वर्षको अनिवार्य शिक्षापछि विद्यार्थीले शैक्षिक उच्च विद्यालयमा भर्ना पाउन प्रवेश परीक्षा दिनुपर्छ र यसमा ५० प्रतिशत विद्यार्थीलाई मात्रै उत्तीर्ण गराइन्छ। यो परीक्षामा उत्तीर्ण नहुने विद्यार्थी व्यावसायिक उच्च विद्यालयमा भर्ना हुन्छ। नतिजा तिनले न्यून पारिश्रमिकको काम पाउँछन्।

चिनियाँ विद्यार्थीले विद्यालयमा मात्रै नभई महँगो निजी ट्युसन शिक्षकमा भर पर्नुपर्छ। शैक्षिक उच्च विद्यालयमा भर्ना पाउन यी बालबालिका अतिरिक्त क्रियाकलापमा पनि संलग्न हुन्छन्। तर, यसबाट हुने शैक्षिक उच्च विद्यालयको प्रवेश धेरै हदसम्म अपारदर्शी हुने गर्छ। विद्यार्थीमाथिको दबाब कम गर्न सरकारले नाफाका लागि ट्युसन पढाउने काममा प्रतिबन्ध लगायो र सार्वजनिक विद्यालयका शिक्षकलाई ट्युसन सेवा प्रदान गर्न निषेध गर्‍यो। तैपनि, समस्या थप बल्झियो किनभने आपूर्ति घटेका कारण ट्युसन शिक्षकको सेवा शुल्क बढ्यो।

सांघाई र बेइजिङमा धनी परिवारले ट्युसन प्रयोजनका लागि प्रतिघन्टा एक सय २० देखि चार सय डलर तिर्छन् र गरिब बालबालिका यी स्रोतबिनै कडा अध्ययन गर्नुपर्ने बाध्यतामा पर्छन्। सन् १९८० र १९९० को दशकमा सडक-टोल बालबालिकाले भरिएका हुन्थे, तर अहिले सप्ताहान्तमा पनि खेल मैदान खाली हुन्छन्। बालबालिका घरभित्रै गम्भीर अध्ययनको बोझ उठाउन बाध्य छन्।

युवा उदासीनताको अर्को कारण भनेको एक्लोपन हो। सन् १९७९ देखि २०१६ सम्म चलेको एक सन्तान नीतिका कारण ग्रामीण क्षेत्रमा बालबालिकाले भाइबहिनीको अभाव महसुस गरे। एक सन्तान नीति आएपछिको दोस्रो पुस्ताका बालबालिकाका ‘कजिन’ (काका-फुपू-मामाका छोराछोरी-भाइबहिनी) पनि भएनन्, किनभने कजिन हुन बालबालिकाका लागि काका-फुपू-मामा नै थिएनन्। चिनियाँ कलेजका विद्यार्थीमाझ गरिएको एक सर्वेक्षणले भाइबहिनी हुने बालबालिकाको तुलनामा एक्लो बच्चाले तनाव र उदासीनता अनुभव गर्ने सम्भावना धेरै हुन्छ। र, सन् २०१० यता पाँचदेखि १४ वर्ष उमेर समूहका बालबालिकाको आत्महत्या दर पाँच गुणाले बढेको छ। अभिभावक पनि चरम तनावमा छन्। आफ्ना छोराछोरीको हेरचाह गर्नुको अलावा अधिकांश अधबैँसे सहरी दम्पतीले चार वृद्ध आमाबाबुको पनि हेरचाह गर्नुपर्छ। ठीकविपरीत करिब ४९ करोड १० लाख चिनियाँ बसोवास गर्ने ग्रामीण क्षेत्रमा एक-सन्तान नीति कम कडाइसाथ लागू गरिएको थियो अर्थात् वयस्कलाई भाइबहिनी हुनाले जिम्मेवारी बाँडफाँडमा राहत मिल्यो। तर, यी वयस्कले सन्तान हुँदा थप तनाव सामना गर्छन्। अधिकांशले सहरमा बढी आम्दानी हुने काम खोज्नुपर्छ, तर हुकुउ पञ्जीकरण नियमका कारण यी वयस्क आफ्ना सन्तानलाई भने सहर लग्न पाउँदैनन्। स्मरण रहोस्, रोजगारी प्रयोजनका लागि चिनियाँ ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ गरेका मानिस करिब ११ प्रतिशत छन्।



तस्बिर : एएफपी

ग्रामीण क्षेत्रका अभिभावक, जो आफ्ना सन्तानसँग रहन्छन्, तिनका पनि आफ्नै समस्या छन्। सन् २००० देखि २०१५ सम्ममा करिब तीन लाख ग्रामीण विद्यालय बन्द भएपछि १२ प्रतिशत प्राथमिक तहका र ५० प्रतिशत माध्यमिक तहका विद्यार्थी टाढाको आवासीय विद्यालयमा पढ्न बाध्य छन्। ग्रामीण वयस्कहरूले आफ्ना सन्तानलाई शिक्षा उपलब्ध गराउन कडा परिश्रम गर्छन् र केही वर्षपछि ती सन्तानबाट अभिभावक अलग हुन्छन्।

सन् २०१८ मा ३५ प्रतिशत चिनियाँ वयस्क उदासीनताको सिकार भएका थिए। ग्रामीण क्षेत्र र महिलामा यो आँकडा ५० प्रतिशतले बढी थियो। व्यापक उदासीनताले समाजका लागि खतरा निम्त्याउँछ, अर्थात् यसमा सम्भावित आर्थिक स्थिरता, न्यून प्रजनन क्षमता र सन् १९९० को दशकमा जापानले व्याहोरेजस्ता समस्या पर्छन्। तर, चीनका लागि सुखद समाचार छ, अर्थात् विद्यमान परिस्थितिका प्रत्यक्ष नीतिगत समाधान छन्। पहिलो कठोर केन्द्रीय योजनाबद्ध विद्यालयीय शिक्षा हटाउनु हो। यसमा स्थानीय सरकारलाई विद्यालय र विद्यार्थी संख्या निर्धारण गर्ने अधिकार उपलब्ध गराउनु हो। अधिकार उपलब्ध गराउने निर्णय गर्दा सरकारी निरीक्षण कायम राख्न भने आवश्यक छ। दोस्रो कदम भनेको ग्रामीण-सहरी बसाइँसराइ रहेका नियमन हटाएर परिवार पुनर्मिलन र ग्रामीण गरिबी घटाउनु हो। समग्र आर्थिक वृद्धि सुस्त हुँदा यो कदम महत्त्वपूर्ण हुनेछ। ग्रामीण क्षेत्रलाई सहरी क्षेत्रजस्तै समान अवसरको आवश्यकता छ। ग्रामीण श्रमले कम न्यून दक्षता आवश्यक पर्ने कारखानामा तीन करोड रिक्त पदपूर्ति गर्न मद्दत गर्न सक्छ। यी नीति लागू गर्दा शिक्षा प्रणालीमा वर्तमान सरोकारवालाको व्यवधान तेर्सिन सक्छ र बेरोकटोक बसाइँसराइले सहरी जनघनत्व बढाउन सक्छ। यद्यपि सम्भावित लाभले परिष्कृत आर्थिक वृद्धि र चीनका युवा एवं तिनका अभिभावकको मानसिक स्वास्थ्यमा सुधार निम्त्याउनेछ।

(चियान चिनियाँ मूलकी अमेरिकी अर्थशास्त्री एवं प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

युक्रेन युद्धबाट मुनाफा कमाइरहेको चीन

रुससँग चीनको व्यापार यस वर्ष दुई सय अर्ब डलर नाघेको छ, कार तथा ट्रक निर्माता सबैभन्दा ठूला विजेता देखिएका छन्



● किथ ब्रेडसर

(ब्रेडसर न्युयोर्क टाइम्सका बेइजिङ ब्युरो प्रमुख हुन् ।)



युक्रेन आक्रमणपछि अधिकांश युरोपेली तथा अमेरिकी कम्पनीले मस्कोसँगको व्यापार तोडेपछि रुसको अत्यावश्यक आवश्यकता चीनले पूरा गरिरहेको छ । चीनले रुससँगको व्यापार गर्दा युरोपेली देशसँगको घनिष्ठ आर्थिक सम्बन्ध बिग्रिने जोखिमबीच पनि आपूर्तिलाई निरन्तरता दिएको छ ।

रुसको बर्फिलो सिमानासँग जोडिएको चिनियाँ सहर हेइहेमा एक ट्रक डिलरको गत वर्ष बिक्री दोब्बरले बढ्यो । कारण थियो, दिन-प्रतिदिन बढिरहेका रुसी ग्राहक । अहिले रुसतर्फको चीनको निर्यात यति बलियो बनेको छ कि चिनियाँ घर बनाउने श्रमिकलाई भ्याई-नभ्याई छ । हेइहेमा ग्रीष्मभरमा कैयौं गोदाम र २० तलेसम्मका कार्यालय टावर निर्माण गरिए । हेइहे खासमा चीनको रुससँग बढ्दो आर्थिक सम्बन्धको एक प्रतिनिधि हो ।

युक्रेन युद्धपछि चीन-रुसबीचको व्यापार बढेको छ । युद्धपछि रुसले पश्चिमबाट किन्दै आएको कारदेखि कम्प्युटर चिप्ससम्म चीनबाट किन्न सुरु गऱ्यो । बदलामा रुसले चीनलाई तेल र प्राकृतिक ग्यास बेचिरहेको छ, त्यो पनि छुटमा । रुसी चकलेट, ससेज र अन्य उपभोग्य सामान चिनियाँ सुपरमार्केटमा उलेख्य देखिन थालेका छन् । यो वर्षको पहिलो ११ महिनामा चीन र रुसबीचको व्यापारले २०० अर्ब डलर नाघ्यो । युद्ध सुरु हुनुअघि दुई देशले यो परिणामको व्यापार सन् ०२४ सम्म हुने अपेक्षा गरेका थिएनन् । युक्रेनमा रुसी युद्ध सुरु भएपछि चीनमा रुसको छवि सुधारिएको छ । सामाजिक सञ्जालमा रुसप्रतिको समर्थन उच्च देखिन्छ । चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विभिन्न अवसरमा उनीहरूका देशबीचको घनिष्टताको प्रदर्शन गरिरहेका छन् । सीले सेप्टेम्बरमा हार्बिनको भ्रमण गरेर हेइलङजियाङलाई चीनको 'उत्तरको गेट'को संज्ञा दिए । यो वर्षको पहिलो ११ महिनामा चीनले रुसलाई गर्ने निर्यात युक्रेनको आक्रमणअघि सन् २०२१ को सोही अवधिको तुलनामा ६९ प्रतिशतले बढेको छ ।

'चीन-रुस सम्बन्धको विकास तथा संवर्द्धन दुई पक्षले आफ्ना नागरिकका प्रमुख चाखको आधारमा लिएको रणनीतिक छनोट हो,' डिसेम्बर २० मा रुसी प्रधानमन्त्री मिखाइल मिसुस्तीसँग बेइजिङमा भेटवार्तापछि सीले भने । युक्रेन आक्रमणपछि अधिकांश युरोपेली तथा अमेरिकी कम्पनीले रुससँगको व्यापार तोडेपछि रुसको अत्यावश्यक आवश्यकता चीनले पूरा गरिरहेको छ । चीनले रुससँगको व्यापार गर्दा युरोपेली देशसँगको घनिष्ट आर्थिक सम्बन्ध बिग्रिने जोखिमबीच पनि आपूर्तिलाई निरन्तरता दिएको छ ।

युक्रेन आक्रमणअघि जर्मनी, फ्रान्स र अन्य युरोपेली देशले चीनको मानवअधिकारको मुद्दालाई बेवास्ता गर्दै व्यापारलाई महत्त्व दिने गर्थे । अब उनीहरूका लागि चीनको रुससँगको घनिष्टता अर्को मुद्दा थपिएको छ । चिनियाँ अधिकारी भने आफूहरूलाई युरोप र रुसमध्ये एउटा चुन्न दबाब दिन नहुने र दुवैसँग व्यापार गर्न स्वतन्त्र हुनुपर्ने जोड दिन्छन् ।

चीन-रुस व्यापार वृद्धिको सबैभन्दा ठूलो विजेता वाहन निर्माता बनेका छन् । हेइहेमा हालै एक साँझ, डिजेलबाट चल्ने ढुवानी ट्रकको लामो लाइन रुस-चीन सिमानाको काम गर्ने अमुर नदीमाथिको पुलमा पालो पर्खिरहेका थियो । पुल नयाँ हो र त्यसमाथिको वाहन पनि नयाँ नै हुन् । ट्रकमा गेनलिओन ब्रान्डको ब्याज लागेका थिए, जुन ब्रान्ड सरकारी स्वामित्वको सांघाई अटोमोटिभ इन्डस्ट्रिज कर्पोरेसन (एसएआइसी)ले बनाउँछ । एसएआइसी त्यही कम्पनी हो, जसले बेलायती कम्पनीबाट स्वामित्वमा लिएर 'एमजी' नामक चर्चित ब्रान्ड बनाउँदै आएको छ । चीनको वाहन उद्योग यही वर्ष जापानलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो कार निर्यातक मुलुक बनेको छ । यसमा रुसमा बढेको बिक्रीको पनि योगदान छ । युद्धअघि जर्मनीका कार निर्माता मर्सिडिज-बेन्च र बिएमडब्लूले रुसमा राम्रो परिणाममा कार बेच्थे । युरोप, अमेरिका र उसका साझेदार मुलुकले प्रतिबन्ध लगाएपछि ती कम्पनीको बिक्री रोक्न बाध्य भए । युरोपेली महँगा विलासी कारको व्यापार खुम्चिए पनि रुसमा निम्नमध्यवर्ग र निम्नवर्गका परिवारले किन्न सक्ने सस्तो चिनियाँ कारको खरिद बढेको कार्नेगी रसिया युरेसियाका निर्देशक एलेक्जान्डर गबुएभले भने ।

भूमि जोडिएका चिनियाँ कारहरू सजिलै रेलमार्गबाट रुस पुग्छन् । ग्लोबलडाटा अटोमोटिभको तथ्यांकअनुसार अहिले रुसी बजारको ५५ प्रतिशत हिस्सा चिनियाँ कारनिर्माताले ओगटेका छन् । जबकि सन् २०२१ मा यो हिस्सा आठ प्रतिशत मात्र थियो । 'इतिहासमा कहिल्यै पनि यति ठूलो बजार हिस्सा यति छिटै एउटै देशको कार निर्माताले ओगटेको देखिएको थिएन,' सान डियागोका एसिया वाहन कन्सल्ट्यान्ट माइकल ड्युनले भने ।

युक्रेन युद्धमा रुसलाई हातहतियार दिए गम्भीर परिणाम भोग्नुपर्ने अमेरिकाले चीनलाई चेतावनी दिएको छ । र, हालसम्म त्यस्तो सहयोगको कुनै प्रमाण अमेरिकाले देखाउन सकेको छैन । तथापि चीनले रुसलाई बेचिरहेको ड्रोन र ट्रकजस्ता नागरिक प्रयोजनका उपकरण सैन्य काममा उपभोग गर्न नसकिने होइन । यसमा अमेरिकाले गुनासो गरेको छैन ।

बेइजिङ र रुसबीचको घनिष्टताले चीनको सुस्ताएको निर्माण क्षेत्रमा केही सहायता प्रदान गरेको छ । चिनियाँ अर्थतन्त्र तीन वर्षसम्म लागू कठोर 'शून्य कोभिड' नीतिको असरबाट राम्ररी तंग्रिसकेको छैन । देशभरका घरजग्गा कारोबार संकटमा छन् । ग्राहक नपाएर करोडौं अपार्टमेन्ट या खाली छन्, या ग्राहक नपाउने डरमा बन्दाबन्दै रोकिएका छन् । निर्माण क्षेत्रको काम सुस्त हुँदा यस क्षेत्रमा संलग्न ठूलो रोजगारी प्रभावित छ ।

घरबार कारोबार सुस्त भएपछि केही बेरोजगार श्रमिकले चार हजार २०९ किमि लामो चीन-रुस सीमाक्षेत्रमा काम पाएका छन् । छोटो समयमै ट्रक जाँचपास केन्द्र, भन्सार प्रोसेसिङ केन्द्र, रेल यार्ड, पाइपलाइन्स र अन्य पूर्वाधार बने । गर्मी महिनामा तीव्र गतिमा बढेको निर्माणको काम जाडोमा अहिले सुस्ताएको छ । पूर्वाधारमध्ये पाइपलाइनले दुई देशबीच हुने व्यापारको सबैभन्दा महत्त्वपूर्णमध्ये एक ऊर्जालाई ओसारपसार गर्छ ।

पश्चिमले लगाएको कठोर प्रतिबन्धलाई बाइपास गर्दै किनिएको सस्तो रुसी ऊर्जाले विश्वबजारमा चिनियाँ उद्योगलाई प्रतिस्पर्धी बन्न सघाएको छ । विशेषतः जर्मनका उद्योगले पछिल्ला दुई वर्षको उच्च ऊर्जा खर्चका कारण संघर्ष गरिरहँदा ती उद्योगका उत्पादन चिनियाँ प्रतिद्वन्द्वीसँग पछि परेका छन् । रुसबाट चीन इन्धन ल्याउने पाइपलाइन 'पावर अफ साइबेरिया'बाट रुसले अहिले प्राकृतिक ग्यासको ढुवानी बढाएको छ । युक्रेनयुद्धअघि युरोपतर्फ लाने ग्यास क्षेत्रका उत्पादनलाई चीनतर्फ मोड्ने गरी नयाँ पाइपलाइनको निर्माण सम्बन्धमा छलफल भइरहेको छ ।

युक्रेन युद्ध सुरु हुनुभन्दा करिब तीन हप्ताअघि मात्र चीन र रुसबीच तेस्रो पाइपलाइन निर्माण गर्ने सहमति भएको थियो । बाँकीको तुलनामा केही सानो यो पाइपलाइनले रुसको सुदूरपूर्वी भागबाट चीनको उत्तरपूर्वी भागमा ग्यास ल्याउनेछ । सो परियोजनाको निर्माणकार्य तीव्रतासाथ अघि बढिरहेको छ । नयाँ पाइपलाइन रुसले सन् १८५० को दशकमा चीनबाट कब्जा लिएर कहिल्यै फिर्ता नगरेको क्षेत्र हुँदै अघि बढ्छ । सन् १९६० को दशकसम्म चीन र सोभियत संघ अमुर नदीमा सिमाना विवादलाई लिएर युद्ध नै लडेका थिए । आज रुस र चीन सो नदी पार गर्ने पुल र पाइपलाइन बनाइरहेका छन् ।

- न्युयोर्क टाइम्सबाट

विश्व संक्षेप

दुर्लभ दुई गर्भाशय भएकी महिलाले जन्माइन् जुम्ल्याहा छोरी

न्युयोर्क/ दुर्लभ दुई गर्भाशय भएकी महिलाले जुम्ल्याहा सन्तान जन्माएकी छिन् । अमेरिकी महिला केल्सी ह्याचरले जुम्ल्याहा छोरी जन्माएकी हुन् । अलाबामाकी ३२ वर्षीया ह्याचर दुईवटा पाठेघर लिएर जन्मेकी थिइन् । उनी दुवै पाठेघरमा गर्भवती भएकी थिइन् । ह्याचरले आफ्नो इन्स्टाग्राम अकाउन्ट 'डबलुह्याचलिंग्स' मा लेखेकी छिन्, 'हाम्रा चामत्कारिक बच्चा जन्मेका छन् !' जुम्ल्याहा शिशुमध्ये जेठी शिशुको जन्म मंगलबार साँझ ७ :४९ बजे भएको थियो भने कान्छी शिशुको जन्म बुधबार बिहान ६:०९ बजे भएको हो । उनको गर्भाधानलाई लाखौं महिलामध्ये एकजनामा हुने घटना भनिएको छ । ह्याचर यसअघि नै तीन सन्तानकी आमा हुन् । यसअघि सन् २०१९ मा बंगलादेशमा २० वर्षीया आरिफा सुल्तानाले २६ दिनको फरकमा स्वस्थ जुम्ल्याहा बच्चा जन्माएकी थिइन् ।

गाजामा राष्ट्रसंघका १३६ कर्मचारी मारिए

गाजा सिटी/ राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इजरायल र हमासबीच जारी युद्धमा विगत ७५ दिनमा संयुक्त राष्ट्रसंघका १३६ जना कर्मचारीको ज्यान गइसकेको बताएका छन् । राष्ट्रसंघको इतिहासमा यति धेरै संख्यामा कर्मचारी हताहत भएको यो अहिलेसम्मको दुर्लभ घटना भएको उनले बताए । 'गाजामा ७५ दिनमा हाम्रा १३६ सहकर्मी मारिएका छन्, जुन हामीले राष्ट्रसंघको इतिहासमा कहिल्यै देखेका थिएनौं । हाम्रा अधिकांश कर्मचारीलाई घरबाट निकालिएको छ,' राष्ट्रसंघका प्रमुखले एक्स (ट्विटर) मा लेखेका छन् । उनले भने, 'म गाजामा सर्वसाधारणलाई सहयोग गर्ने हजारौं सहायताकर्मीप्रति आभार प्रकट गर्छु ।' अक्टोबर ७ मा इस्लामिक कट्टरपन्थी समूह (हमास) ले गरेको आक्रमणपछि गाजामा द्वन्द्व चर्किएको थियो । हमास लडाकुले हवाई, जल र स्थलमार्गबाट इजरायली क्षेत्रमा आक्रमण गरेका थिए । उनीहरूले सयौंको हत्या गर्नुका साथै करिब २५० जनालाई बन्धक बनाएका थिए ।

इतिहासमा आज



सन् १९५१ : लिबिया इटलीबाट स्वतन्त्र भयो । उत्तरी अफ्रिकी देश लिबियालाई सन् १९१२ देखि इटलीले शासन गरेको थियो । स्वतन्त्र भएपछि तत्कालीन राजा इड्रिसको मातहतमा लिबिया संवैधानिक राजतन्त्रात्मक देश बन्यो । सन् १९६९ मा तत्कालीन कर्णेल मौमर गद्दाफीको नेतृत्वको सेनाले कु गरी इड्रिसलाई पदमुक्त गरेको थियो ।

सन् १८२६ : अमेरिकाको न्युयोर्कस्थित मिलट्री एकेडेमीमा दंगा भड्कियो । खानेकुरामा मिसावटको विषयलाई लिएर दंगा भड्किएको थियो ।

सन् १८६५ : अतिवादी श्वेत सर्वोच्चतावादी संगठन कुल क्लक्स क्लानको स्थापना । सेनाका वरिष्ठ अधिकारीले न्युयोर्कको पुलास्की गाउँमा उक्त चरमपन्थी गोरा संगठन स्थापना गरे । संगठनलाई क्लान पनि भनिन्छ ।

सन् १९१४ : क्रिसमस सम्झौता सम्पन्न । प्रथम विश्वयुद्धताका ब्रिटिस र जर्मनीका सेनाबीच अनौपचारिक र छोटो युद्धविराम भयो, जसलाई इतिहासमा क्रिसमस ट्रुस भनिन्छ । शान्ति सम्झौताको अवधिमा दुवै पक्षका सेनाहरूले इसाई भजन गाउनुका साथै खानेकुरा र उपहार आदान-प्रदान गरेका थिए । त्यस्तै दुवै पक्षबीच फुटबल खेल आयोजना भएको थियो ।

भारतीय यात्रु सवार विमानमा 'मानव तस्करी'को आशंका

नयाँदिल्ली/ संयुक्त अरब इमिरेट्सबाट निकारागुआ जाँदै गरेको विमानमा 'मानव तस्करी' भएको आशंकामा फ्रान्समा अवतरण गराएपछि दुईजनालाई पक्राउ गरी सोधपुछ गरिएको छ । रोमानियाली लिजेन्ड एयरलाइन्सको एयरबस ए-३४० विमानलाई उत्तरपूर्वी फ्रान्सको एक विमानस्थलमा अवतरण गराएपछि सोधपुछ गरिएको फ्रान्सेली प्रहरीले जनाएको हो । सोधपुछ गरिएका व्यक्तिबारे थप विवरण दिइएको छैन । त्यस्तै, यात्रु र चालक दलका सदस्यको पहिचान जाँच गरिएको छ । 'विमानमा सवार ३०३ यात्रु र चालक दलका सदस्यको पहिचान जाँच भइरहेको छ,' फ्रान्सको सरकारी वकिलको कार्यालयले जनाएको छ । उनीहरूको यात्राको उद्देश्य पनि जाँच भइरहेको छ । फ्रान्सको राष्ट्रिय संगठनविरोधी अपराध एकाइ जुनाल्कोले अनुसन्धानको नेतृत्व गरिरहेको छ । यात्रुहरूले अवैध रूपमा अमेरिका वा क्यानडा प्रवेश गर्ने योजना बनाएको हुन सक्ने घटनासँग परिचित स्रोतलाई हवला दिँदै भारतीय समाचार संस्था एनडिटिभीले जनाएको छ । फ्रान्समा अवतरण गरेपछि उनीहरूलाई पहिले विमानमा राखिएकोमा केहीबेरपछि टर्मिनल भवनमा बेडको व्यवस्था गरेर बस्न लगाइएको थियो । विमान अवतरणपछि सुरक्षा अधिकारीले विमानमा सवार केही यात्रुलाई नियन्त्रणमा लिएर केही समय विमानस्थललाई बन्द गरेका थिए । फ्रान्सेली प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको छ । दुबईबाट निकारागुआतर्फ उडिरहेको विमानका अधिकांश यात्रु भारतीय मूलका नागरिक रहेका फ्रान्सस्थित भारतीय दूतावासले जनाएको थियो । विमान अवतरण गरेलगत्तै दूतावासको एक टोली विमानस्थलमा पुगेको थियो । दूतावासले विमान 'टेक्निकल हल्ट' का कारण रोकिएको जनाएको थियो । सो विमान रुमेनियाको चार्टर कम्पनी लिजेन्ड एयरलाइन्सको स्वामित्वमा थियो । लेजेन्ड एयरलाइन्सकी वकिल लिलियाना बाकायोकाले कम्पनीले कुनै गल्ती नगरेको बताइन् ।



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
राजपुर, डोटी

निर्माण कार्यमा ढिलासुस्ती बारे अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०।०९।०८

तपशिलमा उल्लेखित निर्माण व्यवसायीहरुले यस आयोजना कार्यालयसँग निम्नानुसारको निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेता पनि तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न गर्ने प्रयास नगरेको र निर्माण कार्य सम्पन्न गर्नका लागि यस अघि पटक पटक लिखित तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता बमोजिमको निर्माण कार्य सुचारु गरी तत्काल सम्पन्न गर्न सक्ने विश्वसनीय आधार सहित यस आयोजना कार्यालयमा स्वयम् उपस्थित भई स्पष्टीकरण पेश गर्न जानकारी गराइन्छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्त, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी कानूनी कारबाहीको प्रकृया अगाडी बढाइने व्यहोरा जानकारी गराइन्छ ।

तपशिल :

क्र. सं.	ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	कार्य सम्पन्न गर्नपर्ने मिति (म्यादथप पछि)
१.	DUDBC/DOTI/NCB/WORKS/E-BID-14-073–074	हिकिला स्वास्थ्य चौकी भवन, दार्चुला	खम्पाचे शेर्पा निर्माण सेवा प्रा.लि., चावहिल, काठमाण्डौ	२०७४।०८।११	२०७८।१२।३०
२.	26/2064/065	मंगलसेन दरवार र सहायक संरचना निर्माण कार्य, अछाम	राजेन्द्र/साँउद/तल्सीदुर्गा/कुँवर/ बडिमालिका जे.भी., धनगढी कैलाली	२०६५।०३।२४	२०७८।१२।३०

आयोजना प्रमुख

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok, Taplejung
Province No.1, Nepal

Invitation for Sealed Quotation

Name of the Office: Phaktanglung Rural Municipality
Address of the Office: Tapethok,Taplejung

Invitation for Sealed Quotation for the procurement of stationery and other items

Sealed Quotation No: **FRM/G/SQ/PSI/2080/081/06**

Date of Second Publication : 2080/09/08 (24th December 2023)

1. **Phaktanglung Rural Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of ***stationery and other items.***
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality, Tapethok,Taplejung,Phaktanglungmun@gmail.com 9852660310,9852660491][or may visit PPMO website www.bolpatra.gov.np.]*
3. *Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost Rs:**1000** of bidding document in the following account*

   ***Name of the Bank :** Global IME Bank **Name of Office:** Phaktanglung Rural Municipality*

   ***Office Account no. :** 26604010000011*

   ***Rajaswa (revenue) Shirshak no. :** Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung"]*
4. *Sealed bids must be submitted to the office of Phaktanglung Rural Municipality through e-GP system i.e* www.bopatra.gov.np/egp*] on or before **12:00PM** on **2080/09/22**. Bids received after this deadline will be rejected.*

   *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Tapethok at **13:00PM on 2080/09/22** at the office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **50000**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.**2080/12/11**). If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account*

   ***Name of the Bank:** Global IME Bank **Name of Office:** Phaktanglung Rural Municipality*

   ***Office Account no.:** S504010000008*

   ***Account Name:** Dharauti account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*
5. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief administrative office

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ८ पुस ०८०

नेपाल-भारत दोस्रो अन्तरदेशीय प्रसारणलाइन

भारतमा सकियो तयारी, नेपालमा अन्योल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल-भारत दोस्रो अन्तरदेशीय (न्यु बुटवल-गोरखपुर) विद्युत् प्रसारणलाइनको भारत खण्डमा निर्माण सुरु हुन लागिसक्यो, तर नेपाल खण्डको निर्माण भने अझै अन्योलमा छ। नेपाल र भारतले संयुक्त रूपमा बनाउन लागेको भारततर्फको प्रसारणलाइनको निर्माण यही डिसेम्बरमा सुरु गर्ने तयारी छ। तर, मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)अन्तर्गत बन्ने नेपाल खण्डको प्रसारणलाइनको निर्माण भने अन्योलमा देखिएको छ।

एमसिसी प्रसारणलाइनको पुनः टेन्डरमा भएको ढिलाइका कारण नेपाल खण्डको निर्माण अन्योलमा देखिएको हो। फलस्वरूप भारत र नेपाल खण्डको प्रसारणलाइन फरक-फरक समयमा बन्ने सम्भावना देखिएको छ। त्यो अवस्थामा आयोजनाबाट समयमै लाभ लिन नसक्ने जोखिमसमेत बढेको विज्ञहरू बताउँछन्।

यस प्रसारणलाइनको कुल लम्बाइ एक सय ४० किलोमिटर छ। त्यसमा एक सय २० किलोमिटर खण्ड भारतमा पर्छ, जुन प्रसारणलाइन नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडले संयुक्त (५०-५० प्रतिशत लगानी) रूपमा निर्माण गर्दै छन्। त्यसको निर्माण यही डिसेम्बर अन्तिम साताबाट सुरु हुने प्राधिकरणका निर्देशक प्रबल अधिकारीले बताए।

उनका अनुसार उक्त परियोजनाको वित्तीय व्यवस्थापन सम्झौता पनि अबको ६ महिनामा हुँदै छ। साथै, त्यसको निर्माणसम्बन्धी टेन्डरको मूल्यांकन अन्तिम चरणमा पुगिसकेको छ। अब छिट्टै निर्माण सुरु हुने र त्यसको साढे दुई वर्षमा आयोजना तयार हुने निर्देशक अधिकारीले बताए।


गत १७-२० जेठ ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा यस परियोजना निर्माणको शिलान्यास भइसकेको छ। प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्त रूपमा यसको शिलान्यास गरेका थिए। अब डिसेम्बर अन्तिम साताबाट निर्माण सुरु हुने अधिकारीको भनाइ छ।

नेपाल-भारत विद्युत् व्यापारका लागि यो प्रसारण लाइन निकै महत्त्वपूर्ण छ। चार सय केभी डबल सर्किट क्षमतामा बनाइने यो प्रसारणलाइनबाट दुई हजार मेगावाट विद्युत् आदान-प्रदान गर्न सकिनेछ। हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर पहिलो अन्तरदेशीय लाइनबाट एक हजार मेगावाट विद्युत् मात्रै आदान-प्रदान गर्न सकिन्छ। नेपाल र भारतबीच विद्युत् व्यापार बढ्दै जाँदा थप प्रसारणलाइनको आवश्यकता बढ्दै गएको छ। सोहीअनुसार यो प्रसारणलाइनको निर्माण अघि बढाइँदै छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

भारत खण्डको प्रसारणलाइन संयुक्त रूपमा बनाउने गरी नयाँदिल्लीमा संयुक्त स्वामित्वको कम्पनी दर्ता भइसकेको छ। त्यसमा प्राधिकरणको ४६ करोड भारु (७३ करोड ६० लाख नेपाली रुपैयाँ) सेयर छ। सोहीबराबरको सेयर भारतको पनि छ।

यस आयोजनाको अनुमानित लागत करिब चार अर्ब ६२ करोड भारु (सात अर्ब ३९ करोड रुपैयाँ) रहेको छ। त्यसमा ८० प्रतिशत लगानी ऋणमार्फत जुटाइँदै छ। भारतकै नेतृत्वमा अहिले लगानी खोज्ने काम भइरहेको छ, सोहीअन्तर्गत ६ महिनाभित्र वित्तीय व्यवस्थापन सम्झौता हुने सूचना भारतले दिएको छ।



■ यसकारण नेपाल खण्डको निर्माण अन्योल

भारत खण्डको निर्माण सुरु हुन लाग्दा नेपाल खण्डको निर्माण भने अन्योलमा छ। विशेष गरी एमसिसी प्रसारणलाइन निर्माणको पुनः टेन्डरमा ढिलाइ हुँदा यसको निर्माणमा अन्योल भएको हो। यसको निर्माणका लागि प्राधिकरणले एमसिए नेपाललाई ६ करोड ७० लाख डलर दिने सम्झौता गरिसकेको छ। विशेष गरी प्रसारणलाइन तथा सबस्टेसनमा डिजाइन थप गर्ने गरी उक्त पैसा थपिएको थियो।

एमसिसीले योसहित तीन सय १५ किलोमिटर लामो चार प्रसारण लाइन बनाउँदै छ। त्यसको निर्माणका लागि १२ मंसिर ०७९ देखि ७ जेठ ०८० सम्म ग्लोबल टेन्डर आह्वान गरिएको थियो। तर, त्यसमा अनुमानित लागतभन्दा वित्तीय प्रस्ताव धेरै आएपछि गत असोजमा सबै टेन्डर रद्द गरिएको थियो। तर, त्यसको निर्माणका लागि अझै पुनः टेन्डर आह्वान गरिएको छैन। त्यसले गर्दा नेपाल खण्डको निर्माण अन्योलमा परेको हो।

पुनः टेन्डर आह्वान गरेर ठेकदार छनोट गर्दा कम्तीमा नौ महिना लाग्छ। त्यसपछि ठेकदार कम्पनीले आयोजना स्थलको पुनः सर्भे गरेर प्रसारणलाइनको डिजाइन बनाउँदा डेढ वर्ष यता निर्माण सुरु हुने देखिँदैन। त्यसपछि निर्माण गर्न पनि थप समय लाग्ने देखिन्छ। त्यो अवस्थामा भारत खण्डको निर्माण छिट्टै सकिने र नेपाल खण्डको निर्माण ढिलो सकिने देखिएको छ। फलस्वरूप भारत खण्डको प्रसारणलाइन बनाएर केही समय यत्तिकै राख्नुपर्ने अवस्था आउन सक्ने विज्ञहरू बताउँछन्।

यद्यपि, एमसिए नेपालले प्रसारणलाइन निर्माणका लागि अब छिट्टै टेन्डर आह्वान गर्ने बताएको छ। गत शुक्रबार एक सार्वजनिक सूचना जारी गर्दै एमसिए नेपालले अर्थ मन्त्रालय, एमसिसी र सञ्चालक समितिसँग निकटतापूर्वक काम भइरहेको बताएको छ। यता प्राधिकरणका अधिकारीहरू भने एमसिसी परियोजनामा भएको ढिलाइका कारण समस्या आउन सक्ने बताउँछन्।

'नेपाल खण्डको तुलनामा भारत खण्डको निर्माण छिट्टै सकिने देखिन्छ। त्यो अवस्थामा हामीले भारत खण्डको प्रसारणलाइन बनाएर केही समय होल्ड (प्रयोगविहीन) गर्नुपर्ने अवस्था आउन सक्छ,' एक अधिकारीले भने, 'सकेसम्म त्यस्तो अवस्था नआओस् भन्ने हामी चाहन्छौं।'

पूर्वसचिव देवेन्द्र कार्कीले भने यसमा आत्तिहाल्नुपर्ने अवस्था नभएको बताए। तर, एमसिए नेपालले समयमै परियोजना बनाउनुपर्ने उनको भनाइ छ। 'यस परियोजनामा भारत खण्डकै काम मुख्य हो। नेपालमा जम्मा २० किलोमिटर मात्रै प्रसारणलाइन बनाउने हो। त्यसको निर्माण धेरै समय लाग्दैन। समय लाग्ने त भारत खण्डमै हो,' उनले भने, 'एमसिए नेपालले समयमै काम गर्न सक्यो भने समस्या आउँछजस्तो लाग्दैन।'

प्राधिकरणले नै मागेको थियो आयोजना

एमसिसी कार्यान्वयनमा अन्योल देखिएपछि प्राधिकरणले नेपाल खण्डको प्रसारणलाइनको निर्माण आफैंले गर्न खोजेको थियो। यसका लागि प्राधिकरणले एमसिए नेपाललाई औपचारिक पत्र नै पठाएको थियो। तर, एमसिसी कार्यान्वयनमा अघि बढेपछि एमसिए नेपालले भने प्राधिकरणलाई नदिएर आफैंले नै उक्त खण्डको प्रसारणलाइन बनाउने निर्णय गरेको थियो। साथै, प्राधिकरणले पनि समयमै बन्ने आशामा एमसिएबाट उक्त आयोजना खोस्न चाहेन। तर, अहिले भने एमसिसीबाटै उक्त प्रसारणलाइन समयमा नबन्ने जोखिम बढेको छ।

■ डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल विवाद

शीर्ष नेता गुहार्ने उद्योगीहरूको तयारी

नयाँ पत्रिका

डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन काटेपछि उद्यागीहरूले उच्चस्तरको राजनीतिक पहल गर्ने तयारी गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायत निजी क्षेत्रका संगठनहरूको नेतृत्वमा आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गर्ने र त्यसलगत्तै सत्ता तथा विपक्ष दलका नेतालाई भेट्ने तयारी गरेका हुन्।

डेडिकेटेड फिडर र ट्रंक लाइनबाट प्रयोग गरिएको विद्युत्को प्रिमियम शुल्क नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले शुक्रबार मात्रै जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्टको लाइन काटेको छ। कुल ६१ उद्योगले २१ अर्ब ८७ करोड ८५ लाख तिर्न बाँकी रहेको भन्दै अन्य उद्योगको पनि लाइन काट्ने तयारी प्राधिकरणको छ। तर, यता उद्योगीहरूले भने त्यस्तो शुल्क नतिरेर उच्च राजनीतिक पहलमा अघि बढ्ने तयारी गरेका छन्। कानुनी कदम उठाउनेसमेत उनीहरूको तयारी छ।

प्राधिकरणले शुक्रबार चार उद्योगको लाइन काटेसँगै शनिबार बिहान नेपाल उद्योग वाणिज्य महासंघको आकस्मिक बैठक बसेको थियो। बैठकमा लाइन काटिएका र बक्यौता बाँकी देखिएका अन्य उद्योगका सञ्चालकहरू पनि थिए। बैठकले प्राधिकरणको लाइन काट्ने कदम न्यायपूर्ण नभएको निष्कर्ष निकाल्दै त्यसविरुद्ध आवश्यक कदम उठाउने निर्णय गरेको छ।

पहिलो चरणमा आइतबार नै पत्रकार सम्मेलन गर्न लागेको महासंघकी एसोसिएट उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठले जानकारी दिइन्। 'उद्योगीहरूले पैसा नतिर्ने भनेका छैनन्, तिर्छन्। तर, वास्तविक तथ्यांक त पाउनुपर्‍यो नि ! तीन वर्षपछि आएर एकाएक प्रिमियम शुल्कको बिल पठाइयो। तर, त्यसरी बिजुली प्रयोग गरेको प्रमाण पठाइएन,' उनले भनिन्, 'लाइन काटियो भन्दैमा पैसा नै तिर्ने भन्ने कुरा हुँदैन। हामी उद्योगहरूमा परेको अन्यायविरुद्ध कदम उठाउँछौं। यसमा सरकारले सबै उद्योगलाई न्याय हुने गरी काम गर्नुपर्छ।'

शुक्रबार लाइन काटिएका अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले यसमा उद्योगीहरूको गल्ती नभएको बताए। 'उद्योगीहरूले पैसा नै तिरेका छैनन् भन्ने छाप परेको छ। हामीले नियमित महसुल तिरिरहेकै छौं। केही असहमति भएका कारण डेडिकेटेड फिडर र ट्रंक लाइनको प्रिमियम शुल्क भनिएको पैसा मात्रै नतिरेको हो। त्यो बिल पनि त्यसबेला नै दिएको भए, उति नै खेर छिनोफानो हुन्थ्यो। तर, तीन वर्षपछि बिल पठाइयो। यसबारे सर्वसाधारणदेखि सरकारले नै विस्तृत रूपमा बुझ्न आवश्यक छ,' उनले भने, 'त्यसैले आइतबार पत्रकार सम्मेलन गरेर हामीलाई मर्का परेका विषय सार्वजनिक गर्छौं। त्यसपछि राजनीतिक पहल अगाडि बढाउनेछौं। आवश्यक परेको अवस्थामा कानुनी प्रक्रियामा पनि जान सक्छौं।'

उद्योगीहरूले एकपटक प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई समेत भेट्ने बताएका छन्। साथै, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतलगायत सत्तापक्ष दलका नेता र विपक्ष दलका नेताहरूलाई भेट्ने तयारीमा उद्योगीहरू छन्।

■ थप उद्योगको लाइन काट्ने तयारीमा प्राधिकरण

यता प्राधिकरणले भने थप उद्योगहरूको लाइन काट्ने तयारी गरेको छ। शनिबार सार्वजनिक बिदा भएका कारण प्राधिकरणले थप उद्योगमा लाइन काटेको छैन। साथै, लाइन काटिएका उद्योगहरूले पनि प्राधिकरणसँग थप कुनै पहल गरेका छैनन्। अब आइतबारदेखि थप उद्योगहरूमा लाइन काट्ने तयारी भएको प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले जानकारी दिए। 'कुन-कुन उद्योगको लाइन काट्ने भने सूची नै तयार भएको छैन। तर, बक्यौता नतिरेका उद्योगहरूको लाइन चरणबद्ध रूपमा काट्दै जान्छौं,' उनले बताए।

नेपालमा चरम लोडसेडिङ भएका वेला प्राधिकरणले ६५ प्रतिशतभन्दा बढी शुल्कमा साउन ०७२ देखि उद्योगहरूलाई डेडिकेटड फिडर र ट्रंक लाइनबापत न्यूनतम २० घण्टा विद्युत् उपलब्ध गराएको थियो। तर, अहिले त्यसबापतको महसुल शुल्क भने विवादमा छ। प्राधिकरणले यसअघि फागुन ०७६ मा यस्तो शुल्क नतिर्ने उद्योगको लाइन काटेको थियो। तर, राजनीतिक तथा सरकारकै दबाबमा तत्कालनै सम्बन्धित उद्योगहरूमा लाइन जडान गरिएको थियो। उल्टै, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोधिएको थियो। तर, अहिले भने सरकारकै सहयोगमा प्राधिकरणले लाइन काटेको छ।

बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड
BPW Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग प्रादेशिक स्तरको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा-८, तिनदोबाटो, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६०१९६, Web site : www.bpwlaghubitta.com.np

पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०८

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० पौष ६ गते बसेको १५२ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं वार्षिक साधारणसभा (आ.व. ०७९/८०) निम्न मिति, समय र स्थानमा देहायका उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २९ गते आईतबार (तदनुसार १४ जनवरी,२०२४)
समय : विहान ११:०० बजे
स्थान : होटल ले बगैचाको सभा हल,जावलाखेल,ललितपुर

छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने।
२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एवं सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने।
३. आ.व.२०७९/०८० को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री सुविज एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ।)

(ख) विविध :

साधारणसभा सम्बन्धी थप जानकारी :

१. शेयरधनी दर्ता किताब बन्द रहने : पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज मिति : २०८०/०९/१७ गते बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ।
२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ।
३. पाँचौ वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ। कुनै कारणवश उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट (www.bpwlaghubitta.com.np) मा पनि हेर्न सक्नुहुनेछ। साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोक वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन।
५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ।
६. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कार्यालय समयभित्र वित्तीय संस्थाको वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोक स्थित केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।
८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, वनेपा-०८, तिनदोबाटो, काभ्रेपलाञ्चोकको फोन नं. ०११-६६०१९६ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

संचालक समितिको आज्ञाले
कम्पनि सचिव

बैंकको ब्याजदरविरुद्ध व्यापारी आन्दोलित

बाँकेमा **विश्वराज पछल्डङ्गया**

बैंकको चर्को ब्याजविरुद्ध बाँके र बर्दियाका व्यापारी आन्दोलित भएका छन्। केही दिनअघि आन्दोलन घोषणा गरेका स्थानीय व्यापारीले शनिबार नेपालगन्जमा विरोध सभा गरेर बैंकले बढाएको ब्याज तत्काल फिर्ता नलिए सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए।

नेपालगन्ज उद्योग वाणिज्य संघको अगुवाइमा भएको विरोध सभामा बर्दिया र सुर्खेतका उद्योगी-व्यवसायीले समेत ऐक्यबद्धता जनाएका छन्। बैंकले बढाएको ब्याज तत्काल फिर्ता नलिए सरकारलाई असहयोग गर्ने उनीहरूले स्पष्ट पारे। धम्बोझी चोकमा भएको विरोध सभामा सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेल रावतले उद्योगी-व्यवसायीसँग सरकार ढाल्ने ताकत भएको बताउँदै समयमै समस्या समाधान नगरे सरकारलाई समस्या हुने बताए। 'हामीसँग सरकार बनाउने र ढाल्ने शक्ति छ। सरकारले वेलैमा ब्याजदर नघटाए आन्दोलनको आँधीबेहरीमार्फत सरकार ढाल्नेछौं,' उनले भने।



नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंकबहादुर धामीले जुन ब्याजदरमा ऋण लिएको हो, सोही दरमा ब्याज कायम हुनुपर्ने बताए। उनले उद्योगी-व्यवसायीले ऋण मिनाहा गर्न माग गरेको नभई पहिलेकै दरमा ब्याज लिन माग गरेको जिकिर गरे। 'पहिले ८ प्रतिशत ब्याज लिने गरी ऋण दिएका बैंकले बढाएर १६ प्रतिशत पुऱ्याउँदा धेरै उद्योगी-व्यवसायीले ऋण तिर्न नसकेर बन्द भएका छन्,' उनले भने, 'बैंकको ब्याज तिर्न नसकेर कतिपयले आत्महत्या गर्नुपरेको छ। ब्याज नघटाए नेपालगन्जबाट सुरु भएको आन्दोलनलाई देशव्यापी बनाएर सरकारलाई अप्ठ्यारो बनाउँछौं।'

मधुवन उद्योग वाणिज्य संघका अध्यक्ष दुर्गा रिमालले बैंकले ब्याजदर बढाउँदा उद्योग-व्यापार धराशायी भएको बताउँदै सरकारले यस विषयमा नसोचे अझ भयावह अवस्था आउने बताए।'

विरोध सभामा कोहलपुर उद्योग वाणिज्य संघका महासचिव मातृका सापकोटाले कोरोनाका वेला व्यापार-व्यवसाय बन्द गर्न लगाएको सरकारले ऋणको ब्याजदर बढाएर व्यापारीको घाउमा नुनचुक लगाएर भनै घाइते बनाएको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरीले बैंकको ब्याजले उद्योगी-व्यवसायीहरू आत्महत्या गर्ने अवस्थामा पुग्दासमेत सरकार मुकदर्शक भएर बस्नु दुर्भाग्य भएको धारणा राखे। उनले भने, 'उद्योगी-व्यापारीको आन्दोलनलाई कम नआँक्ने मेरो आग्रह छ। व्यापारी-उद्योगीको करले देश र राजनीतिक दल चलेका छन्। समयमै ब्याजदर समायोजन नभए सरकारलाई बढार्ने आँधीबेहरी सिर्जना गर्छौं।'

विरोध सभामा व्यावसायिक सरोकार मञ्च बाँकेका अध्यक्ष देवानन्द अर्यालले पनि ब्याजदर समायोजन नभए सरकारलाई असहयोग गर्ने र सरकार गिराउने आन्दोलन गर्ने चेतावनी दिए।

नेपाल र भारतबीच डिजिटल भुक्तानी गेटवे फागुन दोस्रो सातादेखि

काठमाडौं/ नेपाल र भारतबीच डिजिटल भुक्तानी गेटवे पहिलो चरणमा सन् २०२४ को फेब्रुअरी अन्तिम (फागुन दोस्रो) साताबाट सुरु हुने भएको छ। नेपालको बैंकिङ, फाइनान्स एन्ड इन्स्योरेन्स इन्स्टिच्युट र भारतको पिएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीको 'भारत-नेपाल सेन्टर'द्वारा शुक्रबार आयोजित नेपाल बिएफएसआई सम्मेलनमा भारतीय राजदूत नवीन श्रीवास्तवले यस्तो जानकारी गराएका हुन्।

६ महिनाअघि एनपिसिआई इन्टरनेसनल पेमेन्ट्स लिमिटेड (एनआइपिएल) र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले भारतको युनिफाइड पेमेन्ट इन्टरफेस (युपिआई) र नेसनल पेमेन्ट इन्टरफेस (युपिआई)लाई एकीकृत गरी नेपाल र भारतबीचको सीमापार डिजिटल भुक्तानीलाई सहज बनाउने सहमति भएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमण (जेठ १७-२०) का वेला एनपिसिआई र एनसिएचएलबीच भएको सम्झौताअनुसार डिजिटल भुक्तिानी गेटवे सुरु हुन लागेको उनले बताए। 'हामीले यो यात्रा पहिले नै थालिसकेका छौं, गत वर्ष नेपालमा रु-पे कार्डको सुरुवात भएको थियो,' श्रीवास्तवले भने, 'फेब्रुअरी अन्तिम सातादेखि एनपिसिआई र एनसिएचएलबीच भुक्तानी प्रणाली सुरु हुनेछ।'

सम्मेलनमा अर्थमन्त्री डा. प्रकाशशरण महतले भारतसँगको सीमापार भुक्तानीको महत्त्वमा जोड दिँदै दक्षिण एसियाबीच यस सन्दर्भमा सहकार्य हुनुपर्ने बताए। 'क्षेत्रीयस्तरमा सहयोग धेरै नै महत्त्वपूर्ण छ, विशेष गरी नेपाल, भारत र दक्षिण एसियाली देशहरूबीचको सहकार्य अपरिहार्य छ। हाम्रो नेपाल र भारतबीच ठूलो व्यापारिक सम्बन्ध छ र बंगलादेशसँग पनि बढ्दै छ,' अर्थमन्त्रीले भने।

यसअघि राष्ट्र बैंकले राष्ट्रिय भुक्तानी स्विच स्थापना र सञ्चालन गर्ने एवं राष्ट्रिय भुक्तानी कार्ड सञ्चालन गर्ने काम एनसिएचएललाई दिएको थियो। ६ महिनाअघि भुक्तानी प्रणाली अपरेटर गेटवे भुक्तानी सेवाले नेपालमा पहिलोपटक अन्तर सञ्चालनयोग्य र मोबाइल-फर्स्ट प्रविधिमा आधारित क्रस बोर्डर भुक्तानी प्रणाली सुरु गरेको थियो।

नेसनल पेमेन्ट कर्पोरेसन अफ इन्डिया र यसको अन्तर्राष्ट्रिय शाखा इन्टरनेसनल पेमेन्ट्सले नेपालमा युपिआई प्रणाली लागू गर्न गेटवे पेमेन्ट सर्भिस र मनाम इन्फोटेकसँग सहकार्य गरिसकेका छन्। एकीकृत भुक्तानी इन्टरफेस वास्तविक समय भुक्तानी प्रणाली भएका कारण यसबाट भारतमा व्यक्तिदेखि व्यक्ति र व्यक्तिदेखि व्यापारी लेनदेनहरू सरल र सुरक्षित रूपमा हुँदै आएको छ। नेपालका लागि भारतका पूर्वराजदूत मञ्जीवसिंह पुरीले पनि भारतीय फिनटेक कम्पनीहरूले राष्ट्रहरूबीच डिजिटल भुक्तानीलाई अगाडि बढाउने क्रममा सहजीकरण गर्न सक्ने बताए।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सन् २०२६ लाई लक्षित गरी डिजिटल मुद्रा ल्याउनेतर्फ राष्ट्र बैंक अगाडि बढिरहेको जानकारी दिए। उनले नेपाल र भारतबीचको डिजिटल परिचयपत्रलाई सञ्चालनमा ल्याउन सकेमा जनताको आवतजावतलाई सहज बनाउन, भुक्तानी सेवा प्रवर्द्धन गर्न, व्यापार-व्यवसायको निर्बाध कारोबारमा टेवा पुग्ने बताए।

फेरि सर्‍यो भरतपुर भ्रमण वर्षको मिति

भरतपुरमा **विवेक पोखेल**

अंग्रेजी नयाँ वर्ष सन् २०२४ को पहिलो दिनबाट सुरु हुन लागेको भरतपुर भ्रमण फेरि सरेको छ। भरतपुर महानगरपालिकाले 'घुमौं भरतपुर' भन्ने नारासहित मनाउन लागेको भ्रमण वर्ष मुख्य राजमार्ग निर्माणाधीनको अवस्थामै रहेकाले सार्नुपरेको बताएको छ। ०८० सालेलाई भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको महानगरले त्यतिवेला पनि यही कारण देखाउँदै अन्तिम समयमा कार्यक्रम रद्द गरेको थियो।

वर्ष २०२४ को भ्रमण वर्ष केही समयका लागि सारिएको हो कि स्थगित गरिएको महानगरले टुंग्याएको छैन। भ्रमण वर्षको बारेमा ठोस निर्णय २२ पुसमा बस्ने नगरपरिषद् बैठकले तय गर्ने भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानाले बताए। उनले भने, 'बाह्य कारणले भ्रमण वर्षको उद्घाटन मात्र सरेको हो, भ्रमण वर्षका कार्यक्रम भने नियमित हुन्छ।'

विस्तारका क्रममा रहेका पुल्चोक-गोन्द्राङ सडक र नारायणगढ-बुटवल सडकमा धुलोले यात्रामा सास्ती छ। त्यस्तै, नारायणगढ-मुग्लिन सडक पनि पुस ७ गतेदेखि दैनिक चार घण्टा बन्द हुने कारणले भ्रमण वर्षको कार्यक्रम रोकेको महानगरले बताएको छ। उत्सव मनाउन, च्याली निकाल्नसमेत सडकले असर गरेकाले औपचारिक कार्यक्रम रोकिएको रानाले बताए।

महानगरको मुख्य बजार क्षेत्रमै सडक अस्तव्यस्त भएपछि भ्रमण वर्ष सार्न निजी क्षेत्रले समेत यसअघि सुझाव दिएको थियो। भ्रमण वर्षको तयारी एवं प्रचारप्रसारमा महानगरले लाखौं रुपैयाँ खर्च गरिसकेको छ। यद्यपि, कति खर्च भयो भन्ने कुरा महानगरपालिकाले खुलाएको छैन। यसअघि महानगरले अंग्रेजी नयाँ वर्षका दिन प्रधानमन्त्रीमार्फत ल्याएर भव्य कार्यक्रमबीच भ्रमण वर्षको शुभारम्भ गर्ने तयारी गर्दै थियो।

निसानको नयाँ 'एक्स ट्रेल' सार्वजनिक

काठमाडौं/ नेपालमा निसानको नयाँ 'एक्स ट्रेल' सार्वजनिक भएको छ। नेपालका लागि निसानको आधिकारिक विक्रेता पायोनियर मोटो कर्पले चौथो जेनेरेसनको नयाँ 'एक्स ट्रेल' ल्याएको हो। सन् २००१ मा 'एक्स ट्रेल'को उदयपछि विश्वभर सात मिलियनभन्दा बढी 'एक्स ट्रेल' गाडी बिक्री भएका छन्। 'एक्स ट्रेल' विश्वकै एक अधिक लोकप्रिय परिवारलक्षित एड्भेन्चर सवारीसाधन भएको कम्पनीको दाबी छ।

एक करोड ८७ लाखको प्रारम्भिक मूल्यमा सुरु भएको, 'एक्स ट्रेल'ले नवीनतम मोबिलिटी सोलुसनहरू प्रस्तुत गर्ने ब्रान्डको प्रतिबद्धतालाई मूर्तरूप दिने कम्पनीले जनाएको छ। यसले ग्राहकलाई आकर्षक एक्सटेरियर र इन्टेरियर डिजाइन, परिष्कृत सुरक्षालगायत उच्चस्तरको सुविधा दिने कम्पनीको दाबी छ।



पायोनियर मोटो कर्पका प्रबन्ध निर्देशक सन्दीप सारडाले नेपालमा नयाँ 'एक्स ट्रेल' इ-पावर, पेट्रोल इन्जिनको ब्याकअप भएको इलेक्ट्रिक ड्राइभङ हुने बताए। 'यो गाडी सार्वजनिक गर्न पाउँदा हामी खुसी छौं। एक्स ट्रेल' इ-पावर ठूलो, आरामदायी र बहुपयोगी एसयुभी चाहने ग्राहकका लागि उत्कृष्ट छनोट हुनुका साथै वातावरणमैत्री, प्रभावकारी र चलाउन रमाइलो सवारीसाधन पनि हो,' उनले भने, 'एक्स ट्रेल' इ-पावर नवीनतम मोबिलिटी सोलुसनमार्फत मानिसको जीवनलाई सहज बनाउने निसानको दृष्टिकोणको प्रमाण हो।'

निसानका सिबियु निर्यात तथा दक्षिण एसिया व्यापार प्रमुख रघुनाथ नैरले निसानको इ-पावर टेक्नोलोजीलाई ग्राहकले विश्वभर नै स्वागत गरेको बताए।

लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सको लघु बिमा सेवा सुरु



कास्कीमा **रोहितराज पराजुली**

लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सले औपचारिक रूपमा आफ्नो सेवा सुरु गरेको छ। पोखराको न्युरोडमा प्रधान कार्यालय रहेको कम्पनीको नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाललेे शुक्रबार उद्घाटन गरेसँगै औपचारिक रूपमा लघु बिमा सेवाको शुभारम्भ भएको छ।

१७ पुस ०७९ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल बिमा प्राधिकरणबाट १ भदौ ०८० मा लघु जीवन बिमा व्यवसायको इजाजतपत्र र १९ असोज ०८० मा व्यवसाय सञ्चालनको स्वीकृति पाएको कम्पनीका अध्यक्ष निकोलस पाण्डेले जानकारी दिए। अध्यक्ष पाण्डेका अनुसार कम्पनीले 'समृद्ध कवच म्यादी जीवन बिमा योजना' र 'समृद्ध भविष्य लघु जीवन बिमा योजना' गरी हाल दुईवटा योजना ल्याएको छ। दुई बिमा योजनामार्फत कम्पनीले न्यूनतम २५ हजार र अधिकतम पाँच लाखसम्मको योजना सञ्चालन गर्नेछ। बिमाको अवधि ५, १०, १५ र २० वर्षको रहने पाण्डेले जानकारी दिए। बिमा गरेका बिमितलाई दुर्घटना लाभबापत ०.७५ र स्थायी पूर्ण अशक्तता लाभबापत ०.६५ प्रतिहजार प्रदान गरिने र बिमालेख सक्रिय रहेको अवधिमा भित्र जुनसुकै वेला बिमितको मृत्यु भएमा मूल बिमा रकम परिवारलाई दिइने पाण्डेले बताए। यसैगरी, कम्पनीले म्यादी बिमासमेत सञ्चालन गरेको छ, जसका लागि बिमितले वार्षिक एक सय ३२ रुपैयाँ तिर्नुपर्नेछ। म्यादी बिमा गर्ने बिमितको एक वर्षभित्र मृत्यु भएमा परिवारले एक लाख रुपैयाँ पाउनेछन्।

प्रमुख कार्यकारी अधिकृत रामकुमार यादवका अनुसार कम्पनीको अधिकृत पुँजी एक अर्ब र जारी पुँजी ७५ करोड रहेको छ। हाल संस्थापकद्वारा ५२ करोड ५० लाख चुक्ता भएको र बाँकी २२ करोड ५० लाख आइपिओ जारी गरी चुक्ता गरिनेछ।

चितवनमा रैथाने फुड फेस्टिभल हुँदै

भरतपुर/ होटेल व्यवसायी संघ चितवनले क्याम्पाचौरमा रैथाने फुड फेस्टिभल तथा बृहत् सांस्कृतिक कार्यक्रम गर्ने भएको छ। अंग्रेजी नयाँ वर्ष २०२४ तथा तमु ल्होसारको अवसरमा पुस १४ गतेदेखि १८ सम्म फुड फेस्टिभल आयोजना हुने होटेल व्यवसायी संघ चितवनका अध्यक्ष लोकनाथ भट्टले जानकारी दिए। उनका अनुसार रैथाने खानेकुरालाई प्राथमिकता दिइएको फुड फेस्टिभलमा साना-ठूला गरी ३९ वटा स्टल रहनेछन्। जसमा ३४ साधारण र पाँचवटा विशेष स्टल रहनेछन्। फुड फेस्टिभलमा पशुपति शर्मा, प्रीति आले, अनु चौधरी, हास्य कलाकार सुबोध गौतम, सुप्रिम मल्ल ठकुरी, कर्णराज गिरी, प्रजापति पराजुली, स्वप्न सुमन, ढाकाराम पौडेल, राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान चितवनका कलाकारलगायत अन्य राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहनेछ भने स्याडोज ब्यान्डको प्रस्तुति पनि हेर्न सकिनेछ।

मध्यमर्स्याङ्दीको उत्पादन घट्यो, ४० मेगावाट मात्रै विद्युत् उत्पादन

लमजुङमा **शान्ता कमली**

लमजुङस्थित ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाबाट क्षमताभन्दा करिब आधा मात्रै विद्युत् उत्पादन हुन थालेको छ। मर्स्याङ्दी नदीमा पानीको बहावमा कमी आएपछि उत्पादनमा कमी भएको हो। बर्खाको समय टर्बाइन खुला छाड्दा ७३ मेगावाटसम्म उत्पादन हुने जलविद्युत् केन्द्रबाट अहिले दैनिक औसत ४० मेगावाट मात्रै उत्पादन हुने गरेको आयोजनाका केन्द्र प्रमुख पवन बस्नेतले बताए। उनका अनुसार पानीको बहाव कम हुँदा अहिले आयोजनाबाट औसत दैनिक ४०-४२ मेगावाट विद्युत् मात्र उत्पादन भएको हो। पानी पर्ने र हिउँ पग्लिने समयदेखि विद्युत् उत्पादन बढ्ने केन्द्रले जनाएको छ। उक्त परियोजनामा ३५-३५ मेगावाटका दुईवटा टर्बाइन रहेका छन्।

हिउँ नपग्लिएका कारण मर्स्याङ्दी नदीमा पानीको बहाव कम भएको छ। यससँगै विद्युत् उत्पादन कम हुँदै जान थालेको छ। हालसम्म कुल ७० मेगावाट आयोजनाबाट ३० मेगावाट बिजुली उत्पादनमा कमी आएको आयोजनाका प्रमुख बस्नेतले बताए। उनका अनुसार मंसिर पहिलो साताबाट आयोजनाको उत्पादनमा कमी आएको हो। जिल्लाका अन्य जलविद्युत् आयोजनामा समेत पानीको बहाव कम हुँदा विद्युत् उत्पादन घट्न थालेको छ।

Global IME Bank Limited

Extension of Bid Submission Deadline

First Date of publication : 24th November, 2023

Global IME Bank Limited had invited sealed proposals for **Anti-Money laundering (AML) Solution** on **24th November, 2023** on **"Naya Patrika"** with last date of submission as 24th December, 2023. This date of submission of the bid has been extended till 14th January, 2024 1:00 PM. We request to submit the bid on or before the extended submission date and time. All other information mentioned in the first published notice shall remain unchanged.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशिपुर, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/०८ नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन. सी.सी. बैंक लि.) शाखा कार्यालय जोशिपुर, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस २३ गते सोमबार**का दिन शाखा कार्यालय जोशिपुर, कैलालीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

लबारी डगौराको नातिनी, फकनु राम डगौरा/चिलिया डगौराको छोरी, साहिवा डगौरा/फुलरानी डगौराको बुहारी, राज कुमार डगौराको पत्नी, कैलाली जिल्ला, भनजी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा., वडा नं. ३ बस्ने **राम देवी डगौरा** (ना.प्र.नं. ६७२०३१/६१६७, जारी मिति २०६७/०६/१८, जिल्ला प्रशासन कार्यालय कैलाली)...१ र विरवल डगौराको नाति, साहिवा डगौरा/फुलरानी डगौराको छोरा, राम देवी डगौराको पति, कैलाली जिल्ला भनजी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा., वडा नं. ३ बस्ने **राज कुमार डगौरा** (ना.प्र.नं. ६७२०३१/८२२, जारी मिति २०६६/१०/०५, जिल्ला प्रशासन कार्यालय कैलाली)...१ समेत २।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राज कुमार डगौरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १६०२ को क्षेत्रफल ७९१.५७ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस २२ गते** भित्र बैंकको शाखा कार्यालय जोशिपुर, कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जोशिपुर, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय जोशिपुर, कैलालीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जोशिपुर, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २३ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय जोशिपुर, कैलाली फोन नं. ०९१-४०१०७२/७३

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/०९/१६ गते/स्थान : शाखा कार्यालय सिन्धुली — २०८०/०९/१८ गते, बुधबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : श्रेष्ठ आईरन स्टोर्स प्रा.लि.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं कम्पनी रजिष्ट्रेशन नं. २४५८६५/०७७/०७८, जारी मिति : २०७७/०७/०४ पान नं. ६०९८३७२१८, जारी मिति : २०७७/०७/०४ ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. १, **प्रोप्राइटर : कृष्ण राज श्रेष्ठ**
	जमानतकर्ताको विवरण
	१. नाम : कृष्ण राज श्रेष्ठ ना.प्र.नं. २०८०३/२९७८, जि.प्र.का. सिन्धुली जारी मिति : २०४४/११/२७ बाबुको नाम : अम्बर बहादुर श्रेष्ठ बाजेको नाम : सन्ता कुमार श्रेष्ठ ठेगाना : सिन्धुली जिल्ला, पाटनदेवी गा.वि.स. वडा नं. ३ हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. २ **२. नाम : भदैया कुमर** ना.प्र.नं. ८१४/१११४२, जि.प्र.का. सिन्धुली जारी मिति : २०३६/०३/०६ बाबुको नाम : हौवा कुमर बाजेको नाम : बाबु लाल कुमर ठेगाना : सिन्धुली जिल्ला, टाडी गा.वि.स. वडा नं. ४ हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. २
	धितोको विवरण
	भदैया कुमरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, टाँडी गा.वि.स. वडा नं. ४ क स्थित कित्ता नं. ८१५ को क्षेत्रफल ०-८-१५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८० साल पुस महिना ८ गते आइतबार)

यस विकास बैंक लि.को शाखा कार्यालय गुलरियाबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दे दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : गुलरिया शाखा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा तथा हायर पर्चेज कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
नाम : **विवेकानन्द पाठक** बाबुको नाम : मुनिजर लाल बाहुन पाठक बाजेको नाम : बाबुराम बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. १२ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०१९/३६१ जारी मिति र जिल्ला : २०६४/०६/२८, बाँके	१. नाम : **अञ्जली सेन्चुरी** बाबुको नाम : बेग बहादुर सुनार पतिको नाम : विवेकानन्द पाठक ससुराको नाम : मुनिजर लाल बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०३८/४५४ जारी मिति र जिल्ला : २०६६/०५/२९, बाँके

२. शाखा कार्यालय : गुलरिया शाखा — **कर्जा शिर्षक : हायर पर्चेज कर्जा तथा साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **अञ्जली सेन्चुरी** बाबुको नाम : बेग बहादुर सुनार पतिको नाम : विवेकानन्द पाठक ससुराको नाम : मुनिजर लाल बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०३८/४५४ जारी मिति र जिल्ला : २०६६/०५/२९, बाँके	१. नाम : **विवेकानन्द पाठक** बाबुको नाम : मुनिजर लाल बाहुन पाठक बाजेको नाम : बाबुराम बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. १२ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०१९/३६१ जारी मिति र जिल्ला : २०६४/०६/२८, बाँके २. नाम : **संजय यादव** बाबुको नाम : काशिनाथ यादव बाजेको नाम : ब्रमादिन यादव स्थायी ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ९ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ७ ना.प्र.नं. : ६५-०१-७०-०२८८३ जारी मिति र जिल्ला : २०७०/०६/०८, बर्दिया

३. शाखा कार्यालय : गुलरिया शाखा — **कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **आज्ञा मोटर पार्टस एण्ड सप्लायर्स** प्रोप्राइटरको नाम : अञ्जली सेन्चुरी प्रा.फ.दर्ता नं. : ६२७/१०७४५ दर्ता मिति : २०७७/११/२२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय गुलरिया, बर्दिया स्थायी लेखा नं. : ६१३६२००३३ रजिष्टर्ड ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ५	१. नाम : **अञ्जली सेन्चुरी** बाबुको नाम : बेग बहादुर सुनार पतिको नाम : विवेकानन्द पाठक ससुराको नाम : मुनिजर लाल बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०३८/४५४ जारी मिति र जिल्ला : २०६६/०५/२९, बाँके २. नाम : **विवेकानन्द पाठक** बाबुको नाम : मुनिजर लाल बाहुन पाठक बाजेको नाम : बाबुराम बाहुन पाठक स्थायी ठेगाना : बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. १२ हालको ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ४ ना.प्र.नं. : ६६१०१९/३६१ जारी मिति र जिल्ला : २०६४/०६/२८, बाँके

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
धनगढी-खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ्ग सडक योजना
बि.पि. नगर, डोटी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०९।०८ गते।

यस कार्यालयको मिति २०८०/०७/२० को '**नयाँ पत्रिका**' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 001-DKDRP/080/81 बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रहरूको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक रू. (VAT, PS समेत)
Contract No: DKDRP/33701**69**/ **080/81-0**01	Construction of Rigid Pavement & Structural Works, Kailali. [Ch.44+400 to 45+850 Km]	M/s Shiva Khimti-S.E. JV, Kathmandu-7, Maijubahal, Nepal	26,491,856.48
Contract No: DKDRP/33701**69**/ **080/81-002**	Construction of Rigid Pavement & Structural Works, Kailali. [Ch.45+850 to 47+300 Km]	M/s Subash/Mahankal/Prithivi JV, Dhangadhi, Kailali	27,539,953.29

योजना प्रमुख

नेपाल सुपर लिग

प्ले अफ पुग्ने चारै टोलीको टुंगो

रमेश सुवेदी/नयाँ पत्रिका

ललितपुर सिटी र काठमाडौं रेजर्सबीचको अन्तिम खेलसँगै नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणको प्ले अफ पुग्ने चारै टोलीको टुंगो लागेको छ। ३६औँ खेलसँगै सहभागी नौ टोलीले नै समान आठ खेल खेलेका छन्। पोखरा तालिकाको शीर्ष स्थानमा रहेर प्ले अफमा स्थान बनायो। शीर्ष स्थानको पोखराको १५ अंक रह्यो। दोस्रो स्थानको धनगढीको १३ अंक छ। अन्तिम खेलमा ललितपुरलाई १-० ले हराए १२ अंक जोडेको काठमाडौं तेस्रो स्थानमा उक्लियो। हारले भने साबिक विजेता काठमाडौं बाहिरिने पक्का थियो। लगातार दुई खेल हारेर पनि १० अंक जोडेको ललितपुर झापालाई गोलअन्तरमा पछि पार्दै भाग्यमानी ठहरियो।

समान दश अंक जोडेका झापा पाँचौं र बुटवल लुम्बिनी छैटौं स्थानमा रहे। चितवन ९ अंकसहित सातौं र वीरगन्ज आठ अंकसहित आठौं स्थानमै रह्यो। समान ८ अंक भए पनि गोलअन्तरमा इलाम पुछारमा रहेर लिग टुंग्याएको छ। यसपटक नयाँ टोलीको रूपमा आएका इलाम, झापा र वीरगन्ज प्ले-अफमा स्थान बनाउन सकेनन्। अन्तिम खेलमा बुटवलसँग १-० ले पराजित हुँदा वीरगन्ज अभागी बनेको हो। पहिलो संस्करण प्ले-अफ खेलेको बुटवल भने यसपटक अगाडि बढ्न सकेन।

फाइनल प्रवेशका लागि सोमबार शीर्ष स्थानको पोखरा र दोस्रो स्थानको धनगढी भिड्नेछन्। तेस्रो स्थानमा रहेको काठमाडौं र चौथो स्थानमा रहेको ललितपुरले मंगलबार इलिमिनेटर खेल्ने तालिका छ। इलिमिनेटरको विजेता र पहिलो क्वालिफायरमा पराजित हुने टोली पुनः फाइनल पुग्न प्रतिस्पर्धा गर्नेछन्।



काठमाडौंको संघर्ष

प्रतियोगिताको अन्तिम खेलबाट थप एक टोलीको प्ले-अफ टुंगो लाग्यो। त्यो भनेको साबिक विजेता काठमाडौं। उपाधि रक्षा गर्ने प्रशिक्षक बालगोपाल महर्जनको रणनीति भने निकै संघर्षपूर्ण रह्यो। अन्तिम खेलमा करिब सात हजार समर्थकमाझ काठमाडौंले ललितपुरलाई १-० ले हराउँदै प्ले-अफमा स्थान बनायो। तेस्रो स्थान प्राप्त गरेपछि काठमाडौंले आधा घन्टाजस्तो नै खुसियाली मनाएको थियो। स्ट्राइकर हिसुब थपलिया मार्की रहेको काठमाडौंले पहिलो खेलमा इलामलाई १-० ले हराएपछि दोस्रो जित निकाल्न पाँचौं खेल कुर्नु परेको थियो। यतिवेलासम्म प्रशिक्षक महर्जनले हिसुब र कुलदीप कार्कीबाट कप्तानी आर्म ब्यान्ड रक्षक अञ्जन राईलाई सुम्पिएका थिए। अञ्जनको कप्तानीमा काठमाडौंले पोखरा थन्डर्सलाई र ललितपुरलाई हरायो।

काठमाडौंको प्रदर्शन

नतिजा	विपक्षी
१-०	इलाम
१-१	चितवन
०-०	झापा
१-२	बुटवल लुम्बिनी
२-१	पोखरा
१-१	धनगढी
१-४	वीरगन्ज
१-०	ललितपुर

ललितपुरलाई भाग्यको साथ

ललितपुरले प्रतियोगिताअघि जुन प्रकारको वाचा गरेको थियो त्यो भने खेलमा देखिएन। उसले प्ले-अफमा स्थान बनाउन अन्तिम खेल नै कुर्नुपऱ्यो। पछिल्लो दुई खेलमा पराजित भए पनि झापालाई गोलअन्तरमा पछि पार्दै भाग्यशाली रह्यो। चार बराबर खेलेको ललितपुरले अपराजित यात्रा भने सातौं खेलमा टुंग्यायो। टोलीले दुई मात्रै जित निकालेको छ। अस्ट्रेलियन प्रशिक्षक इआन आन्द्रे गिलानको प्रशिक्षणमा ललितपुरले पहिलो खेलमा बुटवल लुम्बिनी र पाँचौं खेलमा चितवनलाई हराएको हो। रक्षक अनन्त तामाङ मार्की रहेको ललितपुर पछिल्लो दुई खेलमा इलाम र काठमाडौंसँग पराजित भयो। उसले पोखरा, धनगढी र झापासँग गोलरहित र वीरगन्ज युनाइटेडसँग २-२ गोलको बराबरीमा खेल्यो।

ललितपुरको प्रदर्शन

नतिजा	विपक्षी
२-०	बुटवल लुम्बिनी
०-०	पोखरा
०-०	धनगढी
२-२	वीरगन्ज
३-१	चितवन
०-०	झापा
०-१	इलाम
०-१	काठमाडौं

पोखरा शीर्ष स्थानमा

प्रतियोगिताअघि कागजमा कमजोर मानिएको पोखरा थन्डर्स शीर्ष स्थानमा रहँदै क्वालिफायर खेल्ने भएको छ। दोस्रो संस्करणमा पोखराले पहिलोपटक प्ले-अफ खेल्ने भएको हो। आइकोनिक खेलाडी दिनेश राजवंशी छनोट गरेको पोखराले लिग चरणका आठमध्ये चार खेल जितेको छ। पोखरा सर्वाधिक खेल जित्ने टोली पनि बन्यो। तीन खेलमा अंक बाड्दा एक खेलमा पराजित भयो। आयुष घलान मार्की रहेको पोखराले अप्रत्याशित नतिजा निकाल्दै १५ अंक जोड्यो। उसका घानाका स्ट्राइकर मोसेस ग्याबा ट्युमले लिग चरणमा पाँच गोल गरेका छन्। वीरगन्जका विलियम ओपोकुले पनि पाँच गोल गरे। नवीन न्यौपाने प्रशिक्षणमा रहेको पोखराले प्रतियोगिताको पहिलो खेलमा चितवन र चौथो खेलमा इलामलाई समान १-० ले हरायो। छैटौं खेलमा वीरगन्ज र सातौं खेलमा बुटवल-लुम्बिनीलाई समान २-१ ले हराएको हो। ललितपुर झापा र धनगढीसँग भने अंक बाँडेको छ। एक मात्रै खेलमा काठमाडौंसँग भने २-१ ले पराजित भयो।

पोखराको प्रदर्शन

नतिजा	क्लब
१-०	चितवन
०-०	ललितपुर
१-१	झापा
१-०	इलाम
१-२	काठमाडौं
२-१	वीरगन्ज
२-१	बुटवल लुम्बिनी
१-१	धनगढी

औसत प्रदर्शनमा धनगढी दोस्रो

घरेलु प्रतियोगिता खेलिसकेका विदेशी खेलाडी साथ पाएको धनगढीले प्रतियोगितामा औसत प्रदर्शन गऱ्यो। साबिक उपविजेता धनगढीले आठमध्ये तीन खेल मात्रै जित्यो। चार खेल बराबरी र एक खेलमा हार व्यहोरेको धनगढीले १३ अंक जोडेको छ। टोलीका नाइजेरियन स्ट्राइकर आफिज ओलावाललले तीन गोल गरेका छन्। लयमा रहेका लेवनानी स्ट्राइकर अहमद हिजाजीले दुई गोल गरे। युगल किशोर राईको प्रशिक्षणमा धनगढीले पहिलो खेलमा वीरगन्जलाई २-१ ले हराउँदा दोस्रो खेलमा बुटवल लुम्बिनीलाई १-० र पाँचौं खेलमा चितवनलाई १-० ले हराएको थियो। आशिष चौधरी मार्की तथा देवेन्द्र तामाङ कप्तान रहेको धनगढीले सातौं खेलमा आएर झापासँग २-० ले हार्दा प्रतियोगितामा अपराजित यात्रा टुंग्यायो। ललितपुर, इलाम, काठमाडौं र पोखरासँग भने धनगढीले अंक बाँडेको थियो।

धनगढीको प्रदर्शन

नतिजा	विपक्षी
२-१	वीरगन्ज
१-०	बुटवल लुम्बिनी
०-०	ललितपुर सिटी
२-२	इलाम
१-०	चितवन
१-१	काठमाडौं
०-२	झापा
१-१	पोखरा

खेल संक्षेप

बुढानीलकण्ठ क्वार्टरफाइनलमा

काठमाडौं/ गोल्डेन गेट र बुढानीलकण्ठ समृद्धि यू-१९ राष्ट्रिय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ क्वार्टरफाइनल प्रवेश गरेका छन्। शनिबार गोल्डेन गेटले रोयल्सलाई ८५-६७ ले पराजित गऱ्यो। गोल्डेन गेटका उर्गेनले २० अंक जोडे। बुढानीलकण्ठले योद्धालाई ७४-४२ ले हरायो। बुढानीलकण्ठका प्रसोन मल्ल ठकुरीले १९ स्कोर गरेका हुन्। पुरुषकै अन्य प्रतिस्पर्धामा टाइम्सले समृद्धिलाई ९०-४९, आइएसए नेपालले ट्रिनिटीलाई ७६-४७, स्नोल्यान्डले एन्जल्स हार्टलाई ८२-७१, ग्रिनफिल्डले ह्वाइट हाउसलाई ८६-७३ र सिसिआरसीले टाइमआउट नेपाललाई ८५-६७ ले पाखा लगाएका छन्।

घोडाघोडी विजयी

धनगढी/ धनगढीमा जारी फारवेस्ट पशुपति कपअन्तर्गत शनिबार भएको खेलमा कैलालीको इलाइट युवा क्लब र घोडाघोडी युवा क्लब विजयी भएका छन्। धनगढी रंगशालामा भएको पहिलो खेलमा इलाइट युवा क्लब अल स्टार्स स्पोर्टस् एकेडेमीलाई १-० ले हराउँदै अन्तिम आठमा प्रवेश गरेको हो। इलाइटको जितमा विदेशी खेलाडी फोफानाले पेनाल्टीमा निर्णायक गोल गरे। दोस्रो हाफमा अल स्टार्सका सौगात मगरले बललाई हातले रोकेपछि पाएको पेनाल्टीलाई फोफानाले गोलमा परिणत गरेका हुन्। उनी नै खेलको म्यान अफ दी म्याच बने। दोस्रो खेलमा घोडाघोडी युवा क्लबले टेकबहादुर चोखाल फाउन्डेसनलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै क्वार्टरफाइनल प्रवेश गरेको छ।

चैतन्य र काठमाडौं जेभियर्सको दोहोरो जित

काठमाडौं/ चैतन्य र काठमाडौं जेभियर्सले १२औँ प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगितामा शनिबार दोहोरो जित हात पारेका छन्। चैतन्यले जुनियर ब्वाइज र महिलातर्फ जित निकालेको हो। जुनियर ब्वाइजमा चैतन्यले काठमाडौं इंग्लिस स्कुल (केइएस)लाई ३७-११ ले पराजित गऱ्यो। चैतन्यको जितमा एलिस तामाङले २१ अंक योगदान गरे। महिलातर्फ अदिति चौधरीको चार अंक सहयोगमा चैतन्यले अल्वर्टलाई ६-२ ले हरायो। जुनियर ब्वाइजमा काठमाडौं जेभियरले एसियन पब्लिकलाई १०-८, हेम्सले अल्बर्टलाई १२-७, इन्नोभेटिभले स्पांगललाई २२-१५ र लिटिल फूलावरले एसियन पब्लिकलाई १५-१३ ले हराएका छन्।

पर्साको लगातार दोस्रो जित



तिवारी यादव/नयाँ पत्रिका

प्रो-क्लब च्याम्पियन टी-२० क्रिकेट प्रतियोगितामा पर्सा ११ ले लगातार दोस्रो तिज निकालेको छ। प्रतियोगिताको तेस्रो दिन शनिबार पर्साले वन्डर क्लब नोयडालाई ५ विकेटले पराजित गरेको हो। नारायणी रंगशालामा नोयडाले दिएको १०२ को लक्ष्य पर्साले पाँच विकेट गुमाउँदै १९.२ बलमा पूरा गरेको हो। पर्साको जितमा पवन सर्राफले खेलको अन्तिममा आक्रामक ब्याटिङ गरे। उनले राष्ट्रिय टोलीका सदस्यसमेत रहेका पवनले १३ बलमा अविजित २७ रनको योगदान गरे। हासिम अन्सारी र अनिल साहले समान २१ इमरान शेखले १४ रन जोडे। नोयडाका सञ्जीव चतुर्वेदी र हर्षित सेठीले समान दुई विकेट लिए। यसअघि नोयडाले पहिलो ब्याटिङ गर्दै १९.५ ओभरमा सबै विकेट गुमाउँदा १०१ बनाएको थियो। नोयडाका अल्पित गुप्ताले २६ बल खेल्दै सर्वाधिक १९ रन बनाए। हर्षित सेठीले १८ रन, र तरुण विष्टले १५ रनको योगदान गरेका थिए। पर्साका कप्तान सन्दीप लामिछानेले चार ओभरमा १४ रन खर्चिएर २ विकेट लिए। पहिलो खेलमा पर्साले उत्तर प्रदेशलाई एक विकेटले पराजित गर्दा नोयडा त्रिभुवन आर्मी क्लबसँग ६ विकेटले पराजित भएको थियो।

पुलिसले युपीलाई हरायो

दिनको पहिलो खेलमा उत्तर प्रदेश (युपी)लाई विभागीय टोली नेपाल पुलिस क्लबले ६ विकेटले पराजित गरेको छ। युपीले दिएको ८९ रनको लक्ष्य पुलिसले १४.२ ओभरमा चार विकेट गुमाउँदै भेट्टाएको थियो। पुलिसका करण राणाले अविजित ३४ रन बनाए। पुलिसका कप्तान आरिफ शेखले २३ र दिलीप नाथले २१ रन जोडे। युपिका अहमदले सर्वाधिक दुई विकेट लिए। यसअघि युपीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ८८ रन बनाएको थियो। निखिल प्रतापले २४, जयदीप सिंहले १७ तथा शुभम चौधरीले १५ रन जोडेका थिए। पुलिसका रसिद खानले सर्वाधिक तीन विकेट लिए। करण केसी र सागर ढकालले समान दुई विकेट लिएका हुन्।

रसिला र प्रिन्स च्याम्पियन

नयाँ पत्रिका

युवा ब्याडमिन्टन खेलाडीद्वय रसिला महर्जन र प्रिन्स दाहालले ललितपुर मेयर कपको उपाधि जितेका छन्। त्रिभुवन आर्मी क्लबकी रसिला र सशस्त्र प्रहरी बल एपिएफका प्रिन्सले ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजना तथा बालकुमारी रिमिक्स क्लबको सहआयोजनामा भएको प्रतियोगिताका दुवै संस्करणको उपाधि जितेका हुन्। महिला एकलतर्फ रसिलाले आफ्नै क्लबकी अनुमाया राईलाई २१-९ र २१-१५ ले पराजित गरिन्। नेपाल पुलिसकी निता लम्साल र आर्मीकै रेहना शेरचन संयुक्त तेस्रो भएका छन्।

प्रिन्सले आर्मीका प्रफुल महर्जनलाई २१-१४ र २१-१७ ले पराजित गरेका हुन्। पुलिसका विष्णु कटुवाल र जीवन आचार्य संयुक्त तेस्रो हुन सफल भए। विजयी खेलाडीहरूले नगद ४० हजार, उपविजयी खेलाडीले नगद २० हजार तथा संयुक्त तेस्रोले जनही १० हजार प्राप्त गरेका छन्।

पुरुष युगल (शीर्ष २० वरीयताबाहेक)को उपाधि कास्कीका विधान अधिकारी र आर्मीका पविन लिनथेपको जोडीले उचालेका छन्। उक्त जोडीले बालकुमारी रिमिक्स क्लबका ससिन डंगोल र सुमन शाक्यको जोडीलाई २१-१२ र २१-१४ ले पराजित गरे। आर्मीका विवेक चौधरी र पविन लिनथेप तथा नरेन्द्र बम र हिमाल चन्द संयुक्त तेस्रो भएका छन्।

यू-१७ पुरुषतर्फ आर्मीका कविर केसीले आर्मीकै अभय महरालाई २१-९ र २१-४ ले पराजित गर्दै उपाधि जितेका छन्। तेस्रो स्थानमा गुल्मीका जेनिस शेरचन र आर्मीकै सुप्रिम पन्थ रहे।

महिला यू-१७ मा आर्मीकै रेहाना शेरचन च्याम्पियन भइन्। पुरुष ४५ वर्षमाथिको युगलतर्फको खेलमा कास्कीका राजेश गुरुङ र शम्भुकुमार श्रेष्ठ विजेता बने। विजयी खेलाडीलाई ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु



महर्जन, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, महासचिव वीरेन्द्रबहादुर श्रेष्ठलगायतले पुरस्कार वितरण गरेका थिए। पाँच दिनसम्म सञ्चालन भएको प्रतियोगितामा दुई सय ६७ खेलाडीहरूले विभिन्न ६ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए।

एक्सिलेन्स सेन्टरको सहज जित

नयाँ पत्रिका

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता छनोटका लागि काठमाडौं जिल्ला छनोटमा शनिबार क्रिकेट एक्सिलेन्स सेन्टरले जेम्स थन्डर्स क्रिकेट क्लबमाथि एक सय ६७ रनको सानदार जित निकालेको छ। मूलपानी तल्लो मैदानमा एक्सिलेन्सले दुई सय दुई रनको लक्ष्य प्रस्तुत गरेको थियो। जेम्सले १२.४ ओभरमा सबै विकेट गुमाउँदा मात्र ३४ रन बनाउन सक्यो। जेम्सका कुनै पनि ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्। क्रिकेट एक्सिलेन्स सेन्टका मनोज यादवले ४.४ ओभरमा मात्र ११ रन खर्चिँदै ८ विकेट लिए। यसैगरी, सोनु देवकोटाको नाममा एक विकेट रह्यो।

त्यसअघि टस हारेर ब्याटिङ गरेको एक्सिलेन्सले निर्धारित २५ ओभरमा पाँच विकेट गुमाउँदै २०१ रनको योगफल तयार पारेको थियो। क्रिकेट एक्सिलेन्सका लागि विवेक तामाङले शतकीय इनिङ्स खेले। उनले ७८ बलमा सात चौका र तीन छक्काको मद्दतले एक सय रनको योगदान गरेका हुन्।

कप्तान रित गौतमले ४६ र रोशन लामाले ३२ रन बनाए। विवेकले पहिलो विकेटका लागि रितसँग एक सय र चौथो विकेटका लागि रोशनसँग ९० रनको साझेदारी गरेका हुन्। जेम्सका लागि शीर्षक शर्माले तीन र आक्रिस पौडेलले एक विकेट लिए। अर्को खेलमा फरेवर ब्वाइज क्रिकेट क्लबले हिमालयन क्रिकेट एकेडेमीलाई ६ विकेटले हराएको छ।


हिमालाई उपाधि

मानदत्त रावल/नयाँ पत्रिका

जुम्लाको तातोपानी गाउँपालिकाको हाँकुचौरमा सम्पन्न १४औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्डको उपाधि हिमा गाउँपालिकाले जितेको छ। आठ पालिकामध्ये पातारासी र गुठीचौर गाउँपालिकाबाहेक ६ पालिकाले सहभागिता जनाएको प्रतियोगितामा हिमा २० स्वर्ण पदकसहित च्याम्पियन भएको हो। हिमाले कराँतेतर्फ १२, १५ सय मिटर दौडमा छात्रा-छात्रतर्फ दुई, तीन हजार मिटर दौड छात्रतर्फ एक, हाई जम्प, लङ जम्प र ट्रिप्पल जम्पतर्फ एक-एकसहित जम्मा २० वटा स्वर्ण पदक जितेको हो। थप आठ रजत पदक जितेको टोलीलाई बाजागाजासहित पालिकामा स्वागत गरिएको थियो।

यद्यपि, प्रतियोगिता विवादमुक्त रहन सकेन। चन्दननाथ नगरपालिकाले आयोजकको निर्णयप्रति असहमति जनाएको थियो। चन्दननाथ १२ स्वर्ण पदकसहित दोस्रो भयो। तेक्वान्दो र उसुतर्फको खेलमा आयोजकले झेली गरेको भन्दै चन्दननाथले पुरस्कारसमेत लिएन। सिंजा गाउँपालिका- २ स्वर्ण पदकसहित तेस्रो भएको छ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com